सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष १३ • अंक ३४ • काठमाडौं, शुक्रबार, पुस २७, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Jan. 11, 2008 य रु. ८/-




# विद्यार्थी र मोबाइल फोन






दरिलो स्रोतको तयारीका लागि कलेज धाइरहेका विद्यार्थीहरूलाई मोबाइल फोन प्रयोग गर्ने रहर एकातिर छ भने यसका लागि लाग्ने लागत खर्चको जोहो गर्नुपर्ने बाध्यता अर्कातिर छ। बाबुआमाकै सम्पत्तिमा रमाएका भए पनि नियन्त्रित रूपमा यसलाई प्रयोग गर्नुपर्ने आवश्यकता उनीहरूमा हुन्छ। यी सबै हुँदाहुँदै पनि कलकलाउँदो उमेरमा प्रविधिको पर्याप्त प्रयोग गर्ने रहर पनि सबैमा हुने नै भयो, तर के प्रविधिलाई सही रूपमा प्रयोग गरेर यसबाट आवश्यक फाइदा समेत प्राप्त गर्न नेपाली विद्यार्थीहरू सफल भएका छन् ? यसमा भने आशालाग्दो उत्तर प्राप्त गर्न गाह्रै हुन्छ।

खल्तीमा मोबाइल भए पनि कक्षा सञ्चालनको समयमा मोबाइलको प्रयोग निषेध हुन्छ, तर यो अवस्थामा पनि कानमा इयर फोन घुसाएर खल्तीमा भएको मोबाइल फोनबाट विद्यार्थीले आनन्दसँग म्युजिक सुनेको पनि पाइन्छ। कस्मोपोलिटन कलेजका पवन बमजन भन्छन्- अझ अहिले त जाडो मौसम छ। जाडो मौसम यसका लागि गतिलो बहाना बनिदिन्छ। कान ढाक्ने गलबन्दीले यसलाई लुकाउन निकै सहयोग पुऱ्याउँछ। जुनसुकै कलेजका कुनै न कुनै विद्यार्थी यस्तो कार्यमा संलग्न हुन्छन्। आफूलाई

• एकराज सुवेदी

अहिले अधिकांश विद्यार्थीबीच सम्पर्कको माध्यम मिस कल भएको छ। मोबाइल खल्तीमा त छ तर पैसा छैन। अधिकांश विद्यार्थीको मोबाइल फोनमा एक-दुई रुपैयाँ मात्र बाँकी हुन्छ। अझ कतिको त ब्यालेन्स पैसामा मात्र भएको पाइन्छ अनि कुनै साथीलाई सम्झिए मिस कल गरिन्छ। उताबाट उसले पनि मिस कल फर्काउँछ। कतै मौका मिलेर निःशुल्क फोन भेट्टाइहाले कल पनि गरिन्छ।

विद्यार्थीहरूबीचको यो यथार्थतालाई उजागर गरेका हुन् स्वयं विद्यार्थीहरूले नै। उनीहरूबीच मोबाइल फोनको प्रयोगका बारेमा रहेका विभिन्न तथ्यको खोजी गर्ने सन्दर्भमा यी कुरा अगाडि आएका हुन्। साप्ताहिकले विद्यार्थीहरूका लागि मोबाइल फोन कति आवश्यक छ भन्ने विषयमा विभिन्न कलेजका विद्यार्थीहरूसँग विभिन्न प्रश्न गऱ्यो। उत्तर खोज्ने क्रममा क्यापिटल हिल कलेजका प्रेम खड्का र राजीव श्रेष्ठ, कस्मोपोलिटन कलेजका पवन बमजन र दाग्याल्जेन शेर्पा तथा कोटेश्वर क्याम्पसकी उर्मिला बस्नेत एकै स्थानमा जम्मा भएका थिए। उनीहरू सबैले पढाइ र अन्य शैक्षिक कार्यक्रमका लागि साथी र शिक्षकहरूसँग सम्पर्क गर्न तथा घरमा समेत सम्पर्क गर्न मोबाइल फोन एकदमै आवश्यक छ, तर यसको सदुपयोग हुनुपर्छ भन्ने निष्कर्ष निकाले।

समयको प्रवाहसँगै अधिकांश नेपालीको खल्तीमा मोबाइल फोन देखिन थालेको छ। यो तथ्यबाट विद्यार्थीहरू पनि अछुतो छैनन्। सामान्यतः आम्दानीविहीन र भविष्यमा आम्दानीको अलि सजिलो लाग्ने टपिक्स छ र सुन्न मन लागेन भने टाइम पासका लागि पनि यसो गरेको पाइन्छ। राजीवले भने सरले बोलाउँदा समेत नसुन्ने विद्यार्थी पनि भएको बताए। कक्षा चलिरहेको अवस्थामा यति व्यस्त हुन्छन् कि शिक्षकले बोलाएको समेत थाहा पाउँदैनन्। यो अवस्थामा सजाय पाउने बाहेक के विकल्प हुन्छ र ?

बाँकी पृष्ठ ५ मा

## जापानमा मोबाइल फोनमा कलेज कोर्स

जापानको साइबर युनिभर्सिटीले मिस्ट्रिज अफ द पिरामिड्स नामक कोर्सको अध्यापन मोबाइल फोनमार्फत् गराउन थालेको छ। पावर प्वाइन्ट प्रिजेन्टेसनको सहायताले यो अध्यापन हुन्छ। यो युनिभर्सिटीमा सफ्टब्यांक नामक मोबाइल सेवा प्रदायक संस्थाको ७१ प्रतिशत सेयर छ। युनिभर्सिटीमा १ सयभन्दा बढी विषय पढाइ हुन्छ तर पनि सुरुवातका रूपमा एउटा विषय मात्र रोजिएको छ। अन्य स्थानमा जागिर गर्नेहरु तथा अपांगहरुलाई समेत सजिलो होस् भनेर यस प्रकारको सेवा सुरु गरिएको जानकारी युनिभर्सिटीका प्रमुख साकोजी योसिमुराले दिएका छन्।

## भारतीय विद्यार्थीहरूमा तनाव

पंकज कक्षा ११ का विद्यार्थी हुन्। उनीसँग तीनवटा मोबाइल छन्। उनी तीमध्ये एउटा गर्लफ्रेन्डसँग सम्पर्क गर्न, अर्को एडल्ट मल्टिमिडिया क्लिप्स हेर्न र अर्को बुबाआमा र नातेदारहरूसँग सम्पर्क गर्न प्रयोग गर्छन्। यस्तै अवस्था आदित्यको पनि छ। उनी कक्षा १२ का विद्यार्थी हुन्। आदित्य भन्छन्- म प्रत्येक दिन १ सय रुपैयाँको रिचार्ज गर्छु जसअनुसार मेरो मासिक ३ हजार रुपैयाँ मोबाइलका लागि मात्र खर्च हुन्छ। घरबाट मोबाइलका लागि उनीहरूलाई मासिक ५ सय रुपैयाँ मात्र उपलब्ध हुन्छ। यसका लागि उनीहरू सफ्ट स्टिलिङको सहारा लिन्छन्। घरमा कसैले थाहै नपाउने गरी पैसा चोर्नुलाई सफ्ट स्टिलिङ भनिन्छ।

पंकज र आदित्य भारतीय कलेजका विद्यार्थी हुन्। भारतको दिल्ली युनिभर्सिटीका प्रोफेसर गुञ्जन मदानले गरेको अध्ययनबाट यी तथ्य बाहिर आएका हुन्। उनले राजधानी दिल्लीका १८ विभिन्न विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीहरूमा यो अध्ययन गरेका थिए। मध्यम तथा उच्च मध्यमवर्गीय परिवारका विद्यार्थीहरूमा यो अध्ययन गरिएको थियो। गत महिना मुम्बईमा भएको इन्डियन एसोसिएसन फर चाइल्ड एन्ड एडोलोसेन्ट मेन्टल हेल्थमा यी तथ्य प्रस्तुत गरिएका थिए। उनले १० जना विद्यार्थीका आमाहरूसँग पनि अन्तर्वार्ता लिएका थिए तर आमाहरूलाई उनीहरूका छोराछोरीले कुन प्रयोजनका लागि मोबाइल फोन प्रयोग गर्छन् भन्ने कुराको जानकारी थिएन।

प्लस टु लेवलका विद्यार्थीहरूमा वयस्क चलचित्र हेर्ने लहर नै चलेको छ। कक्षा चलिरहेको अवस्थामा पनि भित्री कपडाको खल्तीमा राखेर उनीहरू यस्ता चलचित्र हेर्छन्। यस प्रकारका चलचित्र दृश्यहरू आफ्नो मोबाइलमा नहुँदा उनीहरूमा एक प्रकारको हीनताबोध हुन्छ। यसका लागि उनीहरू सफ्ट स्टिलिङ गर्नुका साथै झूटो बोलेर विभिन्न बहानाका साथ बाबुआमाबाट पैसा लिन्छन्। यसका लागि उनीहरू अनेकौं हथकण्डा अपनाउन बाध्य हुन्छन्। पैसा जुटाउने उपाय खोज्दा उनीहरूमा एक प्रकारको तनावको अवस्था समेत रहेको पाइएको छ।




साइबर गर्ल श्रृजु उदास

पृष्ठ ४ मा

## जाडो र स्वास्थ्य

पृष्ठ २१ मा



## बलिष्ठ पर्यटनकर्मी

पृष्ठ ४ मा





मध्यपृष्ठमा सुशोन के.सी.

## क्यासेट

### मोबाइलमा मिसकल




गायक लोकनाथ सापकोटाको व्यङ्गात्मक दोहोरी गीतिसंग्रह 'मोबाइलमा मिसकल' श्रोतामाझ आएको छ। लोक पप, र्‍याप रिमिक्स तथा दोहोरी धमाका भनिएको यो गीतिसंग्रहलाई रञ्जना म्युजिक इन्डस्ट्रिजले बजारमा ल्याएको हो। संग्रहमा शब्द तथा लय लोकनाथ सापकोटा र शालिग्राम अधिकारीको छ। संग्रहको भाग १ मा तिम्रो बानी नजाती, नेपालमा हिन्दी भाषा एवं दोस्रो भागमा वसन्ती पञ्चैबाजामा, ओ सरकार रोजगार दिलाइदेऊ न, गणतन्त्र जिन्दावाद गीत समावेश छन्। त्यस्तै गायनमा माण्डवी त्रिपाठी, यशोदा कर्माचार्य, लक्ष्मी न्यौपाने तथा जमुना गहतराजले गायकलाई साथ दिएका छन्।

### लभ सिक्सटिन




गायक युवराज हिङमाङको एकल गीतिसंग्रह 'लभ सिक्सटिन' श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरलेब जारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। गीतिसंग्रहमा शब्द संगीत पनि गायक हिङमाङ स्वयंको छ।

### पल एन्ड प्रहिल




गायकद्वय पल बस्नेत र प्रहिल श्रेष्ठको गीतिसंग्रह 'पल एन्ड प्रहिल' श्रोतामाझ आएको छ। नौवटा गीत समाविष्ट यो संग्रहमा शब्द रचना फिरोज, प्रताप, पल, प्रहिल, बाबा बस्नेत तथा पौल घोषको छ। त्यसैगरी संगीत फिरोज, पल, पौल घोषको छ।

## रंगमञ्च

-झापा तोपगाछीस्थित हिमाली गुराँस नाट्यसमूहले आफ्नो छैटौं वार्षिकोत्सवको उपलक्ष्यमा गत साता तीनवटा नाटक मञ्चन गर्‍यो। त्रिलोचन कोइरालाको लेखन तथा निर्देशन रहेका नाटकहरू सहिद, सालिक र सम्मानलाई स्थानीय रंगकर्मी एवं दर्शकहरूमाझ प्रस्तुत गरिएको थियो। वर्तमान राजनैतिक परिवेशलाई आधार बनाएर तयार भएका तीनवटै नाटक मर्मस्पर्शी थिए।

-प्राध्यापक संजीव उप्रेतीले लेखेको उपन्यास 'घनचक्कर' लाई नाट्य समूह आरोहण गुरुकुलले गत सोमबार पहिलो पटक भारतको नयाँदिल्लीमा मञ्चन गरेको छ। नवौं भारत रंग महोत्सवका अवसरमा उक्त नाटक मञ्चन गरिएको हो। देशको पागलपन र त्यसले असर गर्ने व्यक्तिको पागलपनको विषयवस्तु रहेको उपन्यास घनचक्करको नाटक श्रृङ्खलामा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठकका साथै गुरुकुलका अन्य कलाकारले अभिनय गरेका थिए।। नाटकका निर्देशक सुनील पोखरेलका अनुसार यो नाटकलाई माघ ९ गतेदेखि चैत २ गतेसम्म गुरुकुलस्थित रिमाल थियटरमा मञ्चन गरिनेछ।

## ग्यालरी

-कलाकार विजय थापाको एकल चित्रकला प्रदर्शनी पार्क ग्यालरी लाजिम्पाटमा सञ्चालन भैरहेको छ। गत पुस ९ गते प्रारम्भ भएको उक्त चित्रकला प्रदर्शनी पुस ३० गतेसम्म चल्नेछ। चित्रकला प्रदर्शनीको शीर्षक 'हिमालयन हार्मोनी' राखिएको छ।

-तिब्बती कलाकारहरूको सामूहिक चित्रकला प्रदर्शनी गत बुधबारदेखि सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा प्रारम्भ भएको छ। माघ ९ गतेसम्म चल्ने उक्त प्रदर्शनीमा १२ जना तिब्बती कलाकारले कोरेका चित्रहरू राखिएका छन्।

- कलाकार गौरी श्रेष्ठले एक दशकयता कोरेका चित्रहरूको प्रदर्शनी गत आइतबार सम्पन्न भएको छ। जाउलाखेलस्थित ललितपुर झ्याली कलेजमा आयोजित उक्त प्रदर्शनीको उद्घाटन त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमा, वरिष्ठ कलाकारद्वय वत्सगोपाल वैद्य तथा शशिविक्रम शाहले संयुक्त रूपमा गरेका थिए। व्यक्तिचित्र, दृश्यचित्र, देवीदेवताका चित्रलाई रङको प्रयोग नगरी कलाकार श्रेष्ठले प्रस्तुत गरेका थिए।

-कलाकार जीवनाथ पोखरेलको तेस्रो एकल चरा चित्रकला प्रदर्शनी गत बुधबार सम्पन्न भएको छ। इनरुवामा बस्दै आएका कलाकार पोखरेलको प्रदर्शनी नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा भएको थियो। 'कोसीटप्पु र यसका वरपरका पक्षीहरूसँग हाम्रो सम्बन्ध' शीर्षकको उक्त प्रदर्शनीमा राखिएका चित्रहरूमा कोसीटप्पु क्षेत्रमा पाइने विभिन्न चराको स्वरूपलाई उतारिएको छ।

## पुस्तक

### थोपा-थोपा जिन्दगी

प्रसिद्ध व्यङ्ग्य कवि लक्ष्मण नेवटियाको 'थोपा थोपा जिन्दगी' हाइकु-संग्रह सार्वजनिक भएको छ। वर्तमान विसंगतिहरूमाथि कटाक्ष गर्न सफल नेवटियाका रचनामा जीवन र जगत्प्रति गहिरो अन्तर्दृष्टि पाइन्छ। विराटनगरमा बसी अनवरत रूपमा साहित्य सृजना गर्दै आएका कवि लक्ष्मण नेवटियाका 'लक्ष्मणका कुतकुती' लगायत चारवटा कृति प्रकाशित छन्।

### चलचित्रका सारथी

लेखक यम चौलागाईंले नेपाली चलचित्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिहरूको शब्दचित्र समेटेर पुस्तक 'चलचित्रका सारथी' सार्वजनिक गरेका छन्। पुस्तकलाई सजिलो बनाउन लेखकले १५ खण्डमा विभाजन गरेर चलचित्रको हरेक विधामा उपस्थिति जनाएका सबैलाई समेट्ने प्रयास गरेका छन्। ३ सय ७२+२० पृष्ठमा फैलिएको यो पुस्तकको प्रकाशन लेखक आफैंले गरेका हुन्। पुस्तकको मूल्य व्यक्तिगत १ हजार रुपैयाँ तथा संस्थागत २ हजार रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता राम्रो छ। पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। अरूबाट प्रशंसा पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हासिल होला। सोमबार र मंगलबार खर्च तथा विवाद बढ्ने, स्वास्थ्य गडबड रहने एवं काममा अवरोध आउने योग छ।

### वृष

समय राम्रो छ। मन प्रसन्न रहला। कामकाजमा सफलता मिल्नेछ। भाग्यले पनि साथ दिनेछ। मानसम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा स्वास्थ्य गडबड रहने योग छ।

### मिथुन

नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सोमबारदेखि मानसम्मान मिल्नेछ भने काममा सुधार आउनेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### कर्कट

स्वास्थ्य गडबड हुनसक्छ। मन दुःखी रहनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन एवं धनमाल हराउन सक्छ। शरीरमा चोटपटक लाग्ने सम्भावना पनि देखिन्छ। सोमबार तथा मंगलबार मानसम्मान मिल्नेछ। यात्रा हुने योग छ। अध्ययनमा सफलता पाइनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### सिंह

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। सुरुमा धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। अध्ययनमा सफलता पाइनेछ। भेटघाटले मन प्रसन्न गराउला। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शत्रु सक्रिय रहनेछन्। झूटा आरोप पनि लाग्न सक्छ।

### कन्या

परिश्रम गर्नुपरे पनि काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ भने नयाँ काम पनि पाइन सक्छ। यात्रा हुने देखिन्छ। अध्ययनमा सुधार आउनुका साथै आफन्तहरूको सहयोग पाउनुहोला। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### तुला

गलत विचार बढ्नाले काम बिग्रन सक्छ। अरूबाट आलोचना पनि हुनसक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। मन चञ्चल रहला। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। भेटघाटले मन प्रसन्न गराउला। अरूबाट प्रशंसा पनि पाउनुहोला।

### वृश्चिक

घरेलु समस्याले सताउन सक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। गलत विचार बढ्नेछ भने काममा समस्याहरू देखा पर्न सक्छन्। शत्रुले तपाईंको प्रतिष्ठा गिराउने प्रयत्न गर्नेछन्। धनमाल हराउन सक्छ। सोमबार तथा मंगलबार सोच्ने शक्तिका साथै व्यवसाय बढ्ने, यात्रा हुने एवं अध्ययनमा सफलता पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### धनु

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। अरूको विश्वास जित्न सकिनेछ। बोलीको प्रभाव बढ्नेछ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। आम्दानीको मार्ग त्यति अनुकूल देखिँदैन। खर्च बढ्ने क्रम यथावत् रहनेछ।

### मकर

विवादबाट टाढै सजग रहनुहोला। मन दुविधाग्रस्त हुनसक्छ। झूटा आरोप पनि लाग्न सक्छ। स्वास्थ्य गडबड रहन सक्छ। सोमबारदेखि पराक्रम एवं सोच्ने शक्ति बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा मन जानेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ।

### कुम्भ

साता राम्रो छ। मन प्रसन्न रहला। कामकाजमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता पाउन प्रयत्न गर्नुपर्नेछ। सफलता पाउन धैर्य गर्नुका साथै गोपनियतामा जोड दिनु होला।

### मीन

खर्च अलि बढी नै होला। मनलाई सम्हाल्न गाह्रो हुनेछ। घरेलु समस्याले सताउन सक्छ। विश्वास दिलाएर फसाउनेहरू प्रशस्तै हुनेछन्। सोमबारदेखि मानसम्मान पाइनेछ भने अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। धन आर्जन गर्ने अवसर प्राप्त होला। भेटघाटमा प्रसन्नता बढ्नेछ। धार्मिक कार्यमा मन जानेछ।

### यो साताको पञ्चाङ्ग

माघ १ गते : मकर संक्रान्ती, थारु समुदायको माघी पर्व, सूर्य उत्तरायण हुने

## साता संक्षेप

**पुस २० गते शुक्रबार**

- संयुक्त अनुगमन समन्वय समितिको ६१ औं बैठकद्वारा माओवादी सेनाको प्रमाणीकरण प्रक्रियाबाट प्राप्त नतिजालाई औपचारिक स्वीकृति प्रदान।
- साउदी अरेबियाका लागि नेपाली राजदूत हमिद अन्सारी नियुक्त।

**पुस २१ गते शनिबार**

- व्यवस्थापिका संसद्बाट संविधानसभा निर्वाचनसम्बन्धी तीन ऐन संशोधनसहित पारित।
- नेपाल विद्युत् प्राधिकरणद्वारा साताको १५ घन्टा विद्युत् आपूर्ति कटौती गर्ने निर्णय।

**पुस २२ गते आइतबार**

- गाविस सचिवहरूद्वारा आन्दोलनको नयाँ कार्यक्रमको घोषणा।
- ककनीबाट वनभोजबाट फर्कने क्रममा स्कुल बस दुर्घटना हुँदा ३ जनाको मृत्यु, दर्जनौं घाइते।
- नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को केन्द्रीय समितिको बैठक काभ्रेमा प्रारम्भ।

**पुस २३ गते सोमबार**

- सवारी चालकलाई ट्राफिक नियम सिकाउन श्रम तथा यातायात व्यवस्थामन्त्री रमेश लेखक सडकमा।
- नेपाल वायु सेवा निगमको अध्यक्षमा डा. गोविन्दबहादुर थापा तथा महाप्रबन्धकमा केबी लिम्बु नियुक्त।

**पुस २४ गते मंगलबार**

- माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा कर्मचारी संचय कोषले १२ अर्ब रुपैयाँ लगानी गर्ने।
- नेपाल टेलिकमद्वारा आगामी फागुन १ गतेदेखि सबै किसिमका टेलिफोन महसुल घटाउने निर्णय।
- संविधानसभा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगद्वारा नयाँ दल दर्ताका लागि आह्वान।

**पुस २५ गते बुधबार**

- व्यवस्थापिका संसद्मा रिक्त रहेको ६ स्थानमा नेपाली कांग्रेस तथा राप्रपाद्वारा ३-३ सांसद नियुक्त।
- जापानद्वारा पनि नेपालबाट म्यानपावर एजेन्सीमार्फत प्रशिक्षार्थी कामदार लाने निर्णय।
- सरकारद्वारा गाविस सचिवहरूलाई अतिरिक्त कामबापत मासिक १ हजार रुपैयाँ थप सुविधा दिने निर्णय।
- नेकपा माओवादीद्वारा बुधबारदेखि ३ दिने अछाम बन्दको घोषणा।

# कान्तिपुर एफएम अधिराज्यभर

साप्ताहिक समाचार

आकर्षक मञ्चमा उत्कृष्ट कोरियोग्राफीका साथ प्रारम्भ भएको कान्तिपुर एफएमको नवौं वार्षिकोत्सव कार्यक्रमले त्यही दिनदेखि आफ्नो रेडियो प्रसारण देशव्यापी भएको घोषणा गर्‍यो। गत शुक्रबार वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित भव्य कार्यक्रमबीच कान्तिपुर एफएम प्रालिका अध्यक्ष हेमराज ज्ञवालीले औपचारिकता पूरा गर्दै कान्तिपुर ९६.१ मेगाहर्जबाट आफ्नो नियमित प्रसारण आरम्भ गरेको थियो। रेडियो प्रसारणमा नयाँ ट्रेन्ड विकास गर्न सफल कान्तिपुर एफएमले वार्षिकोत्सव कार्यक्रममा उत्कृष्ट तीन विज्ञापन एजेन्सी, उत्कृष्ट दस गीतकार, उत्कृष्ट दस म्युजिक डाइरेक्टर, उत्कृष्ट दस आधुनिक गायिका, उत्कृष्ट दस आधुनिक गायक, उत्कृष्ट दस लोकगीत, उत्कृष्ट दस पप गायिका, उत्कृष्ट दस पप गायक तथा उत्कृष्ट



एफएम रेडियो कान्तिपुरमा परिणत भएको बताए। अध्यक्ष ज्ञवालीले रेडियो कान्तिपुरले श्रोताका चाहनालाई मध्यनजर गरेर स्तरीय कार्यक्रममा ध्यान दिने बताएका थिए। ज्ञवालीले भने– 'भरतपुर, पोखरा, वीरगन्ज, नेपालगन्ज, धनगढी, भैरहवा प्रसारण प्रारम्भ भएपछि कान्तिपुर रेडियो ६८ लाखबाट १ करोड ७५ लाख श्रोतासम्म पुगेको छ।'

रेडियो राष्ट्रको अर्थात स्टेसन अफ दि नेसनलाई मुख्य जिङ्गल बनाएको कान्तिपुर एफएमले यसपटकको वार्षिकोत्सव कार्यक्रमलाई यसअघिको भन्दा आकर्षक बनाउन सबै पक्षमा ध्यान दिएको थियो। राम्रो कार्यक्रमसहित वार्षिकोत्सव मनाउने क्रममा निर्धारित समयभन्दा केही ढिलो कार्यक्रम गर्‍यौं, स्टेसन म्यानेजर प्रभात रिमाल भन्छन्– 'कान्तिपुर एफएमलाई मुलुकभरका श्रोताले सुन्ने भएकाले कान्तिपुर रेडियोले थप जिम्मेबारी आएको महसुस गरेको छ।'

रेडियो कान्तिपुरका सम्पूर्ण कर्मचारी एकसाथ मञ्चमा देखापरेपछि प्रारम्भ भएको वार्षिकोत्सव कार्यक्रम कान्तिपुर एफएम तथा कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको थियो। १२ वर्षअघि रेडियो नेपालको एक सय मेगाहर्जको केही समय खरिद गरेर स्थापना भएको कान्तिपुर एफएमले ९ वर्षअघि आफ्नै फ्रिक्वेन्सी

दस ब्यान्डको नाम सार्वजनिक गर्दै सर्वोत्कृष्ट हुनेहरूलाई सम्मान गरेको थियो। (हेर्नुहोस् बक्स) वर्षभरि एफएममा बजेका गीतको संख्याका आधारमा उक्त सम्मान एवं रोयल्टी प्रदान गरिएको थियो।

कार्यक्रममा गीत–संगीतको क्षेत्रमा लामो समयदेखि सक्रिय सर्जक धर्मराज थापालाई लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो। हरियो डाँडामाथि हलो जोत्ने साथी, आज मादल बजेको किन जस्ता लोकप्रिय गीत संकलन गरेर गाएका ८४ वर्षीय गायक थापालाई एफएमका अध्यक्ष ज्ञवालीले ट्रफी सहित सम्मानपत्र प्रदान गरेका थिए। केही समयअघि मात्र दिवंगत भएकी गायिका कोइलीदेवीलाई पनि वार्षिकोत्सव कार्यक्रमले सम्झियो। कान्तिपुर एफएमका आरजे हेम सुवेदीले कालजयी गीतकी स्रष्टा कोइलीदेवीका सिर्जनालाई मुलुकभरका श्रोताबीच पुर्‍याउन कान्तिपुर एफएमले पहल प्रारम्भ गरेको बताए। कोइलीदेवीको सम्मानमा गायिकाहरू नलिना चित्रकार, प्राश्ना शाक्य, जुना प्रसाईं, राधी क्षेत्रीले उनकै गीत गाएका थिए। त्यसबाहेक कार्यक्रममा कलाकारहरू कुन्ती मोक्तान, निमा रुम्बा, आगन्तुक खरेल, रेश्मा सुनुवार, रजनी कायस्थ, हेमन्त शर्मा, राजु परियार, मन्त्र ब्यान्ड, आस्था ब्यान्डका नरेन, दिव्य सुब्बा एवं मिङ्मा शेर्पाले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए। वार्षिकोत्सव कार्यक्रमलाई आरजेहरू पवन, महेश, आशिष, प्रसन, सुमित, शिक्षा, कृताञ्जली, मानभी, नम्रता, सविना, सम्बृद्धि, रजनी, अनामिका, हेम, प्रतिमा, अम्बिका, प्रज्ञान, प्रज्वल, भूमिका, समिर तथा रेमोनले सञ्चालन गरेका थिए।



### उत्कृष्ट दस आधुनिक गायक

रामकृष्ण ढकाल
राजेश पायल राई
आनन्द कार्की
जगदीश समाल
उदितनारायण झा
दीपक खरेल
उदय सोताङ
यम बराल
नारायण गोपाल
हेमन्त शर्मा

### उत्कृष्ट दस आधुनिक गायिका



रिमा गुरुङ
कुन्ती मोक्तान
साधना सरगम
दीपा झा
मनिला सोताङ
सपना श्री
पवित्रा सुब्बा
सुस्मित गुरुङ
देविका प्रधान
अञ्जु पन्त

### उत्कृष्ट दस पप गायक

नवीन के भट्टराई
निमा रुम्बा
सुगम पोखरेल
सबिन राई
दीपेशकिशोर भट्टराई
यश कुमार
सुदीप गिरी
धिरज राई
बाबु बोगटी
भरत सिटौला

### उत्कृष्ट दस पप गायिका

मौसमी गुरुङ
नलिना चित्रकार
सिने गुरुङ
पूजा राई
प्रीति कौर
शीतल/सुवानी मोक्तान
प्राश्ना शाक्य
जुना प्रसाईं
आगन्तुक खरेल
रिजा उप्रेती

### उत्कृष्ट दस लोकगायक-गायिका

राजु परियार
विष्णु माझी
विमाकुमारी दुरा
लक्ष्मी न्यौपाने
मिलन लामा
पुरुषोत्तम न्यौपाने
भगवान भण्डारी
नन्दकृष्ण जोशी
विष्णु खत्री
रामचन्द्र काफ्ले

### उत्कृष्ट दस रचनाकार

कालिप्रसाद रिजाल
दिनेश अधिकारी
कृष्णहरि बराल
नवराज लम्साल
बुद्धवीर लामा
रमण घिमिरे
आनन्द अधिकारी
क्षेत्रप्रताप अधिकारी
शिला पन्त
एकनारायण भण्डारी

### उत्कृष्ट दस संगीतकार

शम्भुजित बाँस्कोटा
सुरेश अधिकारी
आलोक श्री
दीपक जंगम
शक्ति बल्लभ
शिलाबहादुर मोक्तान
राजु सिंह
न्हुयु बज्राचार्य
सचिन सिंह
बिजु बज्र

### उत्कृष्ट दस ब्यान्ड

१९७४ एडी
मंगोलियन हर्ट
कर्मा
एमटी ८८४८
द एक्स
मन्त्र
रविन एन्ड द न्यु रिभोलुसन
नेपथ्य
आस्था
जेपीटी




## नयाँ गृहमन्त्रीको खोजी

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गृहमन्त्री कृष्णप्रसाद सिटौलाको विकल्प खोज्ने निर्णय गर्नुभएको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। समाचारअनुसार नयाँ गृहमन्त्रीका लागि अहिले नेपाली कांग्रेसभित्र डा. रामवरण यादव तथा विजयकुमार गच्छेदार चर्चामा छन्। आफ्ना अत्यन्त विश्वासपात्र महन्थ ठाकुरले पार्टी परित्याग गरेपछि मधेसमा पार्टी संगठन सुधार्न प्रधानमन्त्री कोइरालाले मधेसी मूलकै नेतालाई नयाँ जिम्मेबारी सुम्पने तयारीमा जुट्नुभएको समाचारमा उल्लेख छ। समाचारअनुसार डा. रामवरणले अन्तिम समयसम्म पनि आफूलाई साथ दिने र मधेसको क्षेत्रीय राजनीतिमा नलाग्ने कुरामा प्रधानमन्त्री कोइराला ढुक्क हुनुहुन्छ। यो स्थितिमा गच्छेदार महन्थकै बाटोमा गएको खण्डमा नेपाली कांग्रेसलाई ठूलो नोक्सानी हुनेतर्फ पनि कोइराला सचेत हुनुहुन्छ। कांग्रेसको उच्च सूत्र भन्छ- मधेसमा प्रभावशाली मानिएका गच्छेदारलाई गृहमन्त्री बनाएर मधेसमा नेपाली कांग्रेसलाई मजबुत बनाई माओवादी र एमालेलाई तह लगाउने योजनामा अहिले प्रधानमन्त्री कोइराला हुनुहुन्छ।

## अन्नपूर्णको पार्टीमा हिमानीको डान्स

कुनै बेला नेपालको सम्मानित संस्था राजपरिवारकी बुहारी अर्थात् युवराज्ञी हिमानीले अन्नपूर्ण होटलको एक पार्टीमा उन्मुक्त भएर डान्स गरेको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार त्यो दिन अन्नपूर्ण होटलको भव्य बैठक कक्षमा पार्टी चलिरहेको थियो। 'एउटा हिन्दी रिमिक्स गीतमा मदिराको तालसँगै नाच्न र गाउन शाही नातेदारहरू तँछाडमछाड गर्दै थिए। करिब ११ बजेतिर टपकोट र बुटमा सजिएकी साढे ५ फिट अग्ली गोरी पातली युवती नाचगानको हुलमा देखापरिन्। राजा ज्ञानेन्द्रकी दिदी शान्ति सिंहका बुहारीहरूसँगै उनी पनि नाच्न थालिन्। नाच्दै जाँदा शरीरको तापक्रम बढ्दै गयो। समयक्रमसँगै उनको शरीरबाट टपकोट उत्रियो। मिनीस्कर्टमै उनको नृत्य जम्न थाल्यो। ती युवती अरू कोही नभएर युवराज्ञी हिमानी थिइन्। समाचारअनुसार युवराज पारसले केही समययता एउटी रुसी युवतीलाई बढी समय दिनथालेपछि पारस र हिमानीबीच उत्पन्न मतभेदलाई बिर्सन हिमानीले त्यस्तो उन्मुक्त नृत्य गरेको कुरा उक्त समाचारमा उल्लेख छ।

## सेनापति र जर्साबहरूबीच साँठगाँठ

माओवादी लडाकुहरूलाई राष्ट्रिय सेनामा समायोजना गर्ने विषयमा माओवादीकै नेतृत्व तहमा मतभेद चर्किएका बेला प्रधानसेनापति रुकमाङ्गत कटुवालले सेना समायोजन गर्न नहुने पक्षमा लबिङ गर्न थालेको समाचार नेपालीपत्र साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार त्यसो भए नेपाली सेनामा विद्रोह हुन सक्ने चेतावनी समेत प्रधानसेनापतिले दिएका छन्। कुनै पनि हालतमा माओवादीलाई नेपाली सेनामा सामेल नगराउने अभियानमा रहेका प्रधानसेनापति कटुवालले अहिले यो विषयमा पूर्व-सैनिक जर्नेलहरूको मत संकलन गरी छलफल प्रारम्भ गरेको समाचारमा उल्लेख छ।

## एचक्यु 'र' को प्रभावमा परेको आरोप

पार्टीभित्र उत्पन्न फरक मतका स्वरहरूलाई निस्तेज पार्दै अध्यक्ष प्रचण्ड अगाडि बढेपछि नेकपा (माओवादी) विभाजन हुने परिस्थितिमा पुगेको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार पार्टी विभाजनको छनक काभ्रेपलाञ्चोकमा सुरु भएको केन्द्रीय समितिको बैठकमा देखापरेको हो। पार्टीभित्र फरक मत पक्षधर मोहन वैद्य 'किरण', रामबहादुर थापा 'बादल', नेत्रविक्रम चन्द 'विप्लव' आदिले केन्द्रीय समितिको बैठकमा अध्यक्ष प्रचण्डको आलोचना गर्दै उनीमाथि भारतीय गुप्तचर संस्था 'र' सँग साठगाँठ गरेको, जनमुक्ति सेनालाई बिचल्लीमा पारेको तथा पार्टीभित्र हैकमवाद लादेको आरोप लगाएका छन्। उक्त बैठकमा अनन्तबाहेक जनमुक्ति सेनाका सम्पूर्ण उपकमाण्डरहरूले अध्यक्ष प्रचण्डले नेपाली सेनामा माओवादी लडाकुलाई समायोजन गर्ने नीति त्यागेको आरोप लगाउँदै जनमुक्ति सेनामा विद्रोह हुनसक्ने चेतावनी समेत दिएको कुरा समाचारमा उल्लेख छ।

## माओवादी कामरेडका सन्तानलाई कलेज फ्रि

युद्धकालमा बुर्जुवा शिक्षा वहिष्कार गरी जनयुद्धमा सहभागी बनौं भनी दुनियाँका छोराछोरीको पठनपाठन भताभुङ बनाउने माओवादीका कतिपय नेताले आफ्ना छोराछोरीलाई नाम चलेका अंग्रेजी स्कुलमा पढाउँदै आएको समाचार साँघु साप्ताहिकले प्रकाशित गरेको छ। वनमन्त्री मातृका यादवका दुई छोरामध्ये एउटा क्यास्पियन र अर्को सेन्टजेवियर्स कलेजमा निःसुल्क अध्ययन गर्दै आएको कुरालाई समाचार बनाउँदै उक्त साप्ताहिकले मन्त्री यादवको यस्तो कार्यप्रति अखिल क्रान्तिकारीले आपत्ति जनाएको कुरा उल्लेख गरेको छ। क्रान्तिकारीको आपत्तिपछि मन्त्री यादवले आफ्ना छोराहरूलाई क्रान्तिकारीहरूको काममा लगाउने सर्त स्वीकार गरेपछि विवाद साम्य भएको बताइन्छ। मन्त्री यादव बाहेक आफ्ना छोराछोरीलाई बुर्जुवा शिक्षा दिलाउनेमा सिन्धुली, नुवाकोट आदि जिल्ला सेक्रेटरीहरू पनि भएको समाचारमा उल्लेख छ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

अब पनि कुनै अमूक संघ-संस्थाहरूले संविधानसभाको निर्वाचन हुन दिन्नौं भन्छन् भने उनीहरू राष्ट्रिय हितमा छैनन् बुझ्नुपर्छ। केही मानिस मुलुकमा सधैं अराजकता, अस्तव्यस्तता र भद्रगोल सिर्जना गरेर आफ्नो स्वार्थपूर्ति गर्न चाहन्छन्। हामीले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ। अहिलेको अवस्थामा देशमा परिवर्तन चाहने, समानता चाहने शान्ति चाहने सबैले संविधानसभाको निर्वाचनमा होमिनुको विकल्प छैन।

**अमृतकुमार बोहरा, नेता, नेकपा (एमाले)**

अहिले मधेसमा फेरि माओवादीको मोबिलाइजेसन बढेको छ। मधेश आन्दोलनपछि मधेसमा जुन अप्ठेरो माओवादीले भोगेको थियो, त्यो स्थिति अहिले देखिँदैन। उसले बिस्तारै आफ्नो प्रभाव फेरि बढाउँदै लगेको छ। उसले पहिचान, समावेशीकरणका साथै वर्गीय मुद्दा पनि उठाएको छ। समानुपातिक निर्वाचन प्रणालीको मागका कारण उसको स्थिति सुदृढ हुन थालेको हो। यस अर्थमा अब माओवादी संविधानसभामा जान्छ भन्ने मेरो अनुमान छ। उसलाई निर्वाचनमा जान हामीले वातावरण मिलाउनुपर्छ।

**सरिता गिरी, नेतृ, नेपाल सद्भावना पार्टी, आनन्दीदेवी**

जनआन्दोलनले दिएको जनादेश पालना गर्नका लागि सातै दल एकताबद्ध भएर संविधानसभाको निर्वाचनमा जानुपर्छ। बीचमा आएर माओवादीले फेरि निहुँ खोज्नु हुँदैन। हामीबीच संविधानसभाको निर्वाचन गर्नका लागि जे सहमति भएको छ, त्यही सहमतिमा आधारित भएर अघि बढ्नुपर्छ।

**अर्जुननरसिंह केसी, प्रवक्ता, नेपाली कांग्रेस**

हामी केटाकेटीमा माछा-माछा– भ्यागुतो भन्ने खेल खेल्थ्यौं। नेपालीहरूले संविधानसभारूपी माछा-माछा भनेर धेरै पटक पोखरीमा हात हाले, तर भ्यागुतो हात पर्‍यो। संविधानसभा निर्वाचनको विषयमा मलाई अर्को कथा पनि याद आउँछ, गोठाले र बाघको कथा। गोठाले गाउँलेलाई दुःख दिन बाघ आयो बाघ आयो भनेर कराउँथ्यो, गाउँलेहरू सहयोग गर्न जाँदा बाख्रा चरिरहेका हुन्थे। एक दिन साँच्चै बाघ आयो तर गाउँले सहायताका लागि बाघ खेद्न गएनन्। यस्तो अवस्था आउन हाम्रो राजनीतिमा पनि धेरै अप्ठ्यारा होलान्, तर हामीले माछा खोजेका हौं, भ्यागुतो होइन।

**भोजराज पोखरेल, प्रमुख निर्वाचन आयुक्त**

नेकपा (माओवादी) ले सबैका सामु युद्धको अन्त्य भएको घोषणा गरेको छ, तर उसको युद्धनीति तेस्रोपल्ट संविधानसभा निर्वाचनको घोषणा हुने बखत पनि जारी छ। युद्ध अन्त्यको घोषणा गरेपछि फेरि युद्ध रणनीति लागू गरिरहनुको अर्थ के ? त्यस्तो रणनीतिमार्फत गरिने संविधानसभाको अर्थ के ? हिंसाबद्ध राजनीतिबाहेक डेमोक्रेसीमा सबै जायज छ। जुन नाजायज छ, माओवादीले त्यही गरिरहेको छ। शासन गर्ने विधि भनेको राम्रो विचार, कार्यक्रम, नीति तथा जनताको अभिमत हो। यो कुरा स्वीकार गरेर मात्र एकाइसौं सताब्दीमा राज्य सञ्चालन गर्न सकिन्छ।

**केपी ओली, नेता, नेकपा (एमाले)**

## मेरो विचार

### समानताका लागि

देश अहिले संविधानसभामय बनेको छ। सात दलको सहमतिमा संविधानसभाको निर्वाचन तिथि अन्तरिम संविधानमै उल्लेख गरिएको थियो, तर दलहरूका आ-आफ्नै स्वार्थ, हठ एवं ढिला-सुस्तीका कारण निर्धारित मितिमा संविधानसभा निर्वाचन हुन सकेन। मधेसी, महिला, दलित, जनजाति लगायत विभिन्न समुदायका मानिसहरू संविधानसभाको निर्वाचनमा समान अधिकार पाउनका लागि आ-आफ्नो ठाउँबाट आन्दोलन गरिरहेका छन्। यी सारा समस्या समाधान गर्न सात दल तथा सरकारले राष्ट्र हितका लागि आन्दोलनकारीले उठाएको जायज मागलाई सम्बोधन गर्नुपर्छ एवं यथाशक्य छिटो संविधानसभा निर्वाचनको वातावरण बनाउनुपर्छ।

माओवादीले जनयुद्धसँगै तथा अन्य दलहरूले जनआन्दोलनपछि संविधानसभाको निर्वाचनका बारेमा वहस चलाए पनि जनता सुसूचित हुन सकेका छैनन्। संविधानसभाको निर्वाचनका बारेमा दलका नेता, कानुनविद् मानवअधिकारवादी तथा समाजका बुद्धिजीवीहरूले जानकारी दिनुपर्छ। संविधानसभा ढिलो हुँदा प्रतिगमनकारीहरूले षड्यन्त्र गर्ने मौका पाएका छन्। देशलाई त्यस्ता षडयन्त्रबाट मुक्त गराउन नागरिक समाज तथा जनताले दबाब दिइरहनुपर्छ।

अन्तरिम कालमा देशको राजनैतिक स्थिति अत्यन्त तरल अवस्थामा हुने भएकाले तुरुन्त निर्वाचनको मिति तोक्ने काममा सात दल एवं सरकार लाग्नुपर्छ। देश अहिले अत्यन्त कठिन मोडमा पुगको र संविधानसभाको निर्वाचनजस्तो कठिन कार्य गर्न लागिरहेको छ। संविधानसभा निर्वाचनबाट सम्पूर्ण आदिवासी जनजाति, दलित, महिला, मधेसी लगायत सबै भू-भागमा बस्ने नेपालीहरूले समान अधिकार पाउन निष्पक्ष एवं पारदर्शी निर्वाचन सम्पन्न गराउनुपर्छ।

**–माधव लम्साल, भैरहवा**
**(पुरस्कृत विचार)**

### दृढता आवश्यक छ

संविधानसभा निर्वाचनमा हामीहरूले गर्ने एउटै तथा महत्त्वपूर्ण काम हो। देश र समाजको हितका लागि अग्रगामी सोच राखी काम गर्ने असल व्यक्ति तथा राजनैतिक दल चुन्ने काम संविधानसभाले गर्छ। चुनेर गएकाहरूले हामीहरूले चाहेको जस्तो अग्रगामी, सर्वमान्य, दूरदर्शी, सर्वोच्च, समावेशी मूल कानुन निर्माण गर्नुपर्छ।

हाम्रो भविष्य सुनिश्चित र उज्यालो तुल्याउन संविधानसभामा निर्वाचित हुनेहरूले हाम्रो चाहनाअनुसारको देशको मूल कानुन निर्माण गर्ने हो जसलाई संविधान भनिन्छ। संविधानसभाको निर्वाचन तोकिएकै मितिमा हुनुपर्थ्यो। अब यसका लागि हामी मनोवैज्ञानिक रूपमा दृढ हुनुपर्छ र निर्धारित मितिमा सफलतापूर्वक संविधानसभाको निर्वाचन सम्पन्न गर्न ठोस तयारी गर्नुपर्छ।

असन्तुष्टिका जति पनि स्वर मुखरित भएका छन् ती सबैलाई सम्बोधन गर्न सबै आन्दोलनरत पक्ष, सरकार, राजनैतिक दल, पत्रकार, वकिल, बुद्धिजीवि, नागरिक, समाज, पेसाकर्मी तथा सम्बन्धित सबै पक्ष गोलमेचमा बस्नुपर्छ। दस दिन नै किन नलागोस् लगातार व्यापक छलफल गरी साझा सहमति विकसित सहित संविधानसभा निर्वाचनमा जाने प्रतिबद्धता गरी देशलाई संविधानसभामय तुल्याइनुपर्छ।

**–विमल आचार्य, सल्यान**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

# विद्यार्थी र मोबाइल फोन





पृष्ठ १ बाट जारी

यद्यपि मोबाइल फोनको यस्तो दुरुपयोग गर्ने विद्यार्थी केही प्रतिशत मात्र हुन्छन्। उर्मिला भन्छिन्- साथीभाइसँग अप्ठ्यारा कुरा सोध्नेदेखि लिएर कहिलेकाहीँ घरमा ढिलो आउनुपर्दा अभिभावकले सम्पर्क गर्नका लागि यो गतिलो माध्यम हुन्छ। यो कुरामा राजीवले पनि सहमति जनाए। राजीव भन्छन्- यसलाई कसरी प्रयोग गर्ने भन्ने नै महत्त्वपूर्ण कुरा हो। खासगरी विद्यालय जीवन सिध्याएपछि विद्यार्थीहरूमा एक प्रकारको स्वतन्त्रताको अनुभव हुन्छ। यो अवस्थामा राम्रो कामका लागि मात्र यसलाई प्रयोग गर्दा सबैलाई फाइदा हुन्छ, तर कतिपय अवस्थामा कलेज बंक गरेर कुनै अन्य स्थानमा घुम्न जाने वा केही अन्य काम गर्ने योजना पनि यही मोबाइलकै माध्यमबाट भएको पनि पाइन्छ। यो भने राम्रो होइन।

एसएमएसको प्रयोग धेरै हुन्छ विद्यार्थीहरूमा। सम्पर्क पनि गर्न सकिने र पैसा बचाउने सहज माध्यम बन्छ एसएमएस। खाली पिरियडमा यसको उपयोग धेरै हुन्छ। कतिपय अवस्थामा एसएमएस लेख्दा लेख्दैको मोबाइल सेट शिक्षकको अगाडि पुगेका घटना पनि धेरै विद्यार्थीको मानसपटलमा ताजै छन्। यो अवस्थामा ननभेज तथा छात्रले छात्रालाई अथवा छात्राले छात्रलाई लेखेको एसएमएस भेट्टिए के गर्ने ? प्रेमले भने- चुप लागेर सजाय पर्खनुपर्छ। यस्ता घटना प्रशस्तै देख्न पाइन्छ। विद्यार्थीले पनि आफुलाई विद्यार्थीकै स्तरमा राखेर अनुशासित व्यवहार देखाउनुपर्छ।

विद्यार्थी स्वभावैले पनि सामान्य खालको मोबाइल सेट प्रयोग गर्नुपर्ने हो। औसतमा फोन गर्न र उठाउन मिल्ने सामान्य खालको सेट नै धेरै विद्यार्थीले बोकेको पाइन्छ, तर दाग्याल्जेन दावी गर्छन् - ९० प्रतिशत विद्यार्थीको सेट ब्ल्याक एन्ड ह्वाइट हुँदैन। २५ हजार रुपैयाँसम्मका सेट बोक्ने विद्यार्थी पनि देखेको छु।

एसएमएस मित्रता कायम गर्ने एउटा गतिलो विकल्प पनि हो। उर्मिला भन्छिन्- पत्रिकाहरूमा आउने पत्रमित्रताको विकल्पका रूपमा यसको प्रयोग भएको छ। मैले धेरै साथीहरू यसरी पनि बनाएकी छु। फुर्सदको समयमा कुनै मनलाग्दो नम्बरमा मिस कल गर्दा कुनै पनि मानिसमा अवश्य पनि खुल्दुली पैदा हुन्छ। यसो गर्दा उताबाट कल ब्याक आउँछ। त्यसपछि राम्रो र स्वच्छ विचारको व्यक्तिसँग मित्रता पनि कायम हुन्छ तर आफूले पनि यसलाई गलत रूपमा प्रयोग गर्न नखोजेको स्पष्टीकरण उनले दिइन्। बरु आफ्नै साथीहरूले यसलाई गलत रूपमा प्रयोग गरेको अनुभव उनीहरूसँग छ। पवन भन्छन्- साथीहरूले मौका पाउनासाथ आफ्नो मोबाइलबाट कुनै युवतीलाई गलत म्यासेज पठाइदिए भने गाह्रो हुन्छ। यस्ता कतिपय घटना पनि भएका छन्। त्यसो भएर माफी माग्नुपर्ने बाध्यता पनि आइपरेको छ। यस्तो अवस्थामा युवतीसाथीले वास्तविकता बुझिदिए त सजिलो हुन्छ, तर बुझेनन् भने सधैंका लागि सम्बन्ध बिग्रने डर पनि हुन्छ। म्यासेज पठाउन हतार गर्दा भूलवश अर्कै नम्बरमा गए अर्को फसाद आइपर्छ। दाग्याल्जेनले एकपटक आइ लभ यू लेखेर एउटी युवतीसाथीलाई म्यासेज पठाउन खोजे, तर चलाउँदा-चलाउँदै भूलवश उक्त म्यासेज घरबेटीकी छोरीको नम्बरमा पुग्छ। त्यसपछि डेरा नै छोड्नुपर्‍यो। वास्तविक कुरा सम्झाउन पनि सम्भव थिएन।

विद्यार्थीहरूबीचमा मोबाइल फोन प्रचलित भएको केही वर्ष मात्र भएको छ। विद्यार्थीहरूबीच धेरैजसोले मेरो मोबाइल प्रयोग गरेको पाइन्छ। महिनाको निश्चित समय फ्री कल गर्न पाइने भएका कारण यसो भएको उनीहरूको तर्क छ। प्रेम भन्छन्– खास गरी फ्री कलका लागि नै यसको बढी प्रयोग हुन्छ। जहाँसुकै पाउन पनि सर्वसुलभ छ। फेरि लाइन लाग्नुपर्ने झन्झट पनि छैन। यसो भए पनि अन्त्यमा सम्पर्कका लागि नम्बर दिँदा भने लगभग सबैले नेपाल टेलिकमकै नम्बर दिए।

मोबाइल अनिवार्य र रहरको उपकरण हो। कक्षामा यसको प्रयोग वर्जित गरिएको हुन्छ, तर शिक्षकहरू भने कक्षामा पनि यसको प्रयोग निर्वाध रूपमा गर्छन्। उनीहरू सबैको एउटै गुनासो छ- हामी विद्यार्थीलाई मात्र यस्तो बाध्यता किन ? पढाउँदा-पढाउँदै शिक्षकको फोन आयो भने हाम्रो पढाइमा पनि त असर पुग्छ, कक्षामा कसैको पनि मोबाइलमा घण्टी बज्नुभएन। यतातिर पनि ध्यान दिने कि ?

## नयाँ प्रविधि

### आफैं बज्ने गितार





युवापुस्तामाझ गितार अन्य संगीत उपकरणको तुलनामा बढी लोकप्रिय छ । गिब्सनलाई सर्वाधिक लोकप्रिय गितार ब्रान्ड मानिन्छ । यो ब्रान्डको गितार विश्वका नामुद संगीत समूहदेखि भर्खरका सिकारुहरूसम्मले चलाउँछन् । अहिले गिब्सन कम्पनीले आफैं बज्ने गितार निर्माण गरेको छ । दुई साताअघि लन्डनमा पहिलो पटक बिक्रीका लागि राखिएको यो गितारको नाम 'गिब्सन रोबोट गितार' हो । स्ट्रिङ्ग र औंलाको भरमा बजाउँदा तालमेल नभएपछि गितारका पारखी क्रिस एडम्स विगत १० वर्षदेखि स्वचालित गितार निर्माणमा लागेका हुन् । उनले आफ्नो मेहनतले साकार रूप पाएपछि यो प्रविधि गितार संगीतको क्षेत्रमा 'मर्सिडिज गितार' का रूपमा कहलिने बताए । क्रिसले तयार गरेको रोबोट गितार चलाउने संगीतकारले स्ट्रिङ्ग मात्र चलाए हुन्छ । स्ट्रिङ्गको चालअनुसार यसले संगीत निकाल्छ । यो गितारको प्रयोग बिल्ली क्रोगेनदेखि स्म्यासिङ्ग पम्पकिनसम्मका संगीत समूहले गरेका छन् । यो गितारको मूल्य २ हजार ९ सय डलर अर्थात् १ लाख ८५ हजार रुपैयाँ छ ।

### ग्राफिक क्यालकुलेटर



एचपीले ल्याएको ५० जी नामको ग्राफिक क्यालकुलेटर केबल हिसाबकिताब गर्न मात्र नभई विज्ञान र इन्जिनियरिङको क्षेत्रमा कार्य गर्ने व्यावसायिक व्यक्तिहरूका लागि पनि उपयोगी छ । यो क्यालकुलेटरमा २ दशमलव ५ मेगाबाइटको मेमोरी छ भने यसमा अतिरिक्त मेमोरी कार्ड राख्न सकिने सुविधा पनि छ । यसको र्‍याम ५ सय १२ किलोवाइट र २ एमबी छ । २ हजार ३ सयभन्दा बढी किसिमको कार्य गर्न सक्ने यो क्यालकुलेटरमा रहेको डाटालाई युएबीमार्फत कम्प्युटरमा पनि राख्न सकिन्छ । करिब ५० ग्राम तौलको यो क्यालकुलेटरलाई खल्तीमा सजिलै राख्न सकिन्छ । यो ग्राफिक क्यालकुलेटरको अन्तर्राष्ट्रिय बजार मूल्य करिब १ सय अमेरिकी डलर छ ।

# उल्का पिण्डबाट पृथ्वीलाई बचाउन सकिन्छ ?



अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा) ले पृथ्वीलाई नोक्सान पुर्‍याउने अन्तरिक्षीय पिण्डलाई समयमै पत्ता लगाउन सक्ने क्षमता रहेको तर आफूसँग यस विषयमा काम गर्न लाग्ने धन नभएको जनाएको छ । सौर्यमण्डलमा आफ्नो कक्षमा घुम्ने वा हुत्तिँदै पृथ्वीमा आउन सक्ने यस्तो पिण्डलाई वैज्ञानिकहरूले Near-Earth Objects वा 'निओ' नाम दिएका छन् ।

अमेरिकी अन्तरिक्ष एजेन्सीका अनुसार सन् २०२० सम्ममा कमसेकम ९० प्रतिशत यस्ता खतरायुक्त पिण्ड पत्ता लाग्न सक्छन्, अन्तर्राष्ट्रिय खगोलविद्हरूलाई सबैभन्दा डर एपोफिस नामक उल्का पिण्डबाट छ । करिब ४ सय मिटरको उक्त उल्कापिण्ड सन् २०३६ मा पृथ्वीको नजिक आउने खगोलीय गणना गरिएको छ । उक्त उल्कापिण्डले पृथ्वीमा ठोक्किने आशंका ४५ हजारमा १ मानिएको छ ।

हालै वाशिङ्टनमा सम्पन्न एक सम्मेलनमा यस विषयमा व्यापक छलफल भएको थियो । वैज्ञानिकहरूले कुन आकार-प्रकारको नियो पिण्डबाट पृथ्वीलाई वास्तविक खतरा हुनेछ ? पृथ्वीमा खस्ने अन्तरिक्ष पिण्डबाट कुन उपायले पृथ्वीलाई बचाउन सकिन्छ ? यदि यस्तो कुनै पनि खतराबाट मुक्त हुन सकिँदैन भने मानिसहरूलाई कसरी बचाउन सकिन्छ ? भन्ने विषयमा व्यापक छलफल गरेका थिए ।

पृथ्वीमा ठोक्किन तयार भएको कुनै अन्तरिक्षीय पिण्डलाई मिसाइल प्रहार गरी नष्ट गर्न वा परमाणु बम पड्काएर त्यसको बाटो परिवर्तन गर्न वा पृथ्वीसम्म पुग्नु वर्षौं पहिले पिण्डको माथि एक विशालकाय यान उतारेर त्यसको बाटो परिवर्तन गर्न प्रयास गर्ने वा शक्तिशाली लेजर बिमद्वारा त्यसको कक्षलाई बदल्न प्रयास गर्न सकिन्छ ।

यीमध्ये पिण्डमा ठोक्काउने विकल्प सबैभन्दा सजिलो छ, तर यो सबैभन्दा जोखिमपूर्ण पनि छ, किनभने ठोक्किएपछि पिण्डको टुकडा पनि पृथ्वीतिर आउन सक्छ । यदि पृथ्वीभन्दा टाढा नठोक्किए अतिरिक्त ऊर्जाको प्रभाव पृथ्वीसम्म आएर नोक्सान पुग्न सक्छ । उल्कापिण्डलाई ठेल्ने उपाय सबैभन्दा भरोसायुक्त मानिएको छ, तर सम्भावित टक्करभन्दा कमसे कम एक दशकपहिले नै यो प्रयास सुरु गर्नुपर्छ । वैज्ञानिकहरूका अनुसार ४० मिटर सम्मको पिण्ड पृथ्वीको वायुमण्डललाई पार गर्दागर्दै विनाश हुन्छ । त्यसभन्दा ठूलो पिण्डलाई वायुमण्डलले रोक्न सक्दैन । एक किलोमिटरसम्मको नियो पिण्ड पृथ्वीको जुन भागमा खसेर ठोक्किन्छ, त्यसबाट हुने धनजनको अनुमान गर्न पनि गाह्रो हुन्छ र योभन्दा पनि ठूलो पिण्ड खसे त्यसको प्रत्यक्ष असर पुरा पृथ्वीमा पर्छ ।

नासाका अनुसार हालसम्म कुल ४ हजार ५ सय ६६ नियो पिण्डको खोजी भएको छ, जसमा ७ सय ५ वटा नियोको आकार एक किलोमिटरभन्दा बढी थियो । खोजी गरिएको नियो पिण्डमध्ये ८४७ लाई खतरनाक उल्कापिण्डका रूपमा राखिएको छ । पृथ्वीको सम्भावित विनाशलाई रोक्न सबैभन्दा पहिले नियो पिण्ड पत्ता लगाउनुपर्छ । यो विषयमा सयुक्त राष्ट्रसंघले समेत चासो देखाएको छ ।

**-राजीव कर्माचार्य**

# जेनेरेटरबाट कम्प्युटर इन्स्टिट्युट

भोजपुर- भोजपुरको दिंला बजारमा विद्युतीकरण हुन नसकेपछि स्थानीय युवाहरूले जेनेरेटरको प्रयोग गर्दै कम्प्युटर इन्टिच्यूट सञ्चालनमा ल्याएका छन् । विद्युत्को विकल्पका रूपमा जेनेरेटर ल्याएर कम्प्युटर इन्स्टिच्युट सञ्चालन गरेको सुमन राईले बताए । अर्का सञ्चालक षडानन्द लम्सालका अनुसार दिंला बजारमा कम्प्युटर इन्स्टिच्युट खोलिएको हो । दिंलामा अहिले ५ किलोवाटको जेनेरेटरबाट दिनको ४ घण्टाका दरले बिहान र बेलुकी दुई-दुई घण्टा कम्प्युटर सञ्चालन गरिएको छ ।

विद्यार्थीसँग आधारभूत कोर्सका लागि ४ हजार रुपैयाँ लिने गरिएको छ । इन्स्टिच्युटबाट ४० विद्यार्थीले कोर्स पूरा गरेका छन् । डिजलबाट जेनेरेटर सञ्चालन गर्नुपर्ने भएकाले महँगो शुल्क लिएको शिक्षक अधिकारी बताउँछन् । जेनेरेटरबाट फोटो प्रिन्ट, फोटोकपी, लेमिनेसन तथा गाउँलेलाई मनोरञ्जनका लागि टेलिभिजनमा भिसिडीबाट चलचित्रसमेत देखाइन्छ ।

**-सुरेन्द्र सुवेदी**

# विद्यालयस्तरीय विज्ञान प्रविधि प्रतिस्पर्धा

अन्तरविद्यालय खुला विज्ञान तथा प्रविधि प्रतियोगिता आगामी आइतबारदेखि पाटनस्थित अशोक पार्टी प्यालेसमा प्रारम्भ हुने भएको छ । उपत्यका, नुवाकोट, काभ्रेपलाञ्चोक लगायत क्षेत्रका २५ वटा विद्यालय सहभागी हुने उक्त दुईदिने प्रतियोगितामा विद्यार्थीले विकास गरेका विभिन्न नयाँ प्रविधि सार्वजनिक प्रदर्शन गरिनेछ ।

तेस्रो पटक आयोजना गरिएको यो प्रतियोगितामा राजधानीका ४० वटा कलेजका विद्यार्थीले विकास गरेका नयाँ प्रविधिलाई प्रदर्शन गरिनेछ । पिनाकल एकेडेमी तथा लुभु जुनियर जेसिजको संयुक्त आयोजनामा हुने उक्त कार्यक्रममा कलेजका विद्यार्थीले विकास गरेका प्रविधि भने प्रदर्शनीका लागि मात्र राखिनेछन् ।

'विद्यालयस्तरदेखि नै विज्ञान तथा प्रविधिसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यालयस्तरको विज्ञान प्रविधि प्रतियोगिता गर्न लागेका हौं,' आयोजक लुभु जुनियर जेसिजका पूर्वअध्यक्ष सृजित श्रेष्ठले साप्ताहिकसँग भने- 'नेपालमा विज्ञान विषयमा सैद्धान्तिक अध्ययन उत्कृष्ट भए पनि त्यसको व्यावहारिक (प्राक्टिकल) पक्ष भने सबल हुन नसकेकाले पनि यस प्रकारको प्रतियोगिताको आवश्यकता महसुस गर्‍यौं ।' श्रेष्ठका अनुसार प्रतियोगिताले सहभागी एवं अवलोकनकर्ता सबै विद्यार्थीलाई विज्ञान विषयप्रति अभिरुचि जगाउनेछ । प्रतियोगितामा विद्यार्थीले बनाएका प्रविधि र दुई दिनसम्म उनीहरूले त्यसका बारेमा दिएको 'प्रेजेन्टेसन' का आधारमा उत्कृष्ट छनौट गरिनेछ । विज्ञान प्रविधिसम्बद्ध पाँच जना विज्ञहरूलाई उक्त प्रतियोगिताको निर्णायकमा राखिएको छ ।

'विज्ञानको क्षेत्रमा प्रयोगात्मक अध्ययनविधिलाई यस्तो प्रतियोगिताले प्रोत्साहित गर्ने भएकाले नै कलेजले पनि सहयोग गर्न लागेको हो,' आयोजक पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषि तिवारीले भने- 'राष्ट्रले गर्नुपर्ने यस प्रकारको प्रतियोगितालाई स्थानीय युवा विद्यार्थीले गर्ने आँट देखाउनु सकारात्मक पक्ष हो ।' १२ हजार विद्यार्थीले अवलोकन गर्ने प्रतियोगितामा आर्टिफिसियल स्नोफल, सोयल टेस्ट, भोल्कानो, इलेक्ट्रिसिटी जेनेरटर, होम मेड हिटर, केवलकार मोडल, सोलार सिस्टमसँग सम्बन्धित प्रविधिले प्रतिस्पर्धा गर्ने श्रेष्ठले बताए ।

# साप्ताहिक इन्फो

## छायाँमा पर्ने डर



आफू छायाँमा परिने डरले आफ्नै टिमको मुख्य मान्छेलाई नबोलाउनु कतिसम्म जायज हुन्छ ? अझ राजनीतिमा संलग्न व्यक्तिहरूले यस्ता कुरामा बढी नै ध्यान दिनुपर्ने हुन्छ । पछिल्लो समय सिनेकर्मी कम र राजनीतिज्ञ बढी भएका श्याम सापकोटाले यस्तै गरे ।

बाह्र वर्षअघि चलचित्र 'बलिदान' बनाएका सापकोटाले प्रमुख राजनैतिक दलका शीर्ष नेताहरूलाई बोलाएर बलिदानको पुनः प्रदर्शन गरे, तर चलचित्रका निर्देशक तुलसी घिमिरेलाई भने वास्तै गरेनन् । स्टेजमा पार्टीका नेता देखिए पनि निर्देशक भने नदेखिएपछि केही सञ्चारकर्मीले प्रश्न गरे– 'खोइ त निर्देशक ?' निर्माता सापकोटाले लाजै नमानी भने– 'कार्यक्रमको टेन्सनले गर्दा बोलाउनै भ्याइएन ।' तर उनको जवाफ कसैले पत्याएनन् । सात पार्टीका नेता जम्मा गर्न सक्ने मानिसले एउटा निर्देशकलाई बोलाउन नभ्याउने हुन्छ ? सञ्चारकर्मीले खासखुस कुरा गरे पनि 'कसरी भ्याउनुभएन ?' भनेर पुन प्रश्न गरेनन्, किनकि श्याम सापकोटाको ग्याङले बलिदानको सुटिङ सकिनेबित्तिकै निर्देशक घिमिरेको खेदो गर्न थालिसकेको थियो । अहिलेसम्म पनि त्यो क्रम जारी नै छ ।

## खोजी सुपर हिरोको


विराज भट्टको जस्तो ज्यान, निखिल उप्रेतीको जस्तो एक्सन, भुवन केसीको जस्तो मुस्कान, रमित ढुंगानाको जस्तो गेटअप, राजेश हमालको जस्तो क्रेज भएको कुनै नवयुवक फेला पार्नुभयो भने निर्माता राजकुमार राईकहाँ पुऱ्याइदिनुहोला । उनी झण्डै एक वर्षअघिदेखि यस्तै युवकको खोजीमा छन् । राईलाई आफ्नो आगामी चलचित्र नेपालीम्यानका लागि यस्तै युवक चाहिएको छ ।

सुपर हिरोका निम्ति राजकुमारले के गरेनन् ? विज्ञापन गरेर दर्जनौं नवयुवकसँग अन्तर्वार्ता लिंदा समेत उनले छेकछन्द मिल्ने पात्र भेटेनन् । अनेकौं उपाय गरिसकेपछि यतिबेला उनी बलिउडतिर आँखा दौडाउँदै छन् । उनले एक हिरोसँग कुरा भैरहेको बताए । सानो लगानीमा बन्ने नेपाली फिल्ममा कति पारिश्रमिक प्राप्त होला



र बलिउडका हिरोले राजकुमारलाई पत्याउलान् ? राजकुमार भन्छन्- म अहिले नै सबै कुरा भन्दिनँ तर उनी कोइराला थरका हुन् यति बुझ्नुहोस् ।

राजकुमारले कोइराला थरका बलिउड हिरो भनेपछि ती मनिषाका भाइ सिद्धार्थ हुन् भन्ने अनुमान गर्न गाह्रो भएन तर सिद्धार्थ सुपर हिरो हुन सक्लान् ? उनलाई सुहाउला त्यस्तो भूमिका ? त्योभन्दा पनि राजकुमारले दिने पारिश्रमिक स्वीकार गर्लान् सिद्धार्थले ? राजकुमार भन्छन्- दस लाख दिने भनेको अलि कुरा मिलेको छैन । सिद्धार्थ नमिले विराज र निखिलमध्ये कोही हो ? राजकुमार विराज र निखिलका नाममा मौन स्वीकृति दिन्छन् । जे होस् लाटागाँडा जो भए पनि नेपाली चलचित्रमा पनि एउटा सुपर हिरो जन्मने भएको छ राजकुमार राईको नेपाली म्यानमार्फत् ।



सुरेश दर्पण पोखरेलद्वारा निर्देशित चलचित्र निशानाको छायांकनका क्रममा ल्यापटपमा आफ्नो चलचित्रको गीत हेरेर रमाउँदै नायक निखिल उप्रेती । साथमा नृत्य-निर्देशक वसन्त श्रेष्ठ, नायिका स्नेहा शर्मा तथा निर्देशक पोखरेल ।

तस्बिर : शिव शर्मा



## सञ्जिताको संकल्प

डेढ दर्जन म्युजिक भिडियो तथा झन्डै एक दर्जन विज्ञापनकी मोडल सञ्जिता गुरुङ अब चलचित्र नायिका बनेकी छिन् । सुन्दर मुहार एवं आकर्षक जीउडालकी धनी सञ्जिताले भर्खरै दुईवटा चलचित्रको काम सकेकी छिन् । छायाँकन सकिएका ती दुई चलचित्र हुन्- 'बाटुली' तथा 'हाम्रो मिलन कहिले हुन्छ ।' सञ्जिता हिंजोआज मख्ख छिन् । किनभने उनले अभिनय गरेका दुवै चलचित्र राम्रो ब्यानरका हुन् । चलचित्र बन्दकी निर्माण गर्ने डाक्टरसिंह गुरुङको चलचित्र बाटुलीमा सञ्जिता सहनायिकाका रूपमा देखिनेछिन् भने दीपक रायमाझीको चलचित्र हाम्रो मिलन कहिले हुन्छमा उनको मुख्य भूमिका छ । यी दुईमध्ये कुनै एक चलचित्र मात्रै क्लिक भए पनि जिन्दगी नै चलचित्र क्षेत्रमा बिताउने संकल्प गर्छिन् सञ्जिता । त्रिचन्द्र कलेजबाट स्नातक गरिरहेकी सञ्जिताले भारत कालिङपोङबाट बाह्र कक्षासम्मको अध्ययन पूरा गरेकी हुन् ।

त्यसो त सञ्जिताको जन्म स्थान पनि कालेङपोङ नै हो । कला क्षेत्रमा गहिरो रुचि भएकी सञ्चिता तीन वर्षअघि काठमाडौं छिरेकी हुन् । गायक दीपेशकिशोर भट्टराईको आँखा जुधाएर गीतको म्युजिक भिडियोमार्फत् क्यामेरा फेस गरेकी सञ्जिता राम्रो अभिनेत्री बन्न हदैसम्मको संघर्ष गर्ने बताउँछिन् । जस्तोसुकै प्रकारको भूमिका निर्वाह गर्न सक्ने आत्मविश्वास आफूमा भएको बताउने सञ्चिता सम्पूर्ण नेपालीले हेर्न सक्ने चलचित्र बन्नुपर्ने धारणा राख्छिन् ।



## हिम्मती निर्देशक दयाराम दाहाल

निर्देशक दयाराम दाहाललाई हिंजोआज धेरैले खबरदारी गरिरहेका छन् । बूढा नायक, भुवन केसीको चलचित्र तिमीबिना मरिहाल्छुको निर्देशन गर्न सुरु गरेयता दयाराममलाई खबरदारी गर्ने काम सुरु भएको हो तर दयाराम कति सचेत छन् अरूको खबरदारीमा त्यो उनै जानुन् । उनले पनि धेरै बिचार गरेर भुवनको चलचित्रमा निर्देशन गर्ने निर्णय गरेका होलान् । यद्यपि अरूलेचाहिँ भुवनले आफ्ना निर्देशकहरूमाथि गरेको व्यवहार सम्झिएर खबरदारी गरेको हुनुपर्छ ।

कुरा के थियो भने विगतमा आफूद्वारा निर्मित तीनवटा चलचित्रका लागि लिएका तीनै जना निर्देशकसँग भुवनको जुहारी चलेको थियो । त्यति मात्र होइन झगडै परेको थियो । उनले चलचित्र करोडपतिमा निर्देशक किशोर रानासँग काम गरे तर किशोरलाई निर्देशकका रूपमा कतै चिनाएनन् । अर्का निर्देशक उगेन छोपेलसँग चलचित्र नेपालीबाबुमा काम गरे, उनले उगेनको नाम पनि चलचित्र तयार भएपछि बिर्सिए । उनका तेस्रा निर्देशक अनिष कोइरालाले सुपरस्टार निर्देशन गरे । अनिषको नाम त उनले चलचित्रबाटै काटिदिए । बाध्य भएर अनिषले पत्रकार सम्मेलन गरेर बह पोखे । ती निर्देशकहरूसँग सम्बन्ध चिसो भएपछि धेरैले चौथो चलचित्रमा हेरौं कसलाई निर्देशक बनाउँछौ भनेर च्यालेञ्ज गरेका थिए । अहिले आएर भुवन विजयी भएका छन् किनभने उनले निर्देशक भेटेका छन् । निर्देशक भेटेको मात्रै होइन, चल्तिका र सफल निर्देशक दयाराम दाहाल भेटेका छन् । अरूले दयाराममलाई खबरदारी गरे पनि हामी भन्छौं दयाराम हिम्मति निर्देशक हुन् । हिम्मत बटुलेरै उनले भुवनको विगत जान्दाजान्दै काम गरिसकेका छन् । त्यसैले सलाम निर्देशक दयाराममलाई भुवनको चलचित्र निर्देशन गरिदिएकोमा ।



# अब डिजिटल चलचित्र हल

**शिव शर्मा**

पोखरा- नेपाली चलचित्र हलमा पुरानै शैलीको प्रोजेक्टर अर्थात् सेल्युलाइड प्रविधिबाट चलचित्र हेर्ने प्रविधिमा परिवर्तन आएको छ । अब दर्शकले चलचित्र हेर्दा फरक स्वाद पाउनेछन् । डिजिटलको यो जमानामा नेपाली दर्शकले पनि अब डिजिटल प्रविधिमा चलचित्र हेरेर आनन्द लिनेछन् । डिजिटल प्रविधिमा चलचित्रको पर्दामा देखिने प्रकाश र ध्वनि स्पष्ट अनि सफा देख्न सकिन्छ । पोखरामा पहिलो पटक डिजिटल प्रविधिमा चलचित्र हेरेका नायक विराज भट्ट पनि मक्ख परे । अब नेपाली चलचित्र पनि डिजिटल फरम्याटमै बन्नुपर्छ, उनले प्रतिक्रिया दिए । २ हजार पावरको शक्तिमा प्रोजेक्टरले कार्बन सिस्टममार्फत नेपाली चलचित्र देखाइन्थ्यो । अहिले डिजिटल प्रविधि ७ हजार पावरको छ । पोखरामा आइतबारदेखि पहिलो पटक स्थानीय दुई चलचित्र हल श्रीकृष्ण र वाराहीमा डिजिटल प्रविधि भित्र्याइएको छ । डिजिटल प्रविधिमा निर्माण भएको भूषण दाहाल निर्देशित कागबेनी पोखराकै डिजिटल हलबाट अब छिट्टै प्रदर्शन हुँदैछ ।




२५ लाख खर्च गरेर प्रविधि जडान गरेका हलका सञ्चालक उत्तम द्वा दंग छन् । खर्चभन्दा पनि गुणस्तरीयतालाई ख्याल गर्नुपर्छ, उनी भन्दै थिए- यो प्रविधि जोडेपछि लाइट र साउन्ड राम्रो भएको छ । पहिले र अहिलेको तुलना गर्दा सयौं गुणा फरक पाए । दर्शकबाट पनि सकारात्मक प्रतिक्रिया आउन थालेको छ ।

हुन पनि यो प्रविधि जडान गरेपछि खर्च पनि कटौती भएको छ । चलचित्र प्रदर्शनका लागि प्रिन्ट बोकेर ल्याउनुपर्ने र ल्याबको झन्झटबाट हलसञ्चालकहरू मुक्त हुनेछन् । त्यसमाथि भन्सार र बन्दका कारण प्रिन्ट आउन महिनौं कुर्नुपर्ने अवस्था पनि अब रहेन, न त कार्बन नै चाहियो ।

'हार्डडिक्स' भए चलचित्र सजिलै देखाउन मिल्छ । कम्प्युटरमार्फत इन्टरनेट जडान गरी सीधै 'हार्डडिक्स' बाट पर्दामा चलचित्र देखाइन्छ । सेल्युलाइड फरम्याटबाट डिजिटल फरम्याटमा चलचित्र प्रदर्शनका लागि समय पर्खनु पर्दैन । सेटलाइटमार्फत फालिने हुनाले समयमै चलचित्र रिलिज पनि हुन्छ । डिजिटलमा आइटीसम्बन्धी ज्ञान भएका एक जना अपरेटर मात्र भए पुग्छ । सेल्युलाइडमा जस्तो धेरै अपरेटर चाहिँदैन । पहिलो पटक डिजिटल प्रविधिमा चलचित्र हेरेका गणेश ढकाललाई आनन्दित तुल्यायो । पहिले चलचित्र हेर्दा पर्दामा अस्पष्ट र साउन्ड मिलेको हुँदैनथ्यो, उनले भने- 'अहिले त चलचित्रको क्वालिटी र साउन्ड पनि एकनासको पाए ।'



मुम्बईमा रहेको युएफओ नामक संस्थाले पासवर्ड दिन्छ र त्यही अनुसार कम्प्युटरबाट चलचित्र देखाइन्छ । यही संस्थाले यो प्रविधि विगत साढे २ वर्षदेखि सञ्चालनमा ल्याएको हो । भारतका अधिकांश हलमा डिजिटल प्रविधि जडान भैसकेको छ । अहिले नेपालमा पनि यसको प्रभाव परेको हो । एउटा मेसिन जडानका लागि १२ लाखभन्दा बढी खर्च लाग्छ । अहिले यो प्रविधि राजधानीका आठ हलसँगै मोफसलका १० वटा हलमा गरी जम्मा १८ वटा हलमा जडान गरिएको छ । ती हलहरूमा डिजिटल प्रविधिमा चलचित्र प्रदर्शन हुने तयारी भैरहेको छ, युएफओ मुभिजका इन्जिनियर अनित श्रेष्ठले साप्ताहिकसँग भने- 'अहिले यसको डिमान्ड बढेको छ ।' यो प्रविधि जडान गरेपछि हलहरूमा दर्शकको संख्या पनि बढ्नेछ भन्ने उनको अनुमान छ । बिजुलीको कम खर्चसँगै किफायतीका हिसाबले डिजिटलको आवश्यक भएको हलसञ्चालकहरू बताउँछन् । जुनसुकै प्रविधिमा बनेका नेपाली चलचित्रको नेगेटिभलाई डिजिटलमा ढालेर प्रदर्शन गर्न सकिन्छ, इन्जिनियर श्रेष्ठले भने- नेपाली सिनेकर्मीहरूले डिजिटल फरम्याटमा चलचित्र बनाए, दर्शकले अझ बढी गुणस्तरीयता पाउनेछन् ।



## चलचित्र

### डर



बालाजी फिल्म्सले निर्माण गरेको नेपाली कथानक चलचित्र 'डर' आजदेखि उपत्यकाबाहिरका विभिन्न चलचित्रघरमा प्रदर्शन हुँदैछ। डराउने एउटा सीमा हुन्छ, जब मानिस अत्यन्तै डराउँछ त्यसपछि उसमा अचानक डरसँग लड्ने आँट आउँछ भन्ने भाव बोकेको यो चलचित्र थ्रिलर लभस्टोरीमा आधारित छ। निर्देशक प्रदीप श्रेष्ठको चौथो चलचित्र डर दमक, धरान, नारायणघाट, पोखरा, दाङ, तुलसीपुर आदि स्थानमा प्रदर्शन हुनेछ। यो चलचित्रको छायांकन नयाँ स्थलमा गरिएको निर्माण पक्षले बताएको छ। चलचित्रमा राजेश हमाल, निरुता सिंह, विराज भट्ट, रमित ढुङ्गाना, हेमन्त बुढाथोकी, ऋद्धिचरण श्रेष्ठ तथा रञ्जु लामिछाने आदिले अभिनय गरेका छन्।

### फैसला



दर्पण फिल्म्सको ब्यानरमा मदन घिमिरेद्वारा निर्देशित चलचित्र 'फैसला' आज शुक्रबारदेखि उपत्यकाबाहिरका प्रमुख सहरबाट प्रदर्शन हुँदैछ। प्रेमका बीच आउने विविध समस्यालाई विषय बनाइएको फैसलाको संगीत महेश खड्का, द्वन्द्व हिमाल केसी एवं छायाँकन दीपक वान्तवाको छ। शिव गिरी तथा गोविन्द ढुंगानाले निर्माण गरेको यो चलचित्रमा राजेश हमाल, विराज भट्ट, रेखा थापा, ऋचा घिमिरे, राज तिम्सिना, शिव गिरी, सीपी पौडेल आदि कलाकारले अभिनय गरेका छन्। यो चलचित्र पोखरा, नारायणघाट, दमौली, बुटवल, दमक एवं बिर्तामोड गरी छ स्थानबाट प्रदर्शनमा आउने भएको छ।

### फस्ट सन्डे




डेविड इ टाल्बर्टद्वारा निर्देशित चलचित्र 'फस्ट सन्डे' आज सार्वजनिक हुँदैछ। मनोरञ्जनात्मक चलचित्रका लागि आवश्यक पर्ने सबै मसला प्रयोग गरिएको यो चलचित्रले बक्स अफिसमा राम्रै स्थान पाउन सक्ने अनुमान विश्लेषकहरूले गरेका छन्। चलचित्रको कथाअनुसार अपराधीका रूपमा परिचय बनाएका डरेल र लि-जोन अत्यन्तै मिल्ने साथी हुन्छन्। उनीहरूले आफ्ना लागि रकमको आवश्यकता परेपछि जुनसुकै स्थानमा पनि चोरी गर्ने साहस जुटाएका हुन्छन्। डरेलकी पूर्वप्रेमिकाले आफू बस्ने स्थान छोड्ने थाहा पाएपछि चलचित्रले नयाँ मोड लिन्छ। कमेडी, ड्रामा, म्युजिकल तथा पर्फर्मिङ आर्ट्स, क्राइम/ग्याङस्टर बेसमा तयार भएको यो चलचित्रमा सेक्स्युअल ह्युमरको कथावस्तुलाई रोमाञ्चक शैलीमा प्रस्तुत गरिएको छ। चलचित्रमा आइस क्युब, रेजिना हल, पिजे बायर्न, क्याट विलियम्स, मालिन्दा विलियम्सले मुख्य भूमिकामा अभिनय गरेका छन्। चलचित्रको छायांकन लसएन्जल्स तथा वाल्टिमोरमा गरिएको हो।

### हल्ला बोल



राजकुमार सन्तोषीको 'ड्रिम प्रोजेक्ट' 'हल्ला बोल' आज सार्वजनिक हुँदैछ। चलचित्रका कथाकार तथा निर्देशक सन्तोषीले पाँच वर्षअघि यही चलचित्र शाहरूख खानलाई लिएर निर्माण गर्ने योजना बनाएका थिए, तर त्यो योजना तत्काल सफल हुन सकेन। खाकी र भगतसिंह चलचित्रमा काम गरेर सन्तोषीका प्रिय नायक बनेका अजय देवगण अहिले यो चलचित्रका मुख्य नायकका रूपमा देखिएका छन्। चलचित्रमा अस्फाक नामका पात्र अजय देवगण बलिउड चलचित्र उद्योगमा प्रवेश गर्ने तीव्र चाहना राख्ने युवक हुन्छन्। बलिउडमा प्रवेश गर्न कति गाह्रो छ भन्ने कुरा अस्फाकको यात्राले पनि पुष्टि गर्छ। सडक नाटकबाट अभिनय प्रारम्भ गरेका अस्फाकले एक दिन बलिउड उद्योगमा 'ब्रेक' पाउँछन्। जहाँ उनको परिचय समीर खान हुन्छ। समीर खान रातारात स्टार अभिनेताका रूपमा स्थापित हुन्छ, तर स्थापित अभिनेता बिस्तारै विभिन्न समस्याका कारण खस्कँदै जान्छन्। उनले आफ्नो वास्तविकतालाई बिर्सँदा चलचित्रको कथाले अर्को मोड लिन्छ। अजय देवगणका अतिरिक्त विद्या वालन, पंकज कपुर, रवि भाटियाले मुख्य भूमिका अभिनय गरेको यो चलचित्रमा करिना कपुर, श्रीदेवी, ज्याकी श्राफ, बोनी कपुर, पहलाज निहालानी, नीरज भोरा, तुषार कपुर तथा रञ्जित कपुरले अतिथि भूमिकामा अभिनय गरेका छन्। चलचित्रमा स्क्रिनप्ले र डायलगको अभिभारा पनि निर्देशक सन्तोषीले नै लिएका छन्।

पहिलो विश्व



## अश्लील नायिकाको नाम नै लोकप्रिय

अश्लील चलचित्रलाई जति रोचक मानेर हेरिन्छ त्यति नै उक्त चलचित्रका नायिकाको नाम राख्ने होड चलेको कुरा कमैलाई पत्यार लाग्न सक्छ। मानवीय स्वभावअनुरूप अश्लील चलचित्रलाई रोमाञ्चक रूपमा हेरिए पनि त्यसका कलाकारलाई भने छाडा नै मानिन्छ। सन् २००७ मा बालबालिकाको नाम छनौट गर्ने वेबसाइट बेबिनेम्सले गरेको सर्वेक्षणमा भने अधिकांश अविभावक आफ्ना सन्तानको नाम अश्लील चलचित्रका नायिकाको नामबाट राख्न लालायित भएको जनाइएको छ।

यसरी राखिने नाममा सर्वाधिक लोकप्रिय नाम आभा हो। यो नाम सर्वसाधारणमा मात्र नभएर अश्लील चलचित्रका नायिकाहरूबीचमै पनि लोकप्रिय छ। अहिले विश्वको उत्कृष्ट अश्लील चलचित्रमा कार्यरत चर्चित नायिकाहरूमध्ये करिब २० जनाको नाम आभा छ। जसमा आभा डेभिन, आभा लाउरेन, आभा रामोन, आभा रोज, आभा भिन्सेन्ट आदि यो क्षेत्रका होनहार नायिकाका रूपमा कहलिएका छन्। आभा नाम गरेकी नायिकाले चलचित्रमा गर्ने बोल्ड अभिनयका कारणले गर्दा नै अन्य नायिकाले पनि यो नाम रोजेका हुनसक्छन्, तर अहिले आभा नाम चलचित्रबाट बाहिर आएर स्ट्रिप बारदेखि नर्सरी स्कुलसम्म लोकप्रिय हुन थालेको छ। आभाका अतिरिक्त माडेलिन पनि सो गर्लहरूमा लोकप्रिय छ। मदिराको सुरमा निर्वस्त्र हुने पात्र ब्रियना, बेरोजगार प्रेमीको आँखा छलेर आफ्नो कार्यालयका सहकर्मीहरूसँग सम्पर्क राख्ने कैली, आफ्नो प्रेमीको इच्छा पूरा गर्न बारमा गएर स्ट्रिप डान्स गर्ने इसाबेल, अविवाहितहरूको पार्टीमा गएर हात तथा स्तन प्रयोग गर्दै धन कमाउने एरिना नामलाई अहिले अभिभावकहरू आफ्नो नयाँ सन्तानको नामकरण गर्न रुचाउन थालेका छन्। यसबाहेक अश्लील चलचित्रको संसारमा हेले, ग्रेस तथा स्कटजस्ता नाम पनि लोकप्रिय छन्।



## कन्डमको लुगा

मलेसियामा अहिले फेसन सप्ताह चलेको छ। यो फेसन सप्ताहमा स्थानीय फेसन डिजाइनरहरूले आफ्ना सिर्जनाहरू प्रस्तुत गरेका थिए, जसमा कन्डमद्वारा निर्मित पोसाकले सबैभन्दा बढी चर्चा पायो। मुस्लिम बाहुल्यता भएको समाजमा पहिलो पटक आयोजित सोमा प्रस्तुत डिजाइनको उद्देश्य एचआईभी/एड्सको जनचेतना जगाउनु थियो।

तस्बिर : टेन्कु बहार/एएफपी

## बिक्री भयो अडल्ट फ्रेन्डफाइन्डर




बुद्धि पुर्‍याएको खण्डमा जे-सुकैको व्यापार पनि फस्टाउँछ। अझ विश्वको पुरानो पेसा यौन कारोबारलाई आधुनिक गर्दै लान सकियो भने यसबाट हुने फाइदा कति हुन्छ भन्ने कुराको पछिल्लो उदाहरण भएको छ– 'अडल्ट फ्रेन्डफाइन्डर डटकम'। सन् १९९६ मा प्रचलनमा आएको अडल्ट फ्रेन्डफाइन्डर डटकमले आफ्नो वेबसाइटको अवधारणा वयस्क महिला तथा पुरुषबीच मित्रता कायम गराउने कार्यमा केन्द्रित गर्‍यो। अमेरिकाको क्यालिफोर्नियामा कार्यालय रहेको भेरियोस कम्पनीको यो साइटमै यौनसँग सम्बन्धित विज्ञापन राख्दै विभिन्न यौन उपकरणदेखि अस्थायी साधनसम्मको व्यापारमा हात हाल्यो। यो साइटले यौन व्यापारको क्षेत्रमा गरेको प्रगतिलाई यौन व्यापारकै क्षेत्रमा यसभन्दा अग्रणी स्थानमा रहेको पेन्ट हाउसले नजिकबाट नियालिरहेको थियो। पेन्ट हाउसले भने आफ्नो वेबसाइटबाट सोचेअनुसारको फाइदा भने गर्न सकेको थिएन, किनकि यो संस्था विश्वमा यौन मनोरञ्जन निर्माण गर्ने क्षेत्रमा लोकप्रिय र सफल कम्पनी मानिन्थ्यो। आफ्नो व्यापारलाई अझ विस्तार गर्न पेन्ट हाउसले अडल्ट फ्रेन्डफाइन्डर डटकमलाई ५० करोड डलर अर्थात् ३२ अर्ब रुपैयाँमा किनेको छ। यौन मनोरञ्जनको क्षेत्रमा कुनै कम्पनीले कुनै कुरा यत्रो रकम तिरेर किनेको यो पहिलो घटनासमेत हो। पेन्ट हाउसले यो साइट किनेर बुद्धि पुर्‍याएको मानिन्छ। पेन्टहाउसले अडल्ट फ्रेन्डफाइन्डर डटकममार्फत पहिलो वर्ष यौनका विभिन्न कारोबार गरेर ३४ करोड डलर अर्थात् २१ अर्ब ७६ करोड रुपैयाँ आम्दानी गर्ने अनुमान गरेको छ।

## र अन्त्यमा...



गुगलले अहिले विश्वको सूचना तथा प्रविधिको क्षेत्रमा तहल्कै मच्चाएको छ। यो कम्पनीले सार्वजनिक गरेका प्रत्येक प्रविधिले आमजनमानसमा कौतूहलता सिर्जना गरिरहेका छन्। यसको पछिल्लो उदाहरण गुगल अर्थ नै भएको छ। भू-उपग्रहमार्फत पृथ्वीको कुनाकुनाको तस्बिर खिचेर इन्टरनेटमार्फत प्रस्तुत गर्न सफल यो सफ्टवेयरले के-के खिचेको छ भन्ने कुरा बिस्तारै सार्वजनिक हुँदै आएको छ। यसै क्रममा अमेरिकाको पेनिसेल्भिनियाको हेजटनस्थित चित्रले अहिले चर्चा पाएको छ। घटनाअनुसार स्थानीय रंगशालाभित्रको घाँसमा अज्ञात व्यक्तिहरूले विशाल आकृतिको लिङ्ग तयार पारेका छन्। घाँसमा विशाल आकृतिको निर्माण अन्य ग्रहबाट आएका प्राणीले गर्छन् भन्ने मान्यता रहेकाले स्थानीय बासिन्दाहरूले यो चित्रले अन्य ग्रहका प्राणीलाई यौन पर्यटनको निम्ता दिएको मानेका छन्।

## सानो पर्दा

**मिडिया** मुभमेन्टको प्रस्तुतिमा 'नाता' शीर्षकमा एक टेलिश्रृंखला हाल नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ। गत असोज महिनादेखि हरेक मंगलबार राति ८:४०मा प्रसारण हुँदै आएको यो टेलिश्रृंखलामा नारी संवेदना एवं संघर्षको कथा समेटिएको छ। टेलिश्रृंखलाका निर्देशक धर्मेन्द्र सापकोटाका अनुसार उक्त टेलिश्रृंखला नर्वेली नाटककार हेनरी इब्सनको चर्चित नाटक 'डल्स हाउस'मा आधारित छ। निर्देशकका अनुसार टेलिश्रृंखलाको प्रस्तुति भने नेपालीकरण गरिएको छ। श्रृंखलामा गणेश उप्रेती, दीपक त्रिपाठी, देशभक्त खनाल, गणेश मुनाल, प्रेरणा शर्मा, लव शर्मा, शैलजा पाण्डे, मनीष पोखरेल, तेजुला खतिवडा आदिले अभिनय गरेका छन्।



**कान्तिपुर** टेलिभिजनको धार्मिक कार्यक्रम 'आत्मवचन'मा हरेक दिन फरक-फरक वक्ताको प्रवचन आउने गरेको छ। बिहान ६:१०मा प्रसारण हुने कार्यक्रममा आइतबार स्वामी श्री आत्मानन्द गिरी, सोमबार विदुषी शान्ति सुवेदी, मंगलबार आचार्य नारायणप्रसाद रिमाल, बुधबार आचार्य भिक्षु कर्मा संगबो, बिहीबार डा. रामानन्द गिरी, शुक्रबार डा. भवानीप्रसाद खतिवडा तथा शनिबार स्वामी श्री ज्ञानानन्द सरस्वतीका प्रवचन आउने गरेका छन्। कार्यक्रमका निर्माता आचार्य वासुदेवकृष्ण शास्त्रीका अनुसार विशेष अवसरमा डा.गुरुप्रसाद सुवेदी, आचार्य कपिलदेव आदिले पनि प्रवचन दिने गरेका छन्।

**च्यानल** नेपालमा नयाँ कार्यक्रमहरूको प्रसारण आरम्भ भएको छ। संगीतसम्बन्धी कार्यक्रमहरूको वर्चस्व रहेको उक्त च्यानलमा हरेक बुधबार राति ९ बजे प्रत्येक साता कुनै एक म्युजिक भिडियोको चिरफार गरिने कार्यक्रम 'म्युजिक एण्ड मोर'को प्रसारण हुन थालेको छ। विशाल भण्डारीले सञ्चालन गर्ने उक्त कार्यक्रममा सम्बन्धित म्युजिक भिडियोका निर्देशक, छायाँकार, गायक वा गायिका, संगीतकार, मोडल, गीतकार आदिलाई निम्त्याएर उनीहरूसँग म्युजिक भिडियोका राम्रा-नराम्रा पक्षका बारेमा छलफल गरिन्छ। त्यसैगरी उक्त च्यानलबाट हरेक शुक्रबार राति ९ बजे कुनै एक चलचित्रकर्मीलाई निम्त्याएर उनका बारेमा निकै अन्तरंग कुराकानी गर्दै कार्यक्रम सञ्चालक राजले कार्यक्रम 'एक्स रे' सञ्चालन गर्न थालेका छन्।

**इमेज** च्यानलमा हरेक मंगलबार राति पौने आठ बजे प्रसारण हुने गरेको रमाइलो कार्यक्रम 'गट द गट्स'ले चर्चा पाइरहेको छ। उक्त च्यानलकी चर्चित सञ्चालिका पल्लवी ढकालद्वारा सञ्चालन गरिने कार्यक्रममा पल्लवीले बटुवाहरूलाई कार्यक्रममा प्रत्यक्ष सहभागी गराएर उनीहरूसँग रमाइलो खेल खेल्ने र पुरस्कार दिने गरेकी छिन्।

**नेपाल** टेलिभिजन-२ मा हरेक शनिबार साँझ पाँच बजे खेलकुदसम्बन्धी प्रश्नोत्तर कार्यक्रम 'स्पोर्ट्स जिनियस' प्रसारण हुने गरेको छ। सञ्जीव शिल्पकारको निर्माण तथा सञ्चालनमा तयार पारिएको उक्त कार्यक्रमको पहिलो संस्करण अन्तरविद्यालय स्तरमा निर्माण भै प्रसारण भैसकेको छ भने हाल कार्यक्रममा खेलाडीहरूबीच प्रतिस्पर्धा भैरहेको छ। खेलाडीहरूसँग खेलजगत्सम्बन्धी प्रश्न सोधिने उक्त कार्यक्रममा राष्ट्रिय स्तरका खेलाडीहरू पनि सहभागी छन्।

## लभ गुरु रेखा



**म २८ वर्षीया अविवाहित युवती हुँ। मेरो विगत केही वर्षदेखि एक युवकसँग प्रेमसम्बन्ध थियो। अनायासै उसको अर्कैसँग विवाह भयो। मैले मलाई धोका दिएर अर्कोसँग विवाह गर्नुको कारण सोध्दा उसले परिस्थितिले गर्दा भन्ने जवाफ दियो। यद्यपि ऊ विवाह गरे पनि म तिमीलाई मात्र चाहन्छु भन्छ। ऊ मेरो पहिलो प्रेम भएकाले म पनि उलाई निकै चाहन्छु। म कुनै पनि हालतमा उसलाई बिर्सन सक्दिनँ। मैले ठीक गरिरहेकी छु कि छैन आफैंले बुझ्न सकिरहेकी छैन। म उसलाई जसरी भए पनि आफ्नो बनाउन चाहन्छु। कुनै उपाय छ भने बताइदिनुहोला।**

**–अभागी**

पत्रअनुसार तपाईंले युवकसँग साँचो प्रेम गरिरहनुभएको रहेछ। बरु त्यो युवकले पो तपाईंलाई प्रेमको बहानामा झुक्याइरहेको छ। प्रेमको अन्तिम स्वरूप विवाह हो भनिएको छ। तपाईंलाई विवाह गर्छु भनेर प्रेमको वाचा गरेको युवकले तपाईंलाई धोका दिई अर्कैसँग विवाह गरिसकेको छ। यथार्थलाई स्वीकार्नुहोस्। त्यो युवक कुनै पनि हालतमा तपाईंलाई प्रेम गर्दैन। उसले कुनै परिस्थितिवश अर्कैसँग विवाह गरे पनि त्यो परिस्थिति के थियो भन्ने तपाईंलाई खुलस्त पारेको रहेनछ। अर्को कुरा तपाईं एक विवाहित युवकलाई आफ्नो बनाउने प्रयत्न गरेर उसलाई सर्वस्व मानेर ऊसँग विवाह गरेकी अर्की युवती (उसकी श्रीमती) प्रति अन्याय गर्दै हुनुहुन्छ। साँचो प्रेम त्यो हो जुन प्राप्तिमा भन्दा त्यागमा बढी हुन्छ। तपाईं आफ्नो स्वार्थका लागि उसलाई बलि चढाउन सक्नुहुन्न। बरु त्यो युवकलाई धोकेबाज मानेर अरू कसैसँग विवाह गर्नु नै तपाईंको हितमा हुन्छ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**वर्ल्ड** वाइड मुभि मेकर्सले चलचित्र 'विष' निर्माण गर्ने भएको छ। उक्त निर्माण संस्थाले चलचित्रको गीत रेकर्डिङकार्य सम्पन्न भएको छ। शंकर घिमिरेको निर्माण तथा निर्देशन रहने चलचित्र विषका संगीतकार सुरेश अधिकारी हुन्। वसन्त श्रेष्ठ नृत्य निर्देशक रहने टुंगो लागिसकेको यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, शिव श्रेष्ठ, झरना थापा, सञ्चिता लुइँटेल आदि कलाकारले अभिनय गर्दैछन्। माघको पहिलो सातादेखि छायाङ्कन आरम्भ गरिने चलचित्र 'विष'का क्यामेराम्यान रत्न ढकाल मुन्ना हुन्।

**रियाज** म्युजिकको प्रस्तुति एवं म्युजिक भिडियो तथा टेलि विज्ञापनका निर्देशक सिमोस सुनुवारको निर्देशनमा चलचित्र 'मिसन पैसा'को छायाङ्कन समाप्त भएको छ। निखिल उप्रेती, निशा अधिकारी, आयुषा बस्नेत आदिले अभिनय गरेको चलचित्र मिसन पैसाको एउटा गीतमा म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले नायिका मेलिना मानन्धरसँग एउटा लोकगीतमा नृत्य गरेका छन्। चलचित्र पूर्णतः स्पेशल इफेक्ट्स एक्सनमा आधारित छ।

**म्युजिक** भिडियो निर्देशकका रूपमा चर्चा कमाएका भूषण दाहालद्वारा निर्देशित एवं क्वेस्ट इन्टरटेनमेन्टद्वारा निर्माण गरिएको चलचित्र 'कागबेनी'को प्रदर्शनी आजदेखि हुने भएको छ। मलेसियामा काम गरी गाउँ फर्किएका एक युवक तथा उनका बालसखाको रोमाञ्चपूर्ण यात्रामा आधारित चलचित्र कागबेनीमा गायक निमा रुम्बाले नायकको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा सौगात मल्ल, दिया मास्के, हनिफ मोहम्मद, पूजा गुरुङ, आशा मगराती, अनुप बराल, पुष्कर गुरुङ आदिको मुख्य भूमिका छ। डिजिटल चलचित्रका रूपमा निर्माण गरिएको कागबेनी सार्वजनिक हुनुअगावै क्वेस्ट इन्टरटेनमेन्टले अर्का म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङको निर्देशनमा चलचित्र 'सानो संसार'को निर्माण आरम्भ गरिसकेको छ। यो चलचित्रमा पूर्व मिस्टर नेपाल जीवन लुइँटेल तथा मोडल नम्रता श्रेष्ठको मुख्य भूमिका रहनेछ।

**नायिका** मेलिना मानन्धरले निर्देशक महेन्द्र बुढाथोकीसँगको संयुक्त लगानीमा निर्माण गरेको चलचित्र 'ज्वालामुखी' प्रदर्शनको सँघारमा पुगेको छ। निर्देशक बुढाथोकीका सहायक ओमप्रकाश निरौलाद्वारा निर्देशित चलचित्र ज्वालामुखीमा सुशील क्षेत्री, मेलिना मानन्धर, उषा पौडेल, धिरेन शाक्य, दिनेश शर्मा, मुकुन्द थापा, रमेश बुढाथोकी आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रका लेखक मौनता श्रेष्ठ, संगीतकार चेतन सापकोटा, द्वन्द्व निर्देशक एनबी महर्जन तथा छायाँकार सुमन तण्डुकार हुन्।

**लिम्बू** जातिको मृत्यु संस्कार सम्झाउने 'खाप्पुना मरङ्ना' फिदिममा प्रदर्शन गरिएको छ। अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवमा छानिएको किराँत मिथकमा आधारित चलचित्र लिम्बु जातिको बाहुल्यता रहेको ऐतिहासिक क्षेत्रमा प्रदर्शन थालिएको हो। डकुमेन्ट्रीजस्तो लाग्ने यो चलचित्रमा लिम्बू जातिको मृत्यु संस्कारको थालनी गराउन खाप्पुना मरङ्नाले सृष्टिमा जन्म लिएकी छिन्। लिम्बु मिथकअनुसार उनी त्यही खाप्पुना हुन्, जसलाई ईश्वरले पठाएका थिए। मानिसमा रहेको स्वाभाविक प्रेम अनुभूति गर्न पाइने करिब डेढ घण्टाको यो चलचित्रको अधिकांश छायांकन दार्जीलिङ क्षेत्रमा गरिएको छ।



**पूर्वाञ्चलका** युवा निर्देशक रविन श्रीको नयाँ चलचित्र 'सम्बन्ध'को छायांकन सुरु भएको छ। गीतकार शिवशंकर थापा एवम् पत्रकार मदन ढकालले बिर्तामोडको दुर्गा मन्दिरमा एक समारोहबीच चलचित्रको छायांकन प्रारम्भ गरे। चर्चित कलाकारहरू दिलीप रायमाझी, पूजना प्रधान, सीमान्त उदास, पुष्प श्रेष्ठ, अबुशा शाही, अशोक कार्की, लक्ष्मण पुण्य, विनु बजगाईं, शिवहरि बजगाईं आदिको अभिनय रहने चलचित्र 'सम्बन्ध' पारिवारिक कथामा आधारित भएको लेखक तथा निर्देशक रविन श्रीले बताए। यो चलचित्रको छायांकन झापा, मोरङ, सुनसरी, इलाम र दार्जीलिङमा गरिने भएको छ। रविनश्रीले पहिलो पटक ठूलो पर्दाको चलचित्र निर्देशन गर्न लागेका हुन्।

## तमुको ल्होसारको विविध कार्यक्रम

साउदी अरेबिया- संसारको एउटा बेग्लै कानुन भएको देश साउदी अरेबियामा तमुको विशेष चाड ल्होसार दमामस्थित एक हलमा भव्यताका साथ सम्पन्न भएको छ। नेपाली भाषा, साहित्य, कला र संस्कृति भनेकै हाम्रो परिचय हो यसलाई हरेक समुदायमा जीवन्त र दिगो राख्न हरेक समुदाय जागरूक हुन आवश्यक छ भन्ने उद्देश्यले साउदी अरेबियामा तमु धिं साउदी अरेबियाको आयोजनामा उक्त कार्यक्रम गरिएको हो। विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा प्रमुखहरू, व्यापारी, बुद्धिजीवी, लेखक, पत्रकार, समाजसेवी, तमु तथा गैर तमुहरूको उल्लेख्य उपस्थिति थियो।

कार्यक्रमलाई रोचक र मनोरञ्जन बनाउनलाई राजु तमु र दुर्गा तमुको नृत्यले अर्के मोड लिएको थियो। पहिलो पटक नेपाली चेली तुलसी तमुले साउदी अरेबियामा स्टेजमा गाएको गीतले सबैलाई भाबुक बनाएको थियो। कार्यक्रमको दोस्रो चरणमा अनेसास साउदी अरेबियाका का.वा. सभापति तिलक गुरुङद्वारा गाइएका गीतिएल्बम फूलजस्तोको विमोचन कार्यक्रमको प्रमुख अतिथि प्रकाशकुमार सुवेदी तथा कार्यक्रम संयोजक ओम तमुले गर्नुभएको थियो।

कार्यक्रमको तेस्रो चरणमा सम्मान कार्यक्रम थियो। धेरै लामो समयदेखि साउदी अरेबियामा रही आपत्विपत्मा परेका नेपालीहरूलाई आवश्य सहयोग पुऱ्याउँदै आएका व्यक्तिहरूलाई दोसल्ला तथा प्रशंसापत्र प्रदान गरेर सम्मान गरिएको थियो। कार्यक्रमको अन्तमा एक-अर्कामा शुभकामना आदनप्रदान गर्दै सेल रोटी र तरकारी खाँदै सहभागीहरू बिदा भएका थिए।

**–सागर श्रेष्ठ**

# जम्का भेट

**सोलुखुम्बुमा जन्मिएका डिजे तेन्जिङ शेर्पा नेपालकै पहिलो पुस्ताका डिजे (डान्स जक्की) हुन् । करिब डेढ दशकअघि राजधानीको ठमेलस्थित जोली ब्लुजबाट डिजेइङ प्रारम्भ गरेका तेन्जिङले आफ्नै मेहनतले सिकेको ज्ञानको भरमा डान्सपार्टी तताउन थालेका थिए । त्यसबेला धेरैका निम्ति डिजे भनेकै के हो भन्ने थाहा नभएको अवस्थामा डिजे पेसालाई अँगालेका तेन्जिङ अहिले आएर डिजेको संख्या बढेको देखेर र यसैमा क्यारियर विकास गर्न सक्ने अवस्था देखेर दंग छन् । मिडियामा सोचेजस्तो चर्चा नपाएको बताउने डिजे तेन्जिङ यतिखेर रिमिक्स एल्बम बजारमा ल्याउने तयारीमा जुटेका छन् ।**

**डिजे हुने रहर कसरी जाग्यो ?**

तन्नेरी उमेर भएपछि सौखका रूपमा डिजे बनेको हुँ । त्यसबेलाका डिजे नील आकाश, डिजे राजु सबैले आ-आफ्नै प्रयासमा डिजे सिकेको हो । संगीतमा सानैदेखि रुचि भएकाले गीत सुन्ने र सुनाउने प्रयासमा हामी डिजे भैसकेका थियौं । त्यसबेला राजधानीमा डिस्को पनि थिएनन् र डिस्कोमा बजाइने क्यासेट प्लेयर पनि थिएन, त्यसकारण नर्मल प्लेयरबाटै हामी गीत मिक्सिङ गरेर बजाउँथ्यौं ।

**डिजेइङमा पनि स्कोप हुन्छ भन्ने त्यसबेला लागेको थियो ?**

थिएन, पहिलो कुरा त्यसबेलामा हामी डिजे बन्न खोज्नेहरू कोठाभित्रै सीमित थियौं, दोस्रो राजधानीमै डिस्कोको ट्रेन्ड थिएन । धेरैलाई डिजे भनेको के हो भन्ने थाहा नभएकाले डिजेका अतिरिक्त पैसा कमाउने अर्को पेसा खोज्नुपर्छ भन्ने मलाई लाग्थ्यो ।

**कहिलेदेखि तपाईंलाई यसलाई पेसा नै बनाउनुपर्छ जस्तो लाग्यो ?**

चाखलाग्दो कुरा के भने, मैले जोली ब्लुजमा काम गर्न थालेपछि नर्मल प्लेयरबाट राम्रो डिजेइङ गरेको भनेर भारतीयहरूले समेत प्रशंसा गर्न थाले । जोलीपछि दरबारमार्गको एक्स जोनमा डिजेइङ गर्न थाले । यो डिस्को साउथ एसियामै चर्चित थियो । एक्स जोनमा काम गर्न थालेपछि आर्थिक दृष्टिकोणले पनि यो पेसामै केही होलाजस्तो लाग्न थाल्यो । त्यसपछि क्रमशः स्टुडियो फिफ्टी फोर, डाइनेस्टी, रक्सबार र अहिले क्लब प्लाटिनममा डिजेइङ गरिरहेको छु । अहिले आएर मेरा लागि डिजेइङ नै एक मात्र पेसा बनेको छ ।

**डिजेहरूको संख्या बढ्दै गएपछि असुरक्षित महसुस गर्नुभएको छैन ?**

छैन, अझै मज्जा भएको छ । प्रतिस्पर्धामा काम गर्दा क्वालिटीको कुरा आउँछ । डिस्को आउनेले पनि कुन डिजेको कति क्षमता रहेछ भन्ने थाहा पाएका छन् । डिस्को जाने ट्रेन्ड बढेको छ, त्यसकारण डिजेको संख्या बढेर घाटा छैन, फाइदै छ ।

**एल्बम निकाल्ने तयारीमा जुट्नुको कारण प्रतिस्पर्धाले नै हो कि ?**

मैले एल्बम ल्याउँछु भन्ने कुनै योजना बनाएको थिइनँ, तर मलाई चिन्ने र बुझ्ने सबैले तपाईंले पनि एल्बम ल्याउनुपर्छ भने पछि रिमिक्स एल्बम ल्याउने तयारीमा छु । यो कुनै प्रतिस्पर्धाका लागि नभै डिजे तेन्जिङको प्रयास मात्र हो ।



# रेखा थापाले छोटा पहिरन लगाउन छोडिन् भने के हुन्छ ?

रेखाले छोटा पहिरन लगाइदिनाले उनका श्रीमान् छवि ओझालाई केही राहत भएको थियो, उनले लामा पहिरन लगाउन थालिन् भने खर्च अलि बढ्छ ।

**– उज्ज्वल घिमिरे, निर्देशक (किस्मत)**

रेखाजीलाई चौबीसै घण्टा गर्मी भएका कारण छोटो पहिरन लगाउनुभएको थियो क्यार, उहाँले लामा लुगा लगाउन थाल्नुभयो

## केवल एक प्रश्न

भने गर्मी गएछ भन्ने बुझ्नुपर्छ ।

**– दिलीप रायमाझी, नायक**

(हाँसो) ... खै के जवाफ हुन्छ यो प्रश्नको ? मैले त जवाफै फेला पार्न सकिनँ । सोचेर पछि भनौँला है ।

**– राजेश हमाल, नायक**

उनका श्रीमान् छवि ओझाको खर्च बढ्छ । ४५ लाखमा चलचित्र बन्छ भने ४६ लाख लाग्न थाल्छ । उनको उपनाम देखा थापा भन्ने हट्छ । अलि-अलि असर हामीलाई पनि पर्छ किनभने धेरै कुरा छेलिन्छ ।

**– दीपकराज गिरी, हास्यकलाकार**

(हाँसो) यो त व्यक्तिका बारेमा प्रश्न भयो नि ! खै के भन्ने ? मेरो एन्सरले उहाँको चित्त दुख्ने हो कि ! अँ, मेरो विचारमा जाडोको मौसम सुरु भएकाले होला, उहाँले छोटा लुगा लगाउन छाडेर लामो लगाउँछु भन्नुभएको ।

**– सुगम पोखेल, गायक**



# चियाबारीको गाउँमा नयाँ-पुरानाको जमघट



इलाम– बिहान १० नबज्दै इलाम सदरमुकामस्थित आदर्श उच्च माध्यमिक विद्यालयको प्राङ्गण खचाखच भरिएको थियो । शनिबार त्यहाँ वरिष्ठदेखि कनिष्ठसम्मको जमघट हुने हल्लाले धेरैले शनिबार त्यही रमाइलो गरेका थिए । कार्यक्रम व्यवस्थापनमा तन्नेरीहरूको उत्साह गज्जबको देखिन्थ्यो । खासगरी यसै वर्षदेखि प्लस टु ज्वाइन गरेकाहरूको । 'मायाले मूलबाटो भुलेछ, नौरंगी फूलबारी देखेर' शब्दमा गायक कुबेर राईले भाका हाल्न थाल्नेबित्तिकै दर्शकदीर्घाबाट तालीको फोहोरा सुरु भैहाल्यो । पुसको पारिलो घामसँगै थुप्रिएका दर्शकमाझ टाढाभए के भो मायालु, अल्झिएकी फूलहरू पातपातमा जस्ता कर्णप्रिय गीत प्रस्तुत गर्दा गायक राईले वान्स मोर पाइरहे ।

दिन छिप्पिँदै जाँदा पुराना गायक कोमल निरौला उदाए । राईले तताएको मासलाई कम हुन नदिई निरौलाले पनि दुई-चारवटा गीत गाउन भ्याए । पालो पर्खिएर बसेका अर्का तन्नेरी पूजन प्रधान पनि पालो आउनासाथ बिहीबारे हाट लाग्दैछ गम्केर गीत गाएर दर्शकलाई नचाउन थालिहाले । दिन निकै ढलिसकेको थियो । चिसोले कठ्याङ्ग्रिन थालेको बेला आवाजको दुनियाँमा छुट्टै तरंग लिएर उदाए रेडियोकर्मी नवराज लम्साल । विभिन्न कविता र मुक्तकसँगै उनले कार्यक्रम सञ्चालन गरेपछि कार्यक्रममा रंग थपियो । साँझसम्म चलेको कार्यक्रममा गायक भूपेन राई, मणि मर्देवा, कृतिका राई आदि कलाकारले गीत संगीत प्रस्तुत गर्न भ्याए ।

पुरानासँगै नयाँ प्रतिभाहरूको प्रस्तुतिले कार्यक्रममा थप ऊर्जा दिएको थियो । नयाँहरूले अग्रजहरूबाट थुप्रै कुरा सिक्ने अवसर पनि पाएका थिए । राष्ट्रिय स्तरमा चर्चा कमाएका अग्रजसँग गीत गाउन पाउँदा नवप्रतिभाहरूले पनि खुसी अनुभूति गरे । कार्यक्रममा युनिभर्सल, इलाम कलाकेन्द्रलगायतका म्युजिक स्कुलका तर्फबाट विद्यार्थीहरूले नृत्य प्रस्तुत गरेका थिए । विद्यार्थीहरूले आयोजना गरेको सांगीतिक कार्यक्रमका अवसरमा अग्रज स्रष्टाहरूलाई सम्मान पनि गरिएको थियो । सम्मानित हुनेहरूमा गायक कोमल निरौला, कुवेर राई, नवराज लम्साल, पुजन प्रधान, भूपेन राई तथा कृतिका प्रधान रहे ।

**–विप्लव भट्टराई**

# कार्टुनसँग मस्ती

**साप्ताहिक समाचार**

काठमाडौं- कार्टुन च्यानलहरूमा देखिने कार्टुन चरित्रलाई शनिबार र आइतबार धेरैजना बालबालिकाले काठमाडौंको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा प्रत्यक्ष भेटे । परिसरभित्र कतै मिकी माउस र मिनी माउसको रोमान्टिक जोडी हात समातेर हिंडिरहेका थिए भने कतै टम एन्ड जेरीको मित्रता देखियो । पपै, गुफी, स्कुबी डु जस्ता कार्टुनका चरित्रहरू मात्रै होइनन्, स्पाइडर म्यान, सुपरम्यान, क्याट वुमेन जस्ता सुपर हिरो/हिरोइनहरूको भेष गरेका मानिसलाई देख्दा बालबालिका त खुसी हुने भैहाले उनीहरूका अभिभावकहरू पनि दंग परे । अग्ला स्वरूपधारी जोकरहरू, सान्ताक्लज आदिका साथै विभिन्न खेलहरूमा



बालबालिका रमाए ।

परिसरमा प्रवेश हुनेबित्तिकै देखिने ठूलो फूलको अघिल्तिर तस्बिर खिचाउन बालबालिका तथा उनीहरूका अभिभावकहरूको भीड देखिन्थ्यो । यसका साथै बालबालिकालाई निकै मनपर्ने परिकार पपकर्न, क्यान्डी फ्लोस, आइसक्रिम, पिज्जा, बर्गर, चकलेट आदिको स्टलमा पनि भीड देखियो । मायोज चाउचाउले आयोजना गरेको 'कार्टुन कार्निभल' ले धेरै बालबालिकाहरूको मन जत्यो ।

# पलेंटी शृंखला-२००८ मा पनि निरन्तर

काठमाडौं– नेपाली आधुनिक गीत-संगीतमा अधारित रहेर सञ्चालन हुँदै आएको पलेंटी-शृंखला २००८ मा पनि निरन्तर हुने भएको छ । नेपालयले विगत तीन वर्षदेखि सञ्चालन गर्दै आएको यो शृंखलामा हालसम्म नेपाल र दार्जीलिङका धेरैजसो प्रतिष्ठित गायक-गायिकाहरूको सहभागिता भैसकेको छ ।

पलेंटी अभियानले २००८ मा अझ धेरै कलाकारलाई समेट्ने निर्णय गरेको छ । यसै अनुरूप आगामी वर्षको पलेंटीमा उत्तर-पूर्वी भारत र भुटानका नेपालीभाषी कलाकारहरूसमेत निम्त्याइएका छन् । साथसाथै नेपालका थप सुप्रसिद्ध गायक, संगीतकार तथा गीतकारहरूको निरन्तरतालाई पनि कायम राखिनेछ । दर्शक-श्रोताको बढ्दो रुचिका कारण गत वर्षको पलेंटी-शृंखलामा सहभागी दुई जना प्रतिष्ठित गायक-गायिकालाई पुनः प्रस्तुत गरिने भएको छ । सुप्रसिद्ध गायिका तथा संगीतकार शान्ति ठटाल तथा सुप्रसिद्ध गायक कुमार सुब्बालाई आगामी वर्षको पलेंटीमा फेरि सुन्न एवं हेर्न पाइनेछ ।

अंग्रेजी महिनाको प्रत्येक अन्तिम शुक्रबार साँझ आयोजना हुने पलेंटीका आयोजकले नयाँ वर्ष २००८ को अवसर पारी आफ्नो वार्षिक क्यालेन्डर सार्वजनिक गरेका छन् । जसअनुरूप यस वर्षको पलेंटी-शृंखलामा नेपालबाट प्रेमध्वज प्रधान (जनवरी), मणीपुरबाट शान्तनुकुमार लिम्बू (फेब्रुवरी), आसाम-गौहाटीबाट अञ्जुदेवी (मार्च), मेघालय-सिलोङबाट महाप्रसाद गुरुङ (अप्रिल), दार्जीलिङबाट शान्ति ठटाल (मे), आसाम-डिगबोईबाट मीरा थापा (जून), दार्जीलिङबाट कुमार सुब्बा (जुलाई), नेपालबाट मदनकृष्ण श्रेष्ठ (अगस्ट), दार्जीलिङबाट बद्री, दुर्गा खरेल (सेप्टेम्बर), भुटानबाट प्रताव सुब्बा (नोभेम्बर) एवं वर्षको अन्तमा नेपालबाट गीतकार किरण खरेल (डिसेम्बर) संलग्न हुनेछन् ।

'विगत वर्षका पलेंटीले नेपाली अधुनिक संगीतको परिवेशमा न्यानोपन थपेको छ । २००८ को शृंखलाले त्यही क्रमलाई अझै वृहद् बनाउने विश्वास छ । साथै यो कार्यक्रमले संसारभरका नेपालीहरूको सांगीतिक एवं भावनात्मक सम्बन्धमा पनि बल पुऱ्याउनेछ,' - कार्यक्रमको संयोजन गर्दै आएका संगीतकार तथा गायक आभासले पलेंटीका बारेमा टिप्पणी गर्दै बताए ।

# आयो गोरु जुधाइने मेला

नुवाकोट– नेपालमा पशुलाई जुधाएर रमाइलोका लागि मनाइने एक मात्र पर्व गोरुजात्राको आकर्षण बढ्दो छ । नुवाकोटको लोकप्रिय पर्व गोरुजात्राको ऐतिहासिक स्थल हो तारुका । हरेक वर्ष माघेसंक्रान्तिको अवसरमा आयोजना हुने यो पर्वमा १२ हल गोरुबीच भिडन्त गराइने भएको छ । आन्तरिक पर्यटनका साथै जिल्लाको प्रमुख आकर्षण गोरु जात्रा हेर्न अन्य जिल्लाबाट समेत दर्शकहरूको ओइरो लाग्न थालेको छ ।

देशभर घ्यू, चाकु, तरुल तथा सेल खाएर मनाइने मकर संक्रान्तिलाई यहाँका बासिन्दाले शताब्दीऔंदेखि स्थानीय बारीका पाटामा गोरु जुधाएर मनाउँछन् । नुवाकोटको मल्लकालीन इतिहाससँगै जोडिएको गोरुजात्रा हेर्न जय पृथ्वीबहादुर सिंह तारुकास्थित आफ्नो मावली घर पुग्दा भान्जालाई मनोरञ्जन दिन पञ्चे बाजासहित गोरुलाई फूल, अबिरले सिंगारेर बारीको पाटामा लगी जुधाइने चलन रहेको स्थानीय वयोवृद्ध झमबहादुर प्रधान बताउाछन्।

स्थानीय कृषकहरू वर्षभरि मीठो-मसिनो खुवाएर मोटो बनाएपछि जुधाउँछन् । यसरी पालिएका बहर गोरुले जितेमा संसारै जितेजस्तो हमसुस गर्छन् । गोरुपालक कृषक बलराम आले भन्छन्- 'वर्षभरि कोदो, अण्डा, चामल, मास गोरुलाई ख्वाएर आफू गुन्द्रुक र भात खाइन्छ, अनि गोरुले हार्दा किन चित्त नदुखोस् । यहाँका कृषकहरू गोरु पालेर जित्ने मोहले गाउँमा प्रतिष्ठा पाउने आसमा हुन्छन् ।

**–विष्णु तारुके**



## साताको स्वर



### दिव्य सुब्बा

**तिम्रो मन... कस्तो प्रकारको गीत हो ?**
यो 'सफ्ट नम्बर लभ सङ' हो। यसलाई अल्टरनेटिभ पप गीत भने पनि हुन्छ। यो प्रेममा समर्पित गीत हो।

**गीतको भाव कस्तो छ ?**
प्रेमीले प्रेमिकाका लागि गाएको गीत हो। म तिमीविना बाँच्न सक्दिनँ भनेर प्रेमीले प्रेमिकालाई घर, सहर र ऐनासँग तुलना गरेको छ। गीत रचनाका दृष्टिकोणले पनि यो नयाँ प्रयोग हो।

**गीतको लक्षित वर्ग को हो ?**
मेरो गीतिसंग्रह नै टिनएजरमा लक्षित छ, त्यो वर्गले मेरो गीतलाई राम्रोसँग बुझ्न सक्छ।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो ?**
सबैले एकपटक सुन्नेबित्तिकै बधाई छ भनेर प्रतिक्रिया दिएका छन्। यसभन्दा अघिका गीतभन्दा फरक स्वाद भएकाले तिमी सफल भयौ भनेका छन्।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
भिडियो साधारण छ, तर अर्थपूर्ण छ। त्यसले गीतलाई राम्रोसँग प्रतिनिधित्व गरेको छ।

**संखुवासभाको** खाँदबारीमा वरुण बहुमुखी क्याम्पसले आयोजना गरेको लोकगीत प्रतियोगितामा डिचन्द्र राई प्रथम भएका छन्। स्थानीय लोकभाकालाई प्राथमिकता दिइएको प्रतियोगितामा हेम तामाङ र कर्णमाया तामाङ द्वितीय भए। पुष्पा याक्खा राईले प्रतियोगितामा तेस्रो स्थान हात पारिन्। क्याम्पसले आफ्ना विद्यार्थीबीच प्रतियोगिता गराएको थियो।

**"आखाँभरि** आँसु किन' गीत गाएर चर्चामा आएका गायक जबिकको पहिलो एकल एल्बम 'जीरो किलोमिटर'को पहिलो म्युजिक भिडियो 'हिजोआज'ले केही चर्चा बटुलेपछि हाल उनी एल्बमकै अर्को गीत 'भुलिदेऊ'को म्युजिक भिडियो निर्माणको तयारीमा छन्। जबिकले आफ्नो गायन शैलीभन्दा फरक शैली अर्थात् 'फ्युजन पप' शैलीमा गाएको उक्त गीतको म्युजिक भिडियो पनि निर्देशक आलोक नेम्वाङले नै गर्ने भएका छन्। जबिकका अघिल्ला दुई गीतका म्युजिक भिडियो पनि आलोकले नै निर्देशन गरेका थिए।

**गायक** निमा रुम्बा अचेल उनले पहिलो पटक नायक भएर अभिनय गरेको चलचित्र 'कागबेनी'को प्रचार-प्रसारमा खटेर लागेका छन्। आज शुक्रबार सार्वजनिक हुन लागेको उक्त चलचित्रको प्रचार-प्रसारमा उनी विगत एक महिनादेखि खटिएका हुन्। चलचित्रमा अभिनय गरेर त्यसको प्रचार-प्रसारमा लागेपछि निमाले चलचित्र जगत्लाई नजिकबाट नियाल्ने अवसर पाएका छन्। त्यसैले उनले हालसालै चलचित्र निर्माण गर्न प्रेरित भएको बताएका छन्। नीमाले आफ्नै लगानीमा केही समयपछि चलचित्र निर्माण गर्ने कुरा पनि बताएका छन्।

**नेपाली** म्युजिक भिडियो निर्देशन गरिरहेका जनकदीप पराजुलीले हालै भारतमा एउटा हिन्दी रिमिक्स गीतको म्युजिक भिडियो बनाएका छन्। नेपाली म्युजिक भिडियो निर्माणक्षेत्रमा चलचित्र 'लक्ष्य'को 'कस्तो नशा यो...' गीतको निर्देशन गरेर प्रवेश गरेका पराजुलीले 'सिरीमा सिरी', 'घाँस काट्ने खुर्केर', 'आँखाको नानी हौ तिमी' जस्ता नेपाली रिमिक्स गीतको म्युजिक भिडियो निर्देशन गरिसकेका छन्। यी तीन म्युजिक भिडियो एक परिचितमार्फत भारतमा पुऱ्याइएपछि सोनु टेक कम्पनीले उनलाई 'तेरे बिना जिन्दगी से कोई सिकवा नही' गीतको म्युजिक भिडियो निर्देशन गर्ने अवसर दियो। हाल उक्त म्युजिक भिडियोको निर्देशन गरी स्वदेश फर्किएका पराजुली 'जेनिथ', 'एट्र्याक्सन', 'बुम' आदि एल्बमका निर्माता पनि हुन्।

**डिजे** एलेक्सले आफ्नो अर्को रिमिक्स एल्बम 'रिङ्गटोन्स' यसै साता सार्वजनिक गरेका छन्। उक्त एल्बममा चलचित्र निर्माता तथा निर्देशक अशोक शर्माका चलचित्रका गीतको रिमिक्स गीतहरू समावेश छन्। अशोक शर्माकै प्रस्तुति रहेको उक्त एल्बममा विगतमा चर्चित 'रामजाने', 'तिमी हुन्छ भन', 'सम्झना-बिर्सना सलल', 'नागबेली चुल्ठोले', 'चिठ्ठी आएन' जस्ता गीत समावेश छन्। एल्बममा रिमिक्स गरिएका सबै गीतका वास्तविक संगीतकार शम्भुजित बासकोटा हुन्। डिजे एलेक्स 'बाखरी बाखरी', 'एकै नजरमा', 'ए संगीता' जस्ता गीतहरूको रिमिक्स गरेपछि चर्चामा आएका हुन्। उक्त रिमिक्स गीतको एल्बममा समावेश गीतहरूको 'इन्स्ट्रुमेन्टल' मोबाइल रिङ्गटोनका रूपमा राखिएको छ।

**चलचित्र** निर्माण, प्रदर्शन आदि काम गरिरहेको गोपीकृष्ण मुभिजले संगीत उत्पादन एवं बिक्री वितरणको काम पनि आरम्भ गरेको छ। गत सोमबार एक कार्यक्रमबीच संगीत उत्पादक तथा वितरक गोपीकृष्ण म्युजिकले आफ्नो पहिलो उत्पादन चलचित्र 'पर्खी बसें'का गीतहरू सार्वजनिक गऱ्यो। चलचित्र 'पर्खी बसें' गोपीकृष्ण मुभिजद्वारा निर्माण गरिएको चलचित्र हो। उत्पादक संस्थाका निर्माता उज्ज्वल पौडेलका अनुसार गोपीकृष्ण म्युजिकको शुभारम्भ आफ्नै ब्यानरमा निर्माण भएको चलचित्रको एल्बम उत्पादनबाट भए पनि भविष्यमा उक्त कम्पनीले अन्य पप, लोक, आधुनिक तथा चलचित्रका एल्बमहरूको उत्पादन तथा बजार व्यवस्थापन गर्नेछ। चलचित्र 'पर्खी बसें'को एल्बम नायक भुवन केसीबाट विमोचन गरिएको थियो। चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न पाइन्छ।

**गायक** रामकृष्ण ढकालले आफ्ना आठवटा एकल एल्बमको शीर्षक 'आ' अक्षरबाट जुराए। उनले नवौं एकल एल्बमको शीर्षक भने 'आ'बाट जुराएका छैनन्। ढकालले जानकारी गराएअनुरूप उनको तयार भैरहको नयाँ एल्बमको शीर्षक 'मेरो साथी' रहनेछ। एल्बमको शीर्षक 'नयाँ साथी' जुराउनुको पछाडि पनि रामकृष्णको आफ्नै तर्क छ। उनले वेबसाइट इनशा डटकमलाई भनेका छन्- 'मेरो गीतका प्रशंसकहरू लगभग बिदेसिइसके। आधुनिक गीत सुन्ने एउटा पुस्ता विदेश पुगिसक्यो। देशको अव्यवस्थित राजनीतिले गर्दा पाइरेसी गर्नेहरूको बोलवाला छ। त्यसैले मैले अब नयाँ प्रशंसक जुटाउनुपर्ने बेला भएको छ। नयाँ प्रशंसक अर्थात् नयाँ साथी जुटाउन एल्बमको शीर्षक नै 'मेरो साथी' जुराएको छु।' ढकालका अनुसार अहिले पपगीतको लहर चलेको छ। एफएम रेडियोहरूको संख्या झन्डै तीन सय पुगिसकेको छ। सूचना क्रान्तिले धेरैलाई सघाए पनि सङ्गीत उद्योगलाई सघाउन सकेको छैन। एल्बमको बिक्री घट्दो छ। त्यसैले उनी नयाँ पुस्तालाई आफ्नो साथी बनाउन चाहन्छन्। यद्यपि रामकृष्णको 'मेरो साथी'मा अर्को एक साथी थपिएका छन् म्युजिक भिडियो मेकर आसिफ शाह। उनले रामकृष्ण र नीलमलाई लिएर एल्बमको एक म्युजिक भिडियो बनाइसकेका छन्। रामकृष्णको नयाँ एल्बमका सबै गीतमा संगीतकार न्ह्यु बज्राचार्यका संगीत सुन्न पाइन्छ।

**गायिका** कोइलीदेवीको १३ औं पुण्यतिथिका अवसरमा गत साता राजधानीमा एक श्रद्धाञ्जली सभा सम्पन्न भयो। कोइलीदेवी संगीतकोषले आयोजना गरेको श्रद्धाञ्जली सभामा साहित्यकार श्यामदास वैष्णव, रेडियो नेपालका कार्यकारी निर्देशक रामशरण कार्की, म्युजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्मा, एभिन्युज टेलिभिजनका अध्यक्ष भाष्करराज राजकर्णिकार, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय अध्यक्ष मोहान सिटौला, गायिका मीरा राणा आदिले स्व.गायिका कोइलीदेवीले नेपाली सांगीतिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए।

**"हाम्रो** संगीत हाम्रो भेट, अबको यात्रा भन्नु एक' नारासहित सल्भ नेपाल नामक सामाजिक संस्थाले गत सातादेखि उपत्यकाका विभिन्न स्थानमा 'वृहद् सांस्कृतिक कन्सर्ट'को आयोजना गरिरहेको छ। गत साता आरम्भ भएको उक्त कन्सर्ट शान्ति सम्झौताप्रति प्रतिबद्धता जनाउँदै गरिएको हो। गायक तथा गायिकाहरू अविनाश घिसिङ, रेश्मा सुनुवार, दीपक लिम्बू, भरत सिटौला, मौसमी गुरुङ, आगन्तुक खरेल, अमृत क्षेत्री, धर्मेन्द्र सेवान, रजनी कायस्थ आदि कलाकारबाट प्रत्यक्ष गीतहरू सुनाउँदै गत पुस ६ गते वसन्तपुर डबलीबाट आरम्भ भएको कन्सर्ट पटक-पटक गरेर बाह्र पटक उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरका डबलीहरूमा आयोजना हुने बताइएको छ।। उक्त कन्सर्टमा बद्री पंगेनी, राजकुमार रायमाझी, दुर्गा गुरुङ, पवित्रा घर्तीमगर, विरेन्द्र विक, आस्था राउत आदिले लोकदोहारी गीत, महादेव त्रिपाठी तथा कलाकारहरूबाट नाटक प्रदर्शन एवं कविता वाचन पनि भैरहेको छ।




रोमान्टिक मुद्रा : गायक विजय लामा अमेरिकामा एउटा म्युजिक भिडियोको छायाँकनका क्रममा नेपाली मोडलसँग ।

## लाइभ सो

बालबालिकासँग सम्बन्धित प्रतिस्पर्धात्मक कार्यक्रमको लहरमा फोक्स एड नेपाल नामक संस्थाले आगामी माघ ५ गते शनिबार 'नमस्ते चिल्ड्रेन अफ द इयर- २०६४' नामक कार्यक्रम आयोजना गर्ने भएको छ। राजधानीस्थित दुई दर्जनभन्दा बढी विद्यालयमा अध्ययनरत ८ देखि १२ वर्ष उमेर समूहका १८ जना बालक तथा १३ जना बालिकाको सहभागितामा सञ्चालन हुने प्रतियोगिताको हाल प्रशिक्षण कार्य भैरहेको छ। सञ्जित श्रेष्ठ, धीरज बज्राचार्यको कोरियोग्राफीका प्रतिस्पर्धीहरूका पहिरन तयार पार्ने जिम्मेबारी लखोटिया इन्स्टिच्युट अफ आर्ट एन्ड डिजाइनले पाएको छ। कार्यक्रममा उत्कृष्ट हुने बालक तथा बालिकाका अतिरिक्त अन्य विभिन्न विधामा विजेताको छनौट गरिनेछ। कार्यक्रमको अन्तिम प्रतिस्पर्धा प्रज्ञाभवन कमलादीमा सञ्चालन गरिनेछ।

## नजिकबाट — शशी राव

| | | |
|---|---|---|
| जन्ममिति | : | २७ भादौ |
| नाम | : | शशी |
| नामको अर्थ | : | चन्द्रमा |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | काभ्रेस्थली, रावलटार |
| रुचि | : | नयाँ ठाउँ घुम्ने |
| प्रकाशित एल्बम | : | इन्ट्रान्स |
| सांगीतिक गुरु | : | गुरुदेव कामत, भानुभक्त ढकाल, ईश्वर अमात्य, रवि |
| नजिकका साथी | : | धेरै छन् |
| मनपर्ने परिकार | : | पीरो खानेकुरा सबै |
| पकाउन जानेको परिकार | : | म:म |
| मनपर्ने रंग | : | कालो, सेतो |
| मनपर्ने पहिरन | : | जिन्स, टिसर्ट |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | ब्याडमिन्टन |
| फुर्सदमा | : | गीत सुन्छु, टेलिभिजन हेर्छु |
| मनपर्ने गीत | : | हजार सपनाहरूको... |
| रिस उठेका बेला | : | रुन्छु |
| मनपर्ने आफ्नै बानी | : | सबैलाई माया गर्ने |
| पहिलो गीत | : | माया के हो ? |
| पहिलो एल्बम | : | इन्ट्रान्स |
| पहिलो चर्चित गीत | : | चाहना सकियो |
| सबैभन्दा बढी माया | : | जोखेको छैन |
| पहिलो बाजा | : | हार्मोनियम |
| पहिलो प्रेम | : | छैन |
| राम्रो बानी | : | साथीहरूसँग सोध्नुपर्छ |
| नराम्रो बानी | : | चाँडै चित्त दुखाउँछु |
| गोप्य कुरा | : | भन्नुहुँदैन |
| अन्य प्रतिभा | : | मुड भयो भने मीठो खाना बनाउँछु |



## गाउँमा संगीत-साधना

**मोहन लिम्बू**

**इलाम–** शनिबार एक नबज्दै एक हूल युवा एउटा कोठामा जम्मा हुन्छन्, त्यसपछि कोही हार्मोनियममा हात लम्काउँछन् त कोही मादल, तबला अनि गितारतिर। अरूचाहिं गीत गाउन डायरी पल्टाउन थाल्छन् अनि सुरु हुन्छ बाद्यवादनको तालमा गीत।

सदरमुकामदेखि १५ कोस दक्षिण बाँझोपाँचस्थित चिसोपानी पञ्चमीका युवाहरूले दुई वर्षदेखि यसरी नै गीत-संगीतको तृष्णा मेटिरहेका छन्। उनीहरू अन्य कामलाई थाँती राखेर हरेक शनिबार एक बजेदेखि चारबजेसम्म बाद्यवादन बजाउँछन्, गीत गाउँछन् अनि अगुवाहरूले चाहिं सिकारुहरूलाई सिकाउँछन्। 'युवापिँढी गलत बाटोमा नलागून् र आपसी सम्बन्ध पनि सुमधुर होस् भनेर 'मिर्मिरे सांस्कृतिक परिवार' नामक संस्था खोलेर हामीले यो अभियान थालेका हौं,' सांस्कृतिक परिवारका अध्यक्ष काजीमान राई बताउँछन्।

शनिबारे संगीत कक्षामा १५ देखि २० जनासम्म जम्मा हुन्छन्। यसरी जम्मा हुनेहरू अधिकांश युवा छन्, तर यहाँ ४० वर्ष कटिसकेकाहरू पनि सहभागी हुन्छन्। २०५५ सालमा रेडियो नेपालले आयोजना गरेको देशव्यापी लोकगीत प्रतियोगितामा प्रथम भएकी कल्पना राई गाउने-



बजाउने प्रशिक्षण दिन्छिन्। 'घरव्यवहारले गर्दा सोचेजस्तो प्रगति म आफैंले गर्न सकिनँ, तर आफूले जानेजति अरूलाई सिकाउन पाउँदा खुसी लागेको छ,' उनले भनिन्।

वाद्यसामग्रीहरू तिहारमा देउसी खेलेर र आफूआफू उठाएर संकलन गरिएको पैसाबाट किनिएको हो। 'साउन्ड सिस्टम छ, ड्रमसेट छ, हार्मोनियम, गितार, तबला, मादल, किबोर्ड र सारङ्गी गरी हामीसँग करिब १ लाख रुपैयाँ बराबरको सामान छ,' परिवारका कार्यालय सचिव हेमन्त राईले बताए। शनिबार भेला हुने युवाहरूले लोक, आधुनिक तथा पपगीतको अभ्यास गर्छन्।

## ठट्यौली प्रकाशसँग



पाहुना फर्कने अवस्थामा थिएन । धेरै धैर्य गरिसकेपछि घरमालिकले भने- 'हजुर, तपाईंका लागि अरू के ल्याऊँ चिया, कफी, नास्ता, कोल्ड ड्रिंक, पान वा ट्याक्सी ?'

०००

नरेको घरमा पाहुना आए । नरे छिमेकीकहाँ एउटा गुन्द्री माग्न गयो ।

'हामीसँग दुईवटा मात्रै गुन्द्री छ,' छिमेकीले खेद प्रकट गर्दै भने– 'एउटामा म र मेरो बुबा सुत्छौं, अर्कोमा मेरी श्रीमती र मेरी आमा सुत्छन्....म कसरी गुन्द्री दिन सक्छु ?'

'भैगो गुन्द्री नदे,' नरेले भन्यो- 'तर गधा, सुत्न त सिक् ।'

०००

एउटी महिलाले थानामा पुगेर आफ्नो लोग्ने हराएको तीन दिन भएको कुरा बताइन् ।

'तपाईंको लोग्नेको हुलिया बताउनुहोस् त, हामीलाई खोज्न सजिलो हुन्छ,' प्रहरीले अनुरोध गरे ।

'पुड्को छ, मोटो छ, अगाडिको दुईवटा दाँत थोते छ, पकौडाजस्तो नाक छ, मुसाको जस्तो कान छ, हात-खुट्टा बाङ्गो-टेढो छ, दाह्री-जुँगा, आ बाल मतलब हजुर, हराओस् जतासुकै जाओस्, हिंडे म ।

०००

'तिमी के काम गर्छौ ?'

'टिम्बरको काम गर्छु ।'

'ओहो ! जंगलको जंगल काठ किन्छौ होला हगि ?'

'हैन, सुन्धारामा दतिवन बेच्छु ।'

०००

बाबु मरेको १३ औं दिनको कार्यका लागि छोरो निम्तो छपाउन पत्रिकाको अफिसमा गयो ।

'दस शब्दसम्मको ३ सय लाग्छ,' पत्रिकावालाले भन्यो– 'के लेख्ने हो ? लेखेर दिनुस् ।'

'रामकुमारको किरिया १२ गते, सबै आफन्तहरूलाई निम्तो' लेखेर पत्रिकावालालाई दियो र ३ सय पनि दियो ।

'यो त सात शब्द मात्रै भयो, यो ३ सयमा त तपाईं अरू तीन शब्द पनि थप्न सक्नुहुन्छ ।'

'रामकुमारको किरिया १२ गते, सबै आफन्तलाई निम्तो, साइकल बिक्रीमा छ' उसले तीन शब्द थपिदियो ।

०००

घाँटीमा प्लास्टर गरेर हिंडेको मानिसलाई अर्को व्यक्तिले सोध्यो- 'के भएर घाँटी भाँचियो ?'

'गाईको दूध खाएर ।'

'गाईको दूध खाँदा पनि कही घाँटी भाचिन्छ ?'

'गाई बस्यो नि त....'

०००

रातभरि तास खेलेको एक व्यक्ति सैलुनमा पुग्यो.... र हजामलाई भन्यो- 'दाह्री बनाइदेऊ ।'

'हजुर उँघिरहनुभएको छ, घाँटी ठाडो पार्नुस् अनि पो त दाह्री बनाउन मिल्छ ।

'त्यसो भए कपालै काटिदेऊ ।'

०००

**मेरो कुरो** : एयर कन्डिसनरको सबैभन्दा ठूलो फाइदा– रुघा लाग्नलाई पुस-माघ पार्खिरहनुपर्दैन, बाह्रै महिना रुघा लाग्न सक्छ ।

०००

## कविता

### चार हाइकु



**उछिने**
पालो छोराको
बाबुले नै उछिने
पीरति गाँस्न

**नेपाल**
सेता हिमाल
प्रकृति बोल्छ आफै
देश नेपाल

**प्रकृति**
माया मिलन
उत्तीस र गुराँस
प्रकृति माझ

**परिचारिका**
घरको पीडा
रोगी नै भोक निद्रा
परिचारिका

**–पार्वती पुडासैनी**

### तिमीलाई



मैले तिमीलाई गाउँ दिन सकिनँ
मैले तिमीलाई ठाउँ दिन सकिनँ
मैले तिमीलाई नाउँ दिन सकिनँ
म सादा कागजजस्तै थिएँ
तिमी आई रङ्ग छायो
म आँसुको नदीमा थिएँ
खुसी र उमंग छायो
मेरो आँखामा सुखद स्वप्ना सजाउन आयौ
मेरो जीवनमा तिमी जागरण ल्यायौ
म जहाँ जहाँ गए उहीं भएर
मेरो हर दुःख-पीडामा साथ दिन आयौ ।

**–रामेश्वर जलन**

### बहाना मिल्यो

सुत्न भनी लाग्दा मनमा कुरा खेल्न थाले नाना आज
कस्तो थियो उही उहिले कस्तो आयो जमाना आज
बल हुँदा पाखुरीमा सारा संसार आफ्नै हुँदो रै'छ
बुढेसकालमा भने सुन्नुपर्ने सबका ताना आज
चोट र वेदनाले छाती जलिसकेपछि त हे प्रभु
सुन्न मन हुँदोरहेछ विरहका गाना आज
पुराना मित्रहरू भेटिहाल्छ यदाकदा 'अकाश' ले
प्युनलाई सँगसँगै मिलिहाल्छ कैयौं बहाना आज ।

**–आकाशचन्द्र न्यौपाने**

### थाहा छैन

म त छेउमा आ'को थिएँ छड्के नजर कुदाएर
उनको माया पा'को थिएँ परेली नै जुधाएर
उनले किन हेरेकी हुन् ? अर्थ मलाई आ'को छैन
गोलीजस्तै तीर उनका चोखो माया ला'को छैन
परिचय मुस्कान थियो हृदय के नहोला र !
उनले कतै छोडी जाँदा मुटु मेरो नरोला र
तुलना नै के पो गर्नु ? विकल्प नै नभएपछि
मोतीजस्तै आँखा उनका छुनै नपाई मरिएपछि
उपहारले कुनमा उनी खुसी हुने थाहा छैन
चिठी लेखी पठाऊँ भने ठेगाना नै थाहा छैन ।

**–विष्णुकुमार अधिकारी**

### किन माया मारिदियौ ?

न कुनै मूर्ति छाड्यौ, न कुनै प्रतिविम्ब
मुटुभित्र केवल तिम्रै मायालु विम्ब गाडिदियौ
हृदयभित्र माया जाँच्न गहिराइ नाप्न खोज्दा
डुब्छ कि हृदयमा भनी सतहमा नै उतारिदियौ
संवेग थिए कति-कति मुटुभित्रै गुम्सिएका
हाँसी-हाँसी त्यसलाई पनि बहानाले टारिदियौ
रोबोटजस्तो जीवन रोज्यौ सुख खोज्ने धुनमा
तिम्रै लागि सँगालेका मायालु भावना दुत्कारीदियौ
झझल्को आउँछ एकान्तमा तिम्रै मायालु शब्दहरु
खुसी दिने बहानामा आँसु मात्र झारिदियौ
जीवन त आखिर एक दिन ओइलाउने नै हो
हाँस्दाहाँस्दै बोल्दाबोल्दै किन माया मारिदियौ ।

**–लक्ष्मण पुरी**

### निष्ठुर प्रेम

भावनामा बगी तिमीसँग प्रेम लाएँ
के थाहा थियो र धोका पाउनुसम्म पाएँ
चोखो माया दिएको थिएँ आफ्नै मानेर
तर निष्ठुरी तिमी गइछौ नि अन्तै भागेर
सागरजस्तै थियो माया गहिरो मेरो तिमीलाई
सगरजस्तै थियो माया विशाल यो जुनीभरिलाई
कर्मैमा यस्तो थियो कि क्यारे आँसुको भेल बगाउनुपर्‍यो
पीडा पनि यस्तरी दियौ नि वरै दिनरातको चैन हर्नुह्‍यो
ऐनामा देख्याजस्तै कतै हुन्न रै'छ नि
कुन बेला छाल बनी भत्काई हिँड्दो रै'छ नि
हाई-हाई गर्दै हिँड्नुपर्‍यो म दुनियाँसामु आज रोई
विश्वास अब कसको गर्ने, रहेनछ कोइ ।

**–ठाकुरमान लामा**

## लघुकथा

### सविताको सपना



सविता नायिका बन्ने लक्ष्य बोकेर गाउँकै एकजना युवकसँग सहर पसी ऊ सहरको रमझम त्यहाँको फेसन अनि सपनाको संसारमा रम्न थाली । सवितालाई उक्त युवकले काठमाडौंको सभ्यता र सम्पन्नताको चिनायो ।

जब सविता पूर्णरूपमा त्यो युवकप्रति विश्वस्त भई एक रात चलचित्रको निर्देशकसँग भेटाउँछु भन्दै युवकले सवितालाई एउटा महंगो होटलमा लग्यो र एउटा मानिसको समीपमा निर्देशकज्यूले जे-जे भन्नुहुन्छ, त्यो कुरा मान्नु, अनि त नायिका पक्का... यति भनेर ऊ सवितालाई त्यहीं छाडेर हिंड्यो । नायिका बन्ने धुनमा त्यस रात सविताले युवकले चिनाएको निर्देशकका हरेक चाहना बिनासर्त पूरा गरी ।

त्यसैगरी धेरै पटक नायिका बनाउने आशामा त्यो युवकले सवितालाई नयाँ-नयाँ निर्देशकसँग भेटाउँथ्यो । हरेक रात सविता निर्देशकको निर्देशनअनुसार हिंड्थी । एक दिन सविता बिरामी परी । जचाउँदा उसको रगतमा एचआइभी पोजेटिभ भेटियो । जुन दिन यो कुराको सुइँको युवकले पायो, ऊ फरार भयो । सविताले त्यो व्यस्त सहरको भीडमा न युवकलाई भेटी न ती निर्देशक चरित्रका पुरुषहरूलाई नै ।

**–शिवराम सापकोटा**

# सकियो प्रदर्शनीको रमाइलो

रूपन्देहीवासीको पर्वका रूपमा लिइने औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सव १२ दिनसम्म सञ्चालन भै मंगलबार सम्पन्न भयो । 'स्वदेशी उत्पादन प्रयोग गरौं, नयाँ नेपाल निर्माण गरौं भन्ने मूल नाराका साथ रूपन्देही उद्योग संघको आयोजनामा पुस १२ देखि बुटवल मण्डपमा सञ्चालन भएको दसौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सव दर्शक मागका कारण दुई दिन लम्ब्याएर १२ दिन दिनसम्म चलेको थियो । महोत्सवमा आएका दर्शकले स्वदेशी उद्योगका उत्पादन अवलोकन तथा किनमेलसँगै भरपूर सांगीतिक मनोरञ्जन लिन पाए ।

यसबीचमा दर्शकहरू राष्ट्रिय स्तका १६ वटा समूहबीच दिनहुँ चलेको दोहोरी प्रतिस्पर्धामा नाचेर रमाए भने प्रदर्शनी आइडलमार्फत् आधुनिक र पप गीतको तिर्सना मेट्न पाए । बुटवल-१२ रामनगरको बुटवल मण्डपमा भएको प्रदर्शनीमा बद्री पंगेनीका गणतन्त्र र आन्दोलनका गीत तथा रामचन्द्र काफ्लेको लोकपपले बुटवल मण्डपको १६ बिघा ततायो । प्रदर्शनी अवधिभर गायक कलाकारले नै दर्शकको मन सबैभन्दा बढी जिते । त्यस्तै बुटवलमा पहिलो पटक आएकी सत्यकला राईलाई पनि दर्शकले राम्रै साथ दिए ।

दोहोरीका हस्तीहरू मिलन लामा, पुरुषोत्तम न्यौपाने, कृष्ण देवकोटा, राजु परियार, प्रजापति पराजुली, देविका केसी, पार्वती जीसी, शिला आले, मञ्जु महत तथा हास्य कलाकार मनोज गजुरेल तथा जितु नेपालले पनि दर्शकहरूलाई सक्दो मनोरञ्जन प्रदान गरे । यस्तै स्थानीय कलाकार मञ्जु पौडेल, वैकुण्ठ महत, पुष्कल शर्मा एवं नृत्य प्रतिभा सोनु घिमिरेले पनि घरेलु दर्शकलाई मनोरञ्जन दिलाए । सांस्कृतिक कार्यक्रम स्थलमा दर्शकदीर्घाबाट उत्कृट नृत्य गर्नेलाई पुरस्कृत गर्ने नौलो थालनीले नाच्नेहरूबीच नै होडबाजी चल्यो ।

प्रदर्शनीमा मुलुकका १९ जिल्लाका विभिन्न उद्योग प्रतिष्ठानका कृषि, हस्तकला, गार्मेन्ट, नर्सरी, खाद्यान्न, रेस्टुरेन्टलगायत झन्डै डेढ दर्जन प्रकृतिका ३ सय ३० भन्दा बढी स्टल राखिएका थिए । प्रदर्शनी ३ लाख दर्शकले अवलोकन गरेको र झन्डै १० करोडको कारोबार भएको आयोजक संस्थाका अध्यक्ष एजाज आलमले बताए ।

**एन्जिला भइन् प्रदर्शनी आइडल**

बुटवलमा सञ्चालित दसौं राष्ट्रिय औद्योगिक प्रदर्शनीको बिल्कुलै नौलो प्रस्तुति र आकर्षणको केन्द्र बनेको 'प्रदर्शनी आइडल' को उपाधि बुटवल सुख्खानगरकी ११ वर्षीया एन्जिला रेग्मीले चुमेकी छन् । पप तथा आधुनिक गायन प्रतिभाहरूबीचको प्रतियोगिताको फाइनलमा एभरेस्ट बोर्डिङ स्कुल बुटवल कक्षा ४ मा अध्ययनरत एन्जिलाले रूपन्देही शंकरनगर घर भै न्यू होराइजन उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत वासुदेव ज्ञवालीलाई पछि पार्दै प्रदर्शनी आइडल घोषित भएकी हुन् । आइडल उपाधिसँगै उनले १० हजार नगद तथा विभिन्न उपहार तथा अवसरहरू प्राप्त



गरेकी छन् । औद्योगिक प्रदर्शनी तथा व्यापार मेलाजस्ता आयोजनामा सम्भवत: नेपालमै पहिलो पटक भएको यो प्रतियोगितामा ५६ जनाले भाग लिएका थिए । तीमध्ये १० जनाबीच गायनकलासँगै दर्शक मतका आधारमा प्रतिस्पर्धा गराइएको थियो । १० जनाबाट छनौट हुँदै 'टप टु' मा पुगेका एन्जिला र वासुदेव दुवै जनालाई २० हजार १ सय ५८ मत परेको थियो । जसमा एन्जिलाले वासुदेवभन्दा ४ सय ६० भोट बढी पाएकी थिइन् । उपविजेता वासुदेवले ७ हजार नगद, तृतीय हुने सुमन क्षेत्रीले ५ हजार एवं सान्त्वना हुने हरिनारायण थारुले ३ हजार नगद प्राप्त गरेका छन् । आइडल बन्न नसके पनि गत वर्षको किड्स ट्यालेन्ट उपाधि विजेता लक्ष्मी विकले आफ्नो स्वरमार्फत धेरैको प्रशंसा तथा सहानुभूति बटुलिन् भने सुष्मा विक, अविरल न्यौपाने, श्रीनिवास चौधरी, सरिता श्रेष्ठ एवं विक्रम थापा पनि आसलाग्दा प्रतिभाको रूपमा दरिए । आइडल एन्जिलाको हितान शुक्रको शब्द-संगीत रहने एउटा गीत निःशुल्क रेकर्डिङ हुने भएको छ भने उनलाई एउटा चलचित्रमा गाउने अवसर मिलेको छ ।

उपविजेता वासुदेवलाई उनको विद्यालयले उच्च शिक्षासम्म निःशुल्क अध्ययनको अवसर दिएको छ । प्रदर्शनी आइडलको नतिजा सुन्न सोमबार साँझ दस हजारभन्दा बढी दर्शक बुटवल मण्डपमा जम्मा भएका थिए ।

यसैगरी प्रदर्शनीमा चलेको राष्ट्रिय स्तरको दोहोरी प्रतियोगितामा राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान रूपन्देही प्रथम भएको छ । प्रतिस्पर्धी रेसुंगा दोहोरी समूह गुल्मीलाई पराजित गर्दै रूपन्देही प्रथम भएको हो । १६ वटा समूहलाई हराउँदै प्रथम भएको रूपन्देहीले नगद २० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्‍यो । यस्तै उपविजेता गुल्मीले १५ हजार नगद तथा प्रमाणपत्र प्राप्त गर्‍यो । प्रतियोगितामा सयपत्री समूह दाङ तृतीय एवं निरमाया दोहोरी समूह काठमाडौं सान्त्वना भएका थिए ।

**परिकार महोत्सवको बेग्लै आकर्षण**

गाउँघरको झझल्को दिने खरले छाएको फराकिलो बाटुलो टहरो । टहराको अगाडिपट्टि पहेंलपुर मालाले सजिएका ठूल्ठूला रोंचे अर्थात् बडेमानका गाग्रा । टहरोको भित्र-बाहिर मखमलको चोली, पटुकी, घलेक, टिकिया तथा पोतेमा सजिएका किशोरी एवं अधबैंसे महिलाहरूको हूल । कसैले खाना बनाइरहेका, कसैले वेटरको काम गरिरहेका, टहराको एक छेउमा नौमती बाजा घन्किरहेको । बाजाको तालमा खाना खाँदै नाचगान पनि चलेको छ । टहराभित्र टेबलमा खाना खानेहरूको जतिबेला पनि भीड, पालो पाउनै मुस्किल ।

यो दृश्य हो, बुटवलमा आयोजित दसौं औद्योगिक प्रदर्शनीमा सञ्चालित परिकार महोत्सवको । होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ बुटवलको संयोजनमा १२ दिनसम्म चलेको परिकार महोत्सव प्रदर्शनीमा आउने धेरैको आकर्षण बन्यो । खाना महोत्सवमा बुटवल-११ आमा समूहकी अध्यक्ष जमुना गुरुङको नेतृत्वमा रहेका २५ जना सदस्यहरूले खाना महोत्सवमा आउने ग्राहकहरूलाई नेपाली मौलिक तथा परम्परागत खानाका परिकारले स्वागत गरेर ग्राहकको मन जित्न सफल भए । महोत्सवमा कोदो र फापरको ढिंडो, लोकल कुखुराको मासु, सेल रोटी, सिस्नोको साग, गुन्द्रुक, भटमास तथा सिद्राको तरकारी, टिमुरको चटनी, बटुक, खिर, कुराउनी, झिनुवा एवं छ्याङ (जाँड) आदि परिकारहरू राखिएको थियो ।

खानाका परिकारहरू काँसका थाल, काँसकै कचौरा र काँसकै गिलासमा राखेर दिंदा धेरैले ससुरालीमा पाउने आत्मीयता एवं सम्मानको सम्झना गरे । यी परिकार खान ग्रामीण क्षेत्रका भन्दा आफूलाई आधुनिक मान्ने सहर-बजारका सबै वर्गका बासिन्दाको प्रदर्शनी अवधिभर घुइँचो लाग्यो । आफूले बनाएका परिकारको स्वाद मन्त्रीदेखि विदेशी पर्यटकसम्मले लिएको तथा धन्यवाद पाएकोमा आमा समूहकी अध्यक्ष जमुना गुरुङ अत्यन्त उत्साही भएकी छन् । पूर्खाले खाएको परम्परागत परिकारको स्वाद दिलाउन गत वर्षदेखि खाना महोत्सव सुरु गरिएको महोत्सवमा यसपटक दैनिक दुई हजारभन्दा बढीको हाराहारीमा ग्राहकहरू खान खान आएको संयोजक माधव नेपालले साप्ताहिकलाई बताए ।

**–टोपराज शर्मा**

# देशभक्ति के हो ?

के हुनु गरिब जनतालाई ठग्नु त हो ।

**रोशन मगर, पाल्पा**

मेरा लागि सेवा, सहयोग र देशको भलो हो तर नेताका लागि पैसा कमाउनु अनि महल सजाउनु हो ।

**सुनिल मंग्राती (१७), भीमढुंगा**

राष्ट्रको बजेटमा बिल्डिङ ठड्याउनु, छोरा-नातिलाई अमेरिका पुऱ्याउनु ।

**टीकाराम अर्याल**

आफ्नो देशप्रतिको भक्तिपूर्ण भावना नै देशभक्ति हो ।

**कुशल रौनियार (१७), काठमाडौं**

जनतालाई महान् मानेर जनताको भक्ति गर्ने, स्वाभिमानी एवं स्वावलम्बीपन ।

**अमृत मगर, पाल्पा**

देशप्रेम हो । सबैले आफ्नो देशलाई प्रेमिकासरह माया गर्नुपर्छ ।

**सरोज अधिकारी**

देशका लागि केही गर्नुपर्छ ।

**शान्ता गौतम**

खै, के हो, के हो ? १४ हजार नेपालीको मृत्युको कारण बनेका माओवादी, माओवादी जन्माउने नेताहरू, नरसंहार मच्चाउने फोरम र मोर्चा अनि दिनहुँजसो बन्द गरेर जनतालाई दुःख दिने तत्त्वहरूले समेतले आफूलाई देशभक्त र आफ्नो अराजकतालाई देशभक्ति भन्न थालेपछि 'देशभक्ति' को ठोस परिभाषाबाट म अन्जान हुन थालेको छु ।

**missinasanee@yaoo.com**

प्रत्येक सच्चा नागरिकमा हुनुपर्ने गुण हो देशभक्ति ।

**दिव्या भट्टराई, गाईघाट**

तपाईं पनि देशभक्त त हुनुहुन्छ नि !

**जयराम भट्टराई, जनकपुर**

यो कुराको ज्ञान चाहिएको भए, इतिहासका पाना पल्टाएर धर्मभक्त, गंगालाल, दशरथ र सुक्रराजको जीवनी पढ्नुहोस् ।

**समर्पण भट्टराई**

वर्तमान नेपालको परिवेशमा भन्नुपर्दा देशभित्र बाँच्नु नै देशभक्ति हो ।

**किरण राना (१६), पोखरा**

देशभक्तिको परिभाषा किन सोध्नुभएको सम्पादकज्यू । यदि यो देशमा कसैलाई देशभक्तिको परिभाषा थाहा हुँदो हो त अहिले नेपाल किन यसरी लथालिङ्ग हुन्थ्यो ?

**कमल जिसी (२४), खोटाङ**

खै, यसो बुझ्दा त देशका जनतालाई रुवाउनु नै देशभक्ति होला जस्तो छ ।

**कविर कुलुङ (१९), सोलु**

देशभक्तिको कुरै नगर्नुहोस्, मलाई बैराग लागेर आउँछ । राजनीति गर्नेहरूले मच्चाएको आतंकबाट देशभक्तिको भाव नै हराएर गैसक्यो । बरु विदेशभक्ति सोध्नुहुन्छ भने अलिअलि भए पनि लेखेर पठाइदिउँला ।

**निरोज भट्टराई**

देशभक्ति भनेको देशको भक्ति हो । जो देश र जनताका निम्ति बलिदान दिन तयार रहन्छ उही नै भक्त हो ।

**ठाकुरमान श्रेष्ठ (४०), धादिङ**

मातृभूमिबाट के पाइन्छ भन्ने नसोची देशलाई के दिन सकिन्छ भन्नेतर्फ सोच्नु नै देशभक्ति हो ।

**रक्षा पौडेल (१६), भीमान**

नेपालीहरूलाई देशभक्तिका बारेमा केही थाहा छैन, थाहा भएको भए देशको यो हालत हुन्थ्यो होला र ?

**सुबिन श्रेष्ठ, हेम्जा, पोखरा**

साहित्यकार सरुभक्त सरुको भक्त हो भने देशभक्ति भनेको देशको भक्ति हो ।

**रोशन आलेमगर, पोखरा**

निःस्वार्थ भावनाले देशका लागि गरिने सेवा

**दुर्गाबहादुर माझी, भीरपानी**

देशका लागि निःस्वार्थ भावना लिई जुनसुकै काम गर्न पनि पछाडि नपर्नु ।

**सरस्वती दनुवार, काभ्रे**

स्वदेशबाट विदेशमा पलाएन भएर जानु होला ।

**सम्पूर्ण प्रजापति**

देशका लागि केही गर्नु ।

**शान्ता गौतम**

देश र भक्ति मिलेर बनेको शब्द ।

**डि. विरक (२१)**

शब्दकोश पल्टाएर हेरेको त देश भनेको नेपाल रे, भक्ति भनेको चाहिँ भक्ति थापा रे । अंग्रेजसँग लडाइँ गरेका थिए नि, हा... हा... हा...!

**पर्शुराम पन्थी , काठमाडौं**

पर्खनुस्, पर्खनुस् प्रचण्ड ज्यूसँग सोध्न दिनुस् । अनि भनौंला हुन्न...?

**वीरेन्द्रकुमार चौधरी (१९), वीरगन्ज**

ल के भन्नु, सबै आ-आफना मतमा अडिग छन्, देशभक्ति भएको भए देश सुखी, शान्त तथा हाराभरा भैहाल्थ्यो नि ।

**जीवन चौधरी, वीरगन्ज,**

आत्माले नै यो देशलाई आफ्नो मान्नु ।

**प्रतिमा घिमिरे भट्टराई, मोरङ**

सायद युरोप, अमेरिका नताकी आफ्नै देशको सेवा गर्नु पो हो कि ।

**अज्ञानी समिर, काठमाडौं**

मन, वचन र कर्मले, जन्मभूमिलाई आत्मैबाट आफ्नो मानी देशकै लागि केही गर्ने भावना जाग्नु ।

**शम्भुराज घिमिरे, मोरङ**

देशका लागि केही गर्नु ।

**हडिन्द्र कार्की, धनकुटा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
२. प्रेममा धोका हुने कारण के हो ?
३. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
४. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
५. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
६. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
७. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
८. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
९. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
१०. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २२ वर्षीय विवाहित महिला हुँ । हाम्रो विवाह भएको ६ वर्ष भयो । हाम्रो २ वर्षको छोरा छ । हाम्रो परिवार सुखी छ, तर हामीलाई एउटा समस्याले ज्यादै पिरोलेको छ । यो समस्याले मेरो वैवाहिक जीवनमा नै असर पार्लाजस्तो छ र म एकदमै मानसिक तनावमा छु । मेरो योनि अलि फराकिलो छ । त्यसकारण यौन सम्पर्कमा रहँदा हामी पर्याप्त यौनआनन्द लिन सक्दैनौं । श्रीमान्लाई मेरो योनि फराकिलो जस्तो लाग्छ भने मलाई श्रीमान्को लिंग नै सानो जस्तो लाग्छ । हामी सम्पर्कमा रहँदा मेरो योनि ज्यादै चिप्लो हुन्छ । यही कारणले पनि आनन्द लिन सकेजस्तो लाग्दैन । अब हामीले कसरी यौनआनन्द लिन सक्छौं ? योनि सानो बनाउने र लिंग ठूलो बनाउने उपाय बताइदिनुभए आभारी हुने थिएँ र मेरो वैवाहिक जीवन पनि सफल हुने थियो अनि मानसिक तनाव पनि हट्ने थियो ।**

**– अभागी**

**उत्तर : लिंग सानो कि योनि ठूलो ?**

व्यक्तिअनुसार लिङ्ग वा योनिको नाप र आकारमा धेरै भिन्नता हुन्छ । ऋषि वात्सायनले पनि नापलाई आधार बनाएर लिङ्ग तथा योनिको वर्गीकरण गरेका छन् । उनले लिङ्गको नापअनुसार खरायो, वृष (साँढे) तथा अश्व (घोडा) र योनिको गहिराइअनुसार मृगी, घोडी र हस्तिनी गरेर ३-३ वर्गमा विभाजित गरेका छन् । वात्सायनका अनुसार खरायो पुरुषको मृगी, साँढेको तथा घोडी तथा घोडाको हस्तिनीसँगको मिलन सर्वश्रेष्ठ अर्थात् 'समरत' मानिन्छ । त्यसबाहेकका अन्य यौनसम्पर्कलाई 'विषमरत' भनिन्छ । विषमरतमा पनि पुरुषको लिङ्गको नाप नारी योनिको भन्दा ठूलो भएको स्थितिमा 'उच्चरत' भनिन्छ भने सानो भए 'नीचरत' । सामान्यतया उत्तेजित अवस्थामा लिंगको लम्बाइ यस्तै ५ दशमलव ९ (धेरैजसोको ५ दशमलव २५ देखि ६ दशमलव २५) इन्चको हुन्छ । योनि मांसपेशीले बनेको एकदमै लचिलो वा भनौं तन्किन सक्ने गुण भएको नली आकारको अङ्ग हो, जसको सामान्य लम्बाइ ३ देखि ४ इन्च हुन्छ । सामान्य अवस्थामा यसको भित्ताहरू एक-अर्कासँग टाँसिएको अवस्थामा हुन्छन् तर लिङ्ग प्रवेश गर्दा यसले त्यसका लागि स्थान दिन्छ । योनिको बाहिरी एकतिहाइ भाग यौन संवेदनशील हुन्छ ।

श्रीमान्को लिङ्गको नाप लेख्नु नभएकाले तपाईंको श्रीमान्को लिङ्ग सानो कि तपाईंको योनि फराकिलो भन्न सकिने स्थिती भएन, तर कतिपय कारणले नाप ठ्याक्कै मिलाएर मात्र यौनसम्पर्क राख्न सम्भव हुँदैन । विवाहभन्दा पहिले यसको नाप लिने कुरा व्यावहारिक रूपमा सम्भव छैन । शरीरको बाहिरको नापले यौनाङ्गको नापलाई प्रतिबिम्बित गर्दैन । विषमरत स्थितिमा यौनसम्पर्क हुँदा अपनाउनुपर्ने यौन आसनका बारेमा पनि वात्सायनले चर्चा गरेका छन् र त्यसको व्यावहारिकता अझ कायमै छ ।

**के गर्न सकिएला ?**

यौनसम्पर्क गरिने आसनमा विविधता ल्याएर यसमा सुधार ल्याउन सकिन्छ । योनि खुकुलो लागेको स्थितिमा विशेष गरेर जाँघ फैलाएको स्थितिभन्दा नजिक ल्याइएको स्थिति सहयोगी हुन सक्छ । लिङ्गलाई ठूलो वा लामो बनाउने विभिन्न उपाय प्रयोग गरिएको पाइन्छ । त्यसमध्ये एक लिङ्गको कसरत तथा हातैले तन्काउने विधि हो । अर्को उपाय तौल वा यन्त्रको सहायताले तन्काउने विधि हो भने अर्को पम्प प्रयोग गर्ने विधि हो । यी सबै विधिका दीर्घकालीन प्रभावकारितामा अनेक प्रश्न छन् । शल्यचिकित्सा अर्को महत्त्वपूर्ण उपाय हो र यसका पनि अनेक प्रकार छन् । यस्ता शल्यक्रियापछि नाप बढ्ने कुरा र यौन सक्षमतामा मिश्रित नतिजाहरू आएका छन् । यो तपाईंले सोच्नुभएको जस्तो सजिलो भने नहुन सक्छ । अर्को बुझ्नुपर्ने तथ्य के पनि हो भने योनि मांसपेशीले बनेको एकदमै तन्किन सक्ने गुण भएको नली आकारको अङ्ग हो । एकछिन विचार गर्नुहोस् त, कुनै ठूलो आकारको कुरा मुखमा हालियो भन्दैमा त्यो सधैं खुकुलो भएर सानो कुरा च्याप्नै नसक्ने गरेर खुकुलो हुन्छ र ? पक्कै हुँदैन । कुरा जे भए पनि योनिको मांसपेशीलाई कडा राख्न केगेल कसरत एउटा राम्रो उपाय हो ।

**केगेल कसरत के हो ?**


यौनाङ्गक्षेत्रको मांसपेशीलाई बलियो बनाउन गरिने कसरतलाई नै केगेल (Kegel) कसरत भनिन्छ । यसका लागि सबैभन्दा पहिले pubococcygeus भनिने मांसपेशी समूहको पहिचान गर्नुपर्छ । यसका लागि पिसाब फेर्दा मांसपेशीको संकुचन गरेर पिसाब रोक्ने प्रयास गर्ने र यो प्रक्रिया दोहऱ्याउने, तेहेऱ्याउने गरेर सो मांसपेशीको पहिचान गर्नुपर्छ । यही पिसाब रोक्न प्रयोग गरिने मांसपेशी नै यौन संवेदनशील मांसपेशी हो । यसले योनिद्वारलाई पनि घेरेर राखेको हुन्छ । अब यसको कसरत गर्दा सुरुमा यस्तै १ सेकेन्डसम्म बेस्सरी खुम्च्याएर राख्ने र छाड्ने अर्थात् खुकुलो बनाउने । बिस्तारै यसलाई बढाएर ५ सेकेन्डसम्म पुऱ्याउनुपर्छ । बिस्तारै यो १० देखि १५ सेकेन्डसम्म संकुचित गर्ने (खुम्च्याउने) र छोड्ने । यो क्रम बढाउँदै दिनभरिमा यस्तो गर्ने क्रम २० पल्टसम्म पुऱ्याउनुपर्छ । यसरी ६ सातासम्म नियमित रूपमा कसरत गरे थाहा पाउने गरेर केही फरक देखिन्छ । यो मांसपेशी संकुचित गरेर यौनसम्पर्कको बेलामा लिङ्गलाई बेस्सरी समात्न प्रयोग गर्न सकिन्छ । यसले तपाईंलाई मात्र होइन, श्रीमान्लाई पनि यौनसुख प्राप्त गर्न मद्दत मिल्छ ।

**थप कुरा,**

महिलाको सबैभन्दा यौन संवेदनशील अङ्ग भगांकुर योनिभन्दा बाहिरै हुन्छ भने योनिको पनि बाहिरी भाग मात्र यौन संवेदनशील हुन्छ । त्यसैले लिङ्ग केही सानो भयो भन्दैमा महिलाले यौन सुखप्राप्त गर्न नसक्ने भन्ने कुरा नआउनुपर्ने हो । त्यसैगरी यौनसम्पर्क गर्दा योनिको मांसपेशीमा संकुचन ल्याएर होस् वा तिघ्रा नजिक ल्याएर होस्, योनिमार्गलाई सानो बनाएर लिङ्गको घर्षणका लागि सजिलै आवश्यक दबाब सिर्जना गर्न सकिन्छ ।

तपाईंले नलेखे पनि श्रीमान्-श्रीमती बीच नै एक अर्कालाई दोषी मानेको भाव झल्कन्छ । जटिल र अनावश्यक समाधानभन्दा सजिलो समाधान खोजेर आफ्नो यथार्थलाई स्वीकार्दै बाँच्नेहरूले सुखमय जीवन यापन गर्न सक्छन् र यो कुरा यौनसुखको सन्दर्भमा पनि लागू हुन्छ । कतिपय दम्पती यौनसन्दर्भमा कुराकानी पनि गर्न सक्दैनन् । राम्रो कुरा के छ भने तपाईंहरूले समस्या पहिचान गर्नुभएको छ र यसै क्रममा आपसमा कुराकानी पनि गर्नुभएको छ । यो महत्त्वपूर्ण कुरा हो । यसैको सकारात्मकतालाई डोऱ्याउँदै कसरी एक-अर्कालाई सहयोग गर्दै यौन सुखप्राप्त गर्ने भन्ने कुरातर्फ ध्यान दिए यौनसुख पाइने मात्र होइन, मानसिक तनाव समाप्त हुनुका साथै आफूलाई अभागी मान्नुपर्ने स्थिति पनि आउँदैन ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



## हृदयाघात रोकिने

बेलायतका वैज्ञानिकहरूले हृदयाघात रोक्ने नयाँ औषधि पत्ता लगाएको दाबी गरेका छन् । लन्डनको किंग्स कलेजका वैज्ञानिकहरू सामेल उक्त अनुसन्धानमा रक्तचापसम्बन्धी रोगमा प्रभावकारी औषधी बनाउन सकिने बताइएको छ । उच्च रक्तचाप रोक्न प्रयोग गरिने विधिलाई अक्सिडेसन भनिने प्रतिवेदनमा जनाइएको छ । यद्यपि उक्त औषधीको खराब असर देखिएकोले थप अनुसन्धान जारी छ । यसमा रहेको हाइट्रोजन प्याराअक्साइडल कोषहरूलाई नष्ट गर्न सक्ने बताइएको छ ।

## जन्मदिनको शुभकामना


शिक्षा राउत
२०५९ पुस २७


आदित्य चौधरी
२०६२ पुस २८


भुषण बराल
२०५९ पुस २८


एरिन शाक्य
२०५५ पुस २८


प्रमेश तिमिल्सिना
२०६३ पुस २९


सौरभ रिमाल
२०५९ माघ १


सिशान्त महर्जन
२०५९ माघ १


कञ्चन शाह
२०५९ माघ २


हिमाल विष्ट
२०६० माघ २


आभुषण राजथला
२०५९ माघ १


सुलभ थापा
२०५६ पुस २७



## विश्वमा बालमृत्युदर घट्यो



घटेको संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले संसारबाट बालमृत्युदर जनाएको छ । खोप सुविधाको उपलब्धता, मलेरियाको प्रभावकारी नियन्त्रण र सन्तानलाई स्तनपान गराउने बानीमा आएको सुधारले बालमृत्युदरमा कमी ल्याएको युनिसेफको ठहर छ । सन् २००६ मा पाँच वर्षभन्दा कम उमेरका १ करोडभन्दा कम बालबालिकाले ज्यान गुमाएका थिए । सन् १९९० मा यो संख्या १ करोड ३० लाखभन्दा बढी थियो । सन् २०१५ सम्ममा बालमृत्युदर दुई तिहाइले घटाउने सहस्राव्दी विकास लक्ष्य तोकिएको छ । सन् १९९० मा चीनमा प्रति १ हजारमा ४५ जनाको ज्यान जाने गरेकोमा गतवर्ष यो संख्या घटेर २४ मा आइपुगेको छ । भारतमा यस्तो संख्या १ सय १५ बाट घटेर ७६ मा झरेको छ । केही अफ्रिकी देशहरूमा शिशुमृत्युदर ७५ प्रतिशतसम्मले घटेको छ । खोपकै कारण उपसहारा अफ्रिकामा बालमृत्युदर ७५ प्रतिशतले घटेको छ ।

## संघर्ष र सफलता

### भोन हर्नान्डेज



भोन हर्नान्डेज फिलिपिन्सका प्रोफेसर हुन् । उनी अहिले औद्योगिक रासायनिक पदार्थको असरका बारेमा जनचेतना जगाउने र सरकारलाई समेत यसको अन्य विकल्प खोज्न घच्घच्याउने अभियानमा छन् । उनले यो कार्य आफ्नै देशबाट प्रारम्भ गरे । भोनको अथक परिश्रमको फलस्वरूप फिलिपिन्स सन् १९९९ मै यस प्रकारको प्रदूषणबाट मुक्त विश्वकै पहिलो राष्ट्र बन्यो । त्यसपछि उनी अझ अगाडि बढेर यो अभियानलाई पूरै दक्षिणपूर्वी एसियातिर बढाए । भोन अहिले ती राष्ट्रमा पनि प्रदूषणविरुद्ध जनचेतना जगाउने अभियानमा छन् ।

फिलिपिन्सको फोहोर व्यवस्थापनको समस्याका बारेमा हर्नान्डेज सन् १९९५ मै परिचित भएका थिए । राजधानी मनिलामा प्रत्येक दिन ६ हजार टन फोहोर जम्मा हुन्थ्यो । त्यो फोहोरको थुप्रोमा सडक बालबालिकाहरू विभिन्न वस्तु खोजिरहेका हुन्थे । सन् २००० मा सरकारले फोहोर व्यवस्थापन गर्ने स्थान बनाएर त्यसमा भएका वस्तुलाई जलाउने योजना बनायो । यसो हुँदा फोहोरलाई सजिलैसँग व्यवस्थापन गर्न सकिन्छ भन्ने सोच सरकारको थियो तर हर्नान्डेजले त्यसको विरोध गरे । यसरी फोहोर जलाउँदा निस्कने डाइअक्सिनका कारण बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पुग्न सक्छ । त्यसबाहेक अन्य हानिकारक पदार्थले गर्भवती महिलाको पेटमा भएको शिशुलाई समेत असर पुर्‍याउँछ । उनले त्यस्तो फोहोरलाई कुनै सुरक्षित स्थानमा पुरेर कम्पोष्ट मल बनाउने वा त्यस्तै कुनै राम्रो काममा लगाउनु उत्तम हुन्छ भन्ने सुझाव दिए । अहिले फिलिपिन्सको सरकारले पनि उनको सुझाव अनुसार काम गरिरहेको छ ।

## कुपन

## जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................


स्कुल :......................................

ठेगाना : ......................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## इन्टरनेटले बिगार्‍यो विद्यार्थी



दक्षिण कोरियाका कतिपय स्कुले विद्याथीले आफ्नो होमवर्क गर्न इन्टरनेट मार्फत सेवा लिने गरेका छन् । दक्षिण कोरियामा इन्टरनेटबाट रकम लिइ होमवर्क सेवा प्रदान गर्ने झन्डै ५ सय वेबसाइट सञ्चालनमा छन् । त्यस्ता वेबसाइटले ८ देखि ११ अमेरिकी डलर रकम असुल गरी विद्यार्थीको मागअनुसार होमवर्क उपलब्ध गराउँदै आएका छन् । कतिपय वेबसाइटले कक्षाको सम्पूर्ण होमवर्क तयार गर्ने प्याकेज प्रोग्राम अघि सारेका छन् ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - ५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | २ | | |
| | ३ | | | | | | ४ | ५ |
| | | ६ | | | | | ■ | |
| | | | ७ | | | | ■ | |
| | | | | ■ | ■ | | ■ | |
| | | | | ८ | | | ■ | |
| ९ | | | | | १० | | | |
| | ■ | ■ | | | | ■ | ■ | |
| ११ | | | | ■ | १२ | | | |

**प्रतियोगीको नाम :**

**ठेगाना :**

**ठाडो**


**१ स्टेसन अफ नेसन अर्थात् ....(३,३)**
**२ कान्तिपुर एफएमका स्टेसन म्यानेजर (३,३)**
**३ कागबेनीका एक कलाकार (३,३)**
**५ एक गायिका (३,४)**
**६ कलेज एम्बेस्डरमा कोरियोग्राफी (३,२)**
**७ एक कवि (३,३)**
**८ हात्तीदौडमा युरोपेली मुलुक (३)**
**९ यु-१९ विश्वकपमा समूह डीमा (३)**
**१० पोखराको एक क्लब (३)**

**तेर्सो**


**१ मध्यपृष्ठमा (३, ३)**
**२ कलेज एम्बेस्डर (३)**
**३ कागबेनीकी एक कलाकार (२,३)**
**४ चन्द्रमामा जान तयार (२)**
**६ यु-१९ मा नेपालकै समूहमा (४)**
**७ तेस्रो उत्कृष्ट अंग्रेजी गीत (३)**
**८ अन्तरिक्षमा पुग्ने मुसाको जात (३)**
**१० मिस नेवामा दोहोरो उपाधि (३)**
**११ विज्ञापनमा मह उत्पादक कम्पनी (३)**
**१२ मिस नेवाका एक कोरियोग्राफर (२,२)**

**नियमहरू :**
१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

**तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?**



**तल दिइएको चित्रमा एउटा कुखुरी आफ्ना चल्लाहरूसम्म पुग्ने बाटो खोज्दै छ । के हामी उसलाई सहयोग गर्न सक्छौ ?**





# स्वास्थ्यको हेरचाह



गर्मी तथा जाडो मौसममा केवल पहिरनमा मात्र परिवर्तन नभई खानपानमा पनि परिवर्तन हुन्छ। गर्मीमा शरीरलाई शीतल हुने पानी, सर्बत, कोल्ड ड्रिंक, आइसक्रिमजस्ता चिसा खानेकुराको माग बढ्छ भने जाडो महिनामा यी खानेकुराका विपरीत तातो चिया, कफी, सुप तथा हार्ड ड्रिंक्सहरूको माग बढ्छ। जाडोमा न्यानो घाममा बसेर सुन्तला, बदामजस्ता खानेकुराको आनन्द लिन सकिन्छ।

कतिपयको अनुभवमा स्वास्थ्यका लागि जाडो महिना अनुकूल हुन्छ। जाडो महिनामा अरू खानासँगै केही विशेष खानेकुरा सेवन गरेर शरीरलाई स्वस्थ एवं न्यानो बनाउन सकिन्छ।

मौसम परिवर्तन हुँदा केही शारीरिक परिवर्तन हुनु स्वाभाविक हो। यस्तो अवस्थामा महिलाहरूको चिन्ता बढ्न थाल्छ किनभने गर्मीबाट जाडोको आगमनसँगै केही विशेष रोगको पनि आगमन हुन्छ। मौसमी परिवर्तनलाई शरीरले सजिलै स्वीकार गर्न सक्दैन फलस्वरूप चिसो लाग्ने, खोकी, रुघा, टाउको दुख्ने, फ्लु, शरीरका विभिन्न भागको पीडाजस्ता अनेकौं रोगको सिकार हुनुपर्छ। यी रोगले त्यस्ता व्यक्तिलाई छिट्टै आक्रमण गर्छन् जसको रोग प्रतिरोधक क्षमता कम हुन्छ।

हिंजोआजको व्यस्त जीवन-शैलीमा मानिसहरू आफ्नो खानपानप्रति सजग भएको पाइँदैन जसका कारण उनीहरू सन्तुलित आहारलाई बेवास्ता गरेर फास्टफुड एवं जंक फुडहरूतिर बढी आकर्षित हुँदै गएका छन् जुन स्वास्थ्यको दृष्टिले नोक्सानदायक हुन्छन्।

जाडो मौसममा अरू समयभन्दा बढी सागपात, तरकारी एवं फलफूल उपलब्ध हुन्छ। त्यसैले ताजा तरकारी तथा फलफूलको सेवन सन्तुलित रूपमा गर्ने हो भने रोग प्रतिरक्षात्मक शक्ति प्राप्त गर्नुका साथै स्वास्थ्य तन्दुरुस्त पनि हुन्छ। त्यसका लागि सधैं सन्तुलिन भोजन सेवन गर्नुपर्छ।

- जाडोयाममा तातो तरल पदार्थको सेवन बढी पर्नुपर्छ। टोमाटो सुप, भेजिटेबल सुप, हर्बल टी जस्ता तरल पदार्थले शरीरमा शक्ति उत्पन्न गराउँछन्।

खानासँगै सलादको सेवनले शरीरलाई फाइदा पुऱ्याउँछ। सलादमा गोलभेंडा, मूला, गाजर, बन्दागोभी आदि आदि प्रयोग गर्न सकिन्छ।

भिटामिन र मिनरल्स भएका फलफूलले शरीरलाई रोगहरूबाट बचाउँछन्। अम्बा, सुन्तला, स्याउ, अनार, मेवा, अमला आदिले शरीरमा विभिन्न भिटामिन र मिनरल्स प्रदान गर्छन्।

जाडोयामको सुरुवातसँगै हरिया सागसब्जी पनि पर्याप्त रूपमा पाइन थाल्छ। यो मौसममा विभिन्नथरी सागपातहरू जस्तै- चम्सुर, पालुंगो, मेथी, काउली, रायो, मूला, तोरी आदि सेवन गर्नाले शरीर स्वस्थ रहन्छ।

जाडो मौसमको प्रभावबाट शरीरलाई बचाउन घरमै विभिन्न खाद्यपदार्थको प्रयोग गर्न सकिन्छ। आजका आधुनिक महिलाहरू आफू एवं आफ्नो परिवारका सदस्यको स्वास्थ्यप्रति सजग हुन्छन् जसका कारण कुन मौसममा कस्ता खानेकुरा उपयुक्त हुन्छन् भन्ने कुरामा विशेष ध्यान दिन्छन्।

जाडोयाममा चिनीभन्दा सख्खरको प्रयोग लाभदायक हुन्छ। रोटी पकाउँदा अरूभन्दा मकै र भटमासको पिठोको रोटीले शरीरलाई न्यानोपन प्रदान गर्छ। खाना खाइसकेपछि र राती सुत्नुअघि दूधसँग च्यावनप्रास सेवन गर्नाले चिसो, रुघाखोकी, थकान तथा तनावबाट मुक्ति पाइन्छ र नयाँ शक्ति सञ्चार हुन्छ।

जोर्नी तथा अरू भागको पीडामा जडीबुटीको तेल प्रयोगले शरीरलाई आराम प्राप्त हुन्छ। सख्खर, नरिवल तथा तिलका लड्डुजस्ता शरीरलाई तातो बनाउने पदार्थको सेवनले शरीरमा तागत एवं स्फूर्ति बढ्छ।

सफल तथा सुखी जीवनका लागि स्वस्थ हुनु आवश्यक हुन्छ। महिलाहरूले आफ्नो स्वास्थ्यसँगै परिवारका सबै सदस्यको पनि हेरचाह गर्नुपर्ने हुन्छ। महिला आफू स्वयम् शारीरिक तथा मानसिक रूपले स्वस्थ भए मात्र त्यो परिवार स्वस्थ एवं सुखी हुन सक्छ।

**– अरुणा भट्टराई**



# जाडोमा किनमेल

जाडोको मौसम अर्थात् छुट्टीको मौसम। यो मौसम सुरु हुनासाथ एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने क्रम पनि सुरु हुन्छ। यो समयमा बाल-बालिकाको विद्यालय छुट्टी हुने भएकाले पनि घुम्न जानु उपयुक्त हुन्छ। परिवारका प्रायः सबै सदस्य घुम्न जाने तयारीमा व्यस्त हुने यो मौसममा न्यानो लुगा भने अति आवश्यक हुन्छ। उच्च वर्गले त फेसनअनुरूपको लुगा पनि किन्न र लगाउन सक्छन् तर मध्यम वर्गका व्यक्तिले फेसनमा रहेका सबै पहिरन किन्न सक्दैनन्। त्यसैले पहिरन किन्दा केही कुरामा विचार पुऱ्याइयो भने बजेट पनि बिग्रिँदैन र फेसनेबल पनि बन्न सकिन्छ।

सर्वप्रथम आफ्नो पहिरन कुन-कुन अवसर तथा मौसममा लगाउने हो भन्ने कुरामा ध्यान दिनुपर्छ। जसले गर्दा आफूसँग कस्ता पहिरन छन् र कुन-कुन पहिरन अति आवश्यक छ भन्ने कुरा थाहा हुन्छ। जाडो मौसममा शरीरलाई तातो बनाउने पहिरनहरू जस्तै- ऊन, खद्दर, भेलाजस्ता कपडा प्रयोग हुन्छ।

जाडोको मौसम अर्थात् लगनको मौसम, यो समयमा विवाह व्रतबन्धहरू भैरहने र पार्टीहरूमा गैरहनुपर्ने हुन्छ त्यसैले पार्टीमा जाने परिधानको पनि राम्रो व्यवस्था हुनु आवश्यक छ तर जाडोमा राम्रो जिन्स एवं ज्याकेट, बाक्ला कुर्ता-सुरुवाल लगाएर पनि पार्टीहरूमा जान सकिन्छ। बजारमा लाग्ने सेलहरूप्रति बेवास्ता गर्नुहुँदैन। यस्ता सेलहरूमा पनि कहिलेकाहीँ धेरै राम्रा पहिरन पाइन्छन् जसले बजेटलाई पनि बिग्रन दिँदैन।

हिजोआज जाडोमा अति आवश्यक हुने हाइनेक, ट्राउजर, टोपी, पञ्जा, ज्याकेट, स्वेटरजस्ता पहिरनहरू घरघरमै अथवा फुटपाथमा पनि कम दाममा उपलब्ध हुन्छन्। यी सामानहरूले जाडोमा शरीर तातो बनाउन सहयोग गर्छन्। यस्ता पहिरन छनौट गरी दुई-तीनथरीका पहिरन किनेको खण्डमा फेरी-फेरी लगाउन सकिन्छ जसले आफू फेसनेबल देखिएको अनुभव हुन्छ। कहिलेकाहीँ गर्मी मौसममा जाडोका पहिरन सेलमा राखिएका हुन्छन्। त्यस्तो अवसरको फाइदा उठाई आफूलाई आवश्यक पर्ने पहिरन खरिद गर्न सकिन्छ।



# जाडोयाम र सौन्दर्य

हरेक मौसममा मेकअप गर्ने तरिका फरक-फरक हुन्छ। अनुहार उही भए पनि सौन्दर्य प्रसाधनहरू भने फरक-फरक हुन्छन्। मेकअप पनि एउटा कला हो। मेकअप गर्ने भन्दैमा जस्तो पायो त्यस्तै मेकअप गर्नाले आफूलाई अनाकर्षण बनाउनुका साथै हाँसोको पात्र बन्न सकिन्छ। आफ्नो छाला, मौसम तथा समयलाई ध्यान दिएर मेकअप गर्नाले सौन्दर्यलाई थप आकर्षक बनाउन सहयोग पुग्छ।

त्यसैले मेकअप गर्नुपूर्व छालालाई राम्रो फेसवासले सफा गर्नुपर्छ। डिप क्लिजिंगका लागि काँचो दूध अथवा मख्खन छालामा लगाउन सकिन्छ। मख्खन वा दूध छालामा लगाएर पाँच मिनेटसम्म मसाज गर्नुपर्छ। पाँच मिनेटपछि अनुहार चिसो पानीले धुने, यसले छालाको रंगमा निखार आउँछ। विशेषगरेर गर्मी मौसममा प्राकृतिक, वर्षायाममा हल्का एवं जाडो याममा गाढा मेकअप गर्नु उपयुक्त हुन्छ। पर्याप्त प्रकाशमा मात्र सौन्दर्य प्रसाधन लगाउनुपर्छ, जसले गर्दा राम्रोसँग मेकअप गर्न सकियोस्।

जाडोयाममा छाला छिट्टै सुख्खा हुन्छ, त्यसैले मेकअप गर्नुअघि हलुका स्क्रबिङ गर्नुपर्छ। स्क्रबिङले सुख्खा छाला र मृत कोसिकाहरू हट्छन्। स्क्रबिङ गरिसकेपछि मस्चराइजर लगाउने। गाढा एवं चम्किलो सेड्स भएको सौन्दर्य प्रसाधन प्रयोग गर्नुपर्छ।

मेकअप बेस-क्रिमी प्रयोग गर्नुपर्छ। जाडोयाममा ट्रान्लुसेन्ट पाउडर प्रयोग गर्नुपर्छ, कम्प्याक्टको प्रयोग गर्नुहुँदैन।

आँखाको मेकअप गाढा हुनुपर्छ। क्रिमी आइसेडो जस्तै खैरो, गाढा नीलो, सुनौलो, खरानी, बैजनी, हरियो आदि लगाउन सकिन्छ। आइलाइनर लिक्विड कालो अथवा खैरो लगाउने। मस्करा पनि गाढा लगाउन सकिन्छ।

ब्लसर पनि क्रिमी नै प्रयोग गर्नुपर्छ यसले प्राकृतिक देखिन सहयोग पुग्छ। फेयर स्किनमा पिंक टोन, डार्क वा टेन स्किनमा डिप ब्राउनिस रोज, प्लम, गोल्डन, ब्राउन, लाइट स्किनमा ब्रोन्ज र ब्रँउनभन्दा पेस्टल एप्रिकोट, पेल पिंक, मिडियम स्किनमा ब्राउनिस पिंक, बोल्ड कोरल, डिप स्किनमा डिप रेड, डार्क एन्ड डिप ब्रोन्ज कलरहरू लगाउनुपर्छ। ब्लसरलाई चिउँडोमा औंलाको सहयोगले कन्चटसम्म ब्लेन्ड गर्ने।

लिप कलर वार्म सेड्स प्रयोग गर्नुपर्छ। रेड, ब्राउन, प्लम, मरुन, रस्ट, कोरल, अरेन्ज, सिल्भर, गोल्ड, ब्रोन्जजस्ता मेटालिक आदि कलर प्रयोग गरेर ओठको आकर्षण बढाउन सकिन्छ। क्रिमी र ग्लसी लिपिस्टिकले ओठलाई बढी चम्किलो बनाउँछ।

स्पार्कल फेस पाउडर आँखा, गाला एवं घाँटीमा मिलाएर लगाउनुपर्छ। नेल पालिस पनि मेटालिक साइन भएको हुनुपर्छ। ब्रोन्ज, डायमन्ड, वाइन लाइलेक, प्लमबेरी आदि प्रयोग गर्न सकिन्छ।

हेयर कलरिङका लागि रेड, कोपर, बरगन्डी, चेस्टनेट रिच जस्ता बोल्ड कलर छनौट गर्न सकिन्छ। यसरी विभिन्न मौसममा आफूलाई विभिन्न प्रकारका सौन्दर्य प्रसाधनहरूको प्रयोग गरेर आफूलाई हरेक मौसम तथा समय सुन्दर एवं आकर्षक राख्न सकिन्छ।

## रंग भर प्रतियोगिता - १४ को नतिजा



**प्रतियोगीको नाम : विकास धमला**

**कक्षा : ९**

**विद्यालयको नाम : तरुण माध्यमिक विद्यालय, काठमाडौं**

# किन हुन सकेन यस वर्षको लिग ?




यसै महीना निर्धारित बी डिभिजन लिग फुटबल प्रतियोगिता सम्पन्न हुन सकेन । ए डिभिजन लिग पनि नहुने निश्चत भैसकेको छ । पाँचवटा ए डिभिजन क्लबसहित १५ क्लबले लिग बहिष्कार गर्ने निर्णय गरेपछि उत्पन्न यो समस्याको जिम्मेवार को ? भन्ने प्रश्न यतिखेर गम्भीर बनेको छ । फुटबलभित्रको विवाद जति लामो भए पनि क्लबहरूले लिग नखेल्ने निर्णय गर्नुमा आर्थिक संकट नै प्रमुख कारण भएको कुरालाई नकार्न सकिँदैन ।

गत वर्षको लिगमा संकटा स्पोर्ट्स क्लबले ३२ लाख खर्च गऱ्यो र उसको कमाइ थियो २४ लाख मात्र । काठमाडौंको मुटुमा स्थित र नेपालकै एक धनी क्लब मानिने संकटाले अन्य सामाजिक एवं रचनात्मक कार्यक्रमलाई बेवास्ता गर्दै फुटबलमा केन्द्रित हुँदा पनि यस खालको अवस्था सहनुले नेपाली फुटबलको आर्थिक असन्तुलनलाई प्रस्ट पारेको छ ।

त्यसो त मनाङ-मर्स्याङ्दी क्लबले पछिल्ला तीन वर्षमा १ करोड भन्दा बढी खर्च गऱ्यो । पहिलो वर्ष तेस्रो स्थानमा रहेको क्लबले दोस्रो वर्ष प्रथम स्थानसहित १० लाख पायो भने तेस्रो वर्ष तेस्रो स्थानमै चित्त बुझायो । मनाङ-मर्स्याङ्दीकै जस्तो अवस्था नविल थ्रीस्टार क्लबको छ भने संकटाको जस्तै अवस्था मध्यम दर्जाका अन्य क्लबहरू आरसिटी, एनआरटी, जावलाखेल र फ्रेन्ड्स क्लबको छ । एउटै खालको समस्यासँग यी क्लबहरू पछिल्ला केही वर्षदेखि संघर्ष गर्दै थिए । यही आर्थिक संघर्षमा असफलताको अन्तिम रूप हो, क्लबहरूको लिग बहिष्कार गर्ने निर्णय ।

त्यसो त, हचुवाको भरमा वार्षिक रूपमा शतप्रतिशत खेलाडीको तलबमा वृद्ध गर्ने र अन्य खर्चमा पनि त्यसैअनुरूप वृद्धि गर्ने काम क्लबहरू आफैंले नगरेका होइनन् । विगतमा यो समस्यालाई क्लबहरूले ध्यान नदिएको तथ्यलाई नकार्न पनि मिल्दैन । फुटबलका जानिफकारहरू २०६२ सालमा दोहोरो लिग प्रणली सुरु भएपछि क्लबहरूले आर्थिक समायोजन गर्न जुन सचेतता अपनाउनुपर्थ्यो अपनाउन नसकेका कारण यो समस्या अझ बढेको बताउँछन् ।

लिग वहिष्कार गर्ने निर्णय गर्ने संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधर भने एन्फामा क्लबहरूको वैधानिक हैसियत नभएका कारण यो संकट आएको बताउँछन् । हामीले अनुकूल नीति बनाउने वैधानिक हैसियत नै थिएन । खेलाडीहरूको ग्रेडिङ र त्यसैअनुरूप तलब निर्धारण गर्ने काम धेरै अघि सुरु गर्नुपर्ने तथ्यलाई स्वीकार गरे पनि तुलाधर एन्फाको विधान नै बाधक भएको बताउँछन् । उनले भनेझैं फुटबल संघको साधारण सभामा सात जनाको उपस्थितिले क्लबहरूको अनुकूल निर्णय हुन पनि सक्दैनथ्यो ।

फुटबल संघले विधानमा परिवर्तन गर्न मस्यौदा तयार गरिसकेको छ र क्लबहरूलाई सल्लाहका लागि अनुरोध पनि गरिसकेको छ । तुलाधर भन्छन्- 'हाम्रो आन्दोलनका कारण एन्फाले विधान संशोधन गर्न लागेको हो । यस कारण मस्यौदा कमिटीमा हाम्रो उपस्थिति आवश्यक थियो ।'

एन्फा विवाद र लिग स्थगन हुनुमा राष्ट्रिय खेलकुद परिषद्को निर्णयहीनता त प्रमुख कारण त छँदैछ । परिषद्को निर्णयहीनताले क्लबहरूले लगानीको हिम्मत नै गर्न नसकेको पनि तुलाधर बताउँछन् । 'पुसमा समस्या समाधान भए यो वर्ष लिग हुन सक्थ्यो ।' तुलाधर बताउँछन् । तथापि आफ्नो क्लब लिग खेल्न तयार भएको उनले बताए । 'हामी तयार छौं तर हामीले तयारी गरेपछि अन्य कुनै वातावरणले प्रतियोगिता सञ्चालन भएन भने हामी अझ अप्ठेरोमा पर्छौं ।'

अर्कातर्फ लिगका लागि तयारी गरिरहेका थ्रीस्टार क्लब, फ्रेन्ड्स क्लब, एनआरटी र जावलाखेल पनि समस्यामा नपरेका होइनन् । यी हरेक क्लबले ५० लाखको बजेट बनाएका छन् । यिनीहरूले न्यूनतम १० लाख रुपैयाँ प्रतियोगिता सञ्चालन नहुँदा पनि खर्च गरिसकेका छन् । खेलाडीको पूरा तलब दिनुपर्ने बाध्यतामा उनीहरू छन् र प्रयोजकको भूमिका के हुने भन्ने विषयमा उनीहरू आफैं पनि अन्यौलमा छन् । ५ लाख ५० हजार खर्च गरिसकेको र पूरा तलब दिनुपर्दा १० लाख खर्च हुने जावलाखेल युथ क्लबका सचिव मनमोहन केसी बताउँछन् । प्रयोजक सामसुङ कम्पनीको भूमिका के रहने भन्ने विषयमा त क्लब नै अन्यौलमा छ । थुप्रै व्यावसायिक कम्पनीले लगानी अघि बढाइसकेको अवस्थामा केही प्रतिष्ठित व्यापारिक घरानाहरू अहिले पनि ठोस निर्णयको प्रतीक्षा गरेर बसेका छन् ।

## पोखरामा सडक दौड

पोखरा- मेची-महाकाली गणतान्त्रिक युवा मार्च अभियान तथा तमुवान राज्य समितिले यहाँ आयोजना गरेको खुला सडक दौड प्रतियोगितामा १५ किलोमिटर पुरुषतर्फ दीपक देशार प्रथम भए । उनले निर्धारित दूरी ५० मिनेट ०९ सेकेन्डमा पार गरेका थिए । यस्तै ५० मिनेट २६ सेकेन्डमा दूरी पार गरी अनिश थापा मगर द्वितीय भए भने ५० मिनेट २९ सेकेन्डमा दूरी पार गरी दिनेश अर्याल तृतीय भए । प्रतियोगितामा शक्ति जप्रेल, प्रविन देशार र चोकबहादुर गुरुङले सान्त्वना स्थान प्राप्त गरे ।

महिलातर्फको ५ किलोमिटर दौडमा मनीषा अधिकारी पहिलो भइन् । उनले निर्धारित दूरी २४ मिनेट ५ सेकेन्डमा पार गरेकी थिइन् । २४ मिनेट २८ सेकन्डमा दूरी पूरा गरी दुर्गा चपाईं द्वितीय तथा २४ मिनेट ५९ सेकन्डमा दूरी पार गरी पुष्पा परियार तृतीय भइन् । खेलमा सुनीता श्रेष्ठ, सपिया गुरुङ र इसारा योगीले सान्त्वना स्थान हासिल गरे । राष्ट्रिय गणतन्त्र र शान्तिका पक्षमा युवा जोड, सामाजिक विकृति विसंगति र दुर्व्यसनविरुद्ध सडक दौड भन्ने मूल नाराका साथ आयोजित सडकदौडमा महिला तथा पुरुष गरी २ सय ४० जना धावकको सहभागिता थियो । प्रतियोगितामा प्रथम हुनेलाई ७ हजार, द्वितीयलाई ५ हजार, तृतीयलाई ३ हजार तथा सान्त्वना हुनेलाई १-१ हजार दरले नगद पुरस्कारका साथमा ट्रफी एवं प्रमाणपत्र वितरण गरिएको थियो ।

**-शिव शर्मा**

## राम-लक्ष्मण स्मृति खुला भलिबल प्रतियोगिता

काठमाडा- सोलुखुम्बुको सोताङमा राम-लक्ष्मण स्मृति खुला भलिबल प्रतियोगिता आज सम्पन्न हुँदैछ । प्रतियोगिता सोताङको वीरेन्द्रज्योति उच्च मा.वि., नेपाल विद्यार्थी संघ इकाइको आयोजनामा भएको हो । जिल्लाका विभिन्न क्लब, क्याम्पस, मा.वि. आदिले राम-लक्ष्मण स्मृति खुला भलिबल प्रतियोगितामा भाग लिइरहेको नेविसंघका उपाध्यक्ष नवीन थापाले जानकारी दिए । ३१ सालको टिम्बुरबोट काण्डमा मारिएका राम-लक्ष्मणको सम्झनामा यो प्रतियोगिता आयोजित गरिएको हो । कांग्रेसले नेतृत्व गरेको आन्दोलनमा सिराहाका जुम्ल्याहा दाजुभाइ राम-लक्ष्मणलाई सोलुखुम्बुको टिम्बुरबोटेमा तत्कालीन पञ्चायती शासनले मारेको थियो ।

## भलिबल उपाधि हिमाविलाई

संखुवासभा- संखुवासभाको सदरमुकाम खाँदबारीमा आयोजित अन्तर उच्च मावि भलिबलको उपाधि हिमालय उमाविले हात पारेको छ । वरुण बहुमुखी क्याम्पसले २२ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरेको पहिलो अन्तर क्याम्पस र उमावि भलिवल प्रतियोगितामा हिमालय उच्च माविले ४-१ को सेटले वाना उमाविलाई पराजित गरेको हो । प्रतियोगिताको सर्वोत्कृष्ठ खेलाडी भेषराज घिमिरे, नवप्रतिभामा शंकर घिमिरे, बेष्ट लिफ्टरमा प्रविन श्रेष्ठ र अनुशासित खेलाडीमा भीम श्रेष्ठ छनौट गरिए । यसै अवसरमा आयोजित अन्य खेलकुदतर्फ ब्याडमिन्टन छात्रामा श्रीकला, कला र सन्ध्या निरौला, सटफुटमा श्रीकला, रमिता भण्डारी र दुर्गा घिमिरे क्रमशः प्रथम, द्वितीय र तृतीय भए । छात्र ब्याडमिन्टनमा उमेश काफ्ले, जीवन श्रेष्ठ र मुनुहाङ राई, सटफुटमा नवीन श्रेष्ठ, रोशन मगर र डिचन्द्र राई, बुद्धिचालमा मुरारी सुवेदी, केशव पोखेल र कुसुम मगर क्रमशः प्रथम, द्वितीय एवं तृतीय भएका थिए ।

**-सुरेन्द्र सुवेदी**

# लिगलिगे दौडका नयाँ राजा




गोरखा- दौड जितेर राजा हुने परम्परालाई सम्झँदै यहाँ सम्पन्न दौड जितेर उत्तम खत्री म्यान अफ दि गोरखा घोषित भएका छन्। गोरखा महोत्सवको अवसर पारेर नियमित हुँदै आएको म्यान अफ दि गोरखा दौड प्रतियोगिता जितेर खत्रीले उक्त उपाधि पाएका हुन्। खत्रीले स्थानीय पस्लाङ चौतारोबाट सुरु गरेर गोरखकाली मन्दिरसम्मको ८ किलोमिटर दौड २७ मिनेट ४० सेकेन्डमा पूरा गरेका थिए। उनले सहभागी ४७ जनालाई उछिनेका थिए।

म्यान अफ दि गोरखाको उपाधि पाएपछि खत्रीलाई परम्परागत पोसाक पहिराएर बाजागाजासहित नगर घुमाइएको थियो। पृथ्वीनारायणनगरपालिका-६, आहालेका खत्री त्रिभुवन आर्मी क्लबबाट सहभागी भएका थिए। गत वर्ष सम्पन्न पाँचौं महोत्सवको अवसरमा पनि उनले नै यो उपाधि जितेका थिए। 'निकै खुसी लागेको छ,' खत्रीले भने- 'परम्पराको झझल्को दिने यो दौड जितेकामा।' महोत्सव अवधिभर उनी राष्ट्रिय झन्डा बोकेर कार्यक्रम स्थलमा बसिरहनेछन्। खत्री महोत्सवमा सहभागी हुने आउनेहरूबीच आकर्षणको केन्द्र बनेका थिए। दौडमा डँडेलधुराका गगनसिंह बूढाऐर दोस्रा तथा होमलाल श्रेष्ठ तेस्रा भए।

आयोजकहरूले ऐतिहासिक परम्परालाई निरन्तरता दिन यस्तो कार्यक्रम गरिएको बताए। 'परम्परा राम्रो वा नराम्रो जे भए पनि जोगाउनुपर्छ भन्ने मान्यताले यसलाई निरन्तरता दिइएको हो,' गोरखा उद्योग वाणिज्य संघका अध्यक्ष अच्युतलाल श्रेष्ठले भने। यो परम्परा २०५८ को पहिलो गोरखा महोत्सवदेखि नै प्रारम्भ भएको हो। दौड जित्नेलाई १५ हजार रुपैयाँ प्रदान गरिएको थियो। वि.सं. १६१६ मा द्रव्य शाहले लिगलिग कोट कब्जा गर्नुअघि दौड जितेर राजा हुने चलन थियो। यही चलनलाई पछ्याउदै द्रव्य शाह यहाँका राजा भएका थिए। त्यतिबेला चेपेखोलादेखि लिगलिगको डाँडोसम्म दौडेर जो पहिलो हुन्छ, त्यही राजा हुने चलन थियो।

**–दामोदर न्यौपाने**

# पोखरा झुम्यो रमाइलो साँझमा



पोखरा- टेलिभिजनको पर्दामा मात्र देखिने कलाकारहरूलाई प्रत्यक्ष रूपमा देख्न पाउँदा स्थानीय दर्शकहरू दंग नपर्ने कुरै भएन। कार्यक्रमको मज्जा लिन बालकदेखि वृद्धसम्मको जमघट प्रेक्षालयमा देखिन्थ्यो। मौसमले दर्शकलाई कमाइरहेको बेला रमाइलो साँझको ढोका उघार्न हास्यव्यंग्यकार मनोज गजुरेल ठट्यौली पारामा स्टेजमा प्रस्तुत भए। उनी प्रहसन देखाउनका लागि नभएर उद्घोषणका लागि आएका थिए, तर उनको उद्घोषणमै प्रहसन मिसिएको थियो।

फुर्तिलो पारामा स्टेजमा आएका हेन्डसम गायक रामचन्द्र काफ्लेले केही क्षण भए पनि आफ्ना चर्चित रिमिक्स गीतहरू गाएर दर्शकलाई आनन्दित तुल्याए। उनको प्रस्तुतिबाट मोहित भएर पाका दर्शकहरूले ताली बजाउँदै उनलाई हौसाए। कार्यक्रममा शिवहरि पौडेल र किरण केसीको प्रहसन दर्शकको रोजाइमा पऱ्यो। राजनैतिक विसंगतिविरुद्धको उक्त प्रहसनमा नेताहरूको हर्कतले देश डामाडोल बनेको र संविधानसभाको निर्वाचन सर्दै गएको तर्फ कलाकारहरूले खबरदारी गरेका थिए।

जितु नेपाल मुन्द्रेको प्रस्तुतिले पनि दर्शकहरूलाई प्रशस्तै हँसायो। उनले अहिलेका गीतहरूको व्यंग्य र युवायुवतीको व्यवहारलाई जस्ताको तस्तै प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन दिए। एक वर्षअघि सभागृहकै मञ्चमा प्रस्तुत गरेको प्रहसनमा प्रधानमन्त्रीको रूप धारण गरेका दीपकराज गिरी, डाक्टर बनेकी दीपाश्री निरौला तथा रवि डंगोलको प्रहसनले दर्शकहरूलाई पेट मिच्ने गरी हँसायो। कार्यक्रमको उद्घोषणसँगै प्रहसन प्रस्तुत गर्न भ्याएका मनोज गजुरेलले एमाले महासचिव माधव नेपालको क्यारिकेचर उनकै भेषमा गरेका थिए। उनको यो प्रहसनमा दर्शकहरूले जोडदार हुटिङ गरे। कार्यक्रममा सेविना अर्यालको 'म प्यार बेचिदिन्छु' गीतको आकर्षक नृत्यमा युवा दर्शकहरू मच्चिएर नाचेका थिए। किरण केसीको प्यारोडी गीत र विभिन्न कलाकारको नृत्यले कार्यक्रममा रंग थपेको थियो।

**–शिव शर्मा**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।